# विजय मल्लका दोस्रो चरणका नाटकमा समाज मनोविज्ञान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र

सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको

स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ

पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

विनोद अधिकारी

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०७१

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका स्नातकोत्तर तह दोस्रो वर्षका छात्र विनोद अधिकारीले **विजय मल्लका दोस्रो चरणका नाटकमा समाज मनोविज्ञान** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । मिहिनेतपूर्वक तयार पारिएको यस शोधपत्रप्रति म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

बालाकृष्ण अधिकारी<br>
शोध निर्देशक<br>
नेपाली केन्द्रीय विभाग<br>
त्रिभुवन विश्वविद्यालय<br>
कीर्तिपुर, काठमाडौँ

मिति : २०७१/११/२८

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षका विद्यार्थी विनोद अधिकारीद्वारा तयार पारिएको प्रस्तुत **विजय मल्लका दोस्रो चरणका नाटकमा समाज मनोविज्ञान** शीर्षकको शोधपत्र उक्त तहका निम्ति उपयुक्त देखिन आएकाले स्वीकृति गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

१. प्रा.डा. देवीप्रसाद गौतम ........................

(विभागीय प्रमुख)

२. बालाकृष्ण अधिकारी .........................

(शोध निर्देशक)

३. प्रा.डा. दयाराम श्रेष्ठ .........................

(बाह्य परीक्षक)

मितिः २०७१/१२/०५

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरू श्री बालाकृष्ण अधिकारीज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । शोधपत्र लेखनका सिलसिलामा आफ्नो महत्त्वपूर्ण समय प्रदान गरी शोधपत्र तयार पार्दासम्म आवश्यक सहयोग साथै प्रेरणा तथा प्रोत्साहन प्रदान गर्नु भएकामा मेरा शोध निर्देशकप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध कार्यका लागि आवश्यक सहयोग गर्नु हुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम लगायत विभागका सम्पूर्ण गुरूहरूप्रति आभार प्रकट गर्दछु ।

मेरा जीवनका हेरक क्षेत्रमा सफलताको कामना गर्दै सधैँ उच्च शिक्षा अध्ययनमा लाग्न प्रेरित गरिरहने मेरा आमाबुबाप्रति म सदा आभारी छु । साथै मलाई स्नातकोत्तर तहमा पढ्नका लागि आवश्यक पर्ने आफ्ना पाठ्यपुस्तकहरू दिएर सहयोग गर्नु हुने भान्जीदिदी कमला शर्माप्रति म आभारी छु । साथै प्रस्तुत शोधकार्य तयार गर्ने क्रममा सन्दर्भ पुस्तक, पत्रपत्रिका, लेख रचना उपलब्ध गराइदिने त्रि.वि., केन्द्रीय पुस्तकालय र नेपाली विभागको पुस्तकालयप्रति पनि धन्यवाद प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा उचित सहयोग र हौसला प्रदान गर्नु हुने मेरा सम्पूर्ण साथीहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मलाई कम्प्युटरमा नेपाली टङ्कन सिकाउनुका साथै आफ्नो कम्प्युटर दिई टङ्कन गर्नका लागि सहयोग गर्नु हुने मित्र अम्बादत्त जोशीलाई पनि म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अत्यन्त व्यस्त समयमा पनि शोधपत्रको प्राविधिक पक्षहरू मिलाउनमा सहयोग गर्नु हुने भिनाजु शरद घिमिरेप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

.................

विनोद अधिकारी
शैक्षिक सत्र : २०६७-२०६८
क्रमाङ्क- १२
नेपाली केन्द्रीय विभाग
त्रि. वि. कीर्तिपुर, काठमाडौं ।

मिति : २०७१/११/२८

# विषय सूची

**परिच्छेद एक : शोध परिचय** १-८

१.१ विषय परिचय 1

१.२ समस्या कथन 2

१.३ शोध उद्देश्य 2

१.४ पूर्वकार्यको समीक्षा 2

१.५ शोधविधि 6

१.५.१ सामाग्री सङ्कलन विधि 6

१.५.१ विश्लेषणको सैद्धान्तिक आधार 6

१.६ शोधको औचित्य र महत्त्व 7

१.७ शोधकार्यको सीमा 7

१.८ शोधपत्रको रूपरेखा 8

**परिच्छेद दुई : समाज मनोविज्ञानको सैद्धान्तिक आधार** ९-४२

२.१ विषय परिचय 9

२.२ साहित्य, समाज र मनोविज्ञानको चिनारी तथा अन्तर्सम्बन्ध 9

२.२.१ समाज र साहित्य 10

२.२.२ साहित्य र मनोविज्ञान 11

२.२.३ समाज र मनोविज्ञान 12

२.२.४ साहित्य, समाज र मनोविज्ञान 13

२.३ समाज मनोविज्ञानको ऐतिहासिक विकासक्रम 14

२.३.१ प्रारम्भिक अवस्था 14

२.३.२ विकास अवस्था 15

२.३.३ वर्तमान अवस्था 17

२.४ समाज मनोविज्ञान विश्लेषणका मूलभूत पक्षहरू 18

२.४.१ सामाजिक व्यवहार 18

२.४.२ सामाजीकरण 20
२.४.३ सामाजिक मनोवृत्ति 21
२.४.४ भिड 22
२.४.५ फेसेन 22
२.४.६ जनमत 23
२.४.७ नेतृत्व 24
२.४.८ सामाजिक समूह 25
२.४.९ प्रचार 26
२.५ नाटकमा समाज मनोविज्ञान विश्लेषणका आधार 27
२.५.१ सामाजिक व्यवहार 27
२.५.२ सामाजीकरण 32
२.५.३ सामाजिक मनोवृत्ति 36
२.६ निष्कर्ष 41

**परिच्छेद तिन : सामाजिक व्यवहारका आधारमा विजय मल्लका दोस्रो चरणका नाटक४३-५८**

३.१ विषय परिचय 43
३.२ विजय मल्लको नाट्य यात्राको दोस्रो चरण 43
३.३ दोस्रो चरणका पूर्णाङ्की नाटकहरू 44
३.४ भोलि के हुन्छ ? नाटकमा सामाजिक व्यवहार 46
३.४.१ सुझाव 46
३.४.२ सहानुभूति 48
३.४.३ प्रेरणा 49
३.५ स्मृतिको पर्खालभित्र नाटकमा सामाजिक व्यवहार 50
३.५.१ सुझाव 51
३.५.२ सहानुभूति 52
३.५.३ प्रेरणा 53
३.६ मानिस र मुकुण्डो नाटकमा सामाजिक व्यवहार 54

३.६.१ सुझाव 55

३.६.२ सहानुभूति 56

३.६.३ प्रेरणा 57

३.७ निष्कर्ष 58

**परिच्छेद चार : सामाजीकरणका आधारमा विजय मल्लका दोस्रो चरणका नाटक ६०-७२**

४.१ विषय परिचय 60

४.२ भोलि के हुन्छ ? नाटकमा सामाजीकरण 60

४.२.१ सामाजिक नियम 60

४.२.२ अहम्‌को विकास 61

४.२.३ पूर्वाग्रहको विकास 62

४.३ स्मृतिको पर्खालभित्र नाटकमा सामाजीकरण 64

४.३.१ समाजिक नियम 64

४.३.२ अहम्‌को विकास 65

४.३.३ पूर्वाग्रहको विकास 66

४.४ मानिस र मुकुण्डो नाटकमा सामाजीकरण 68

४.४.१ समाजिक नियम 68

४.४.२ अहम्‌को विकास 69

४.४.३ पूर्वाग्रहको विकास 71

४.५ निष्कर्ष 72

**पच्छेिद पाँच : सामाजिक मनोवृत्तिको आधारमा विजय मल्लका दोस्रो चरणका नाटक७३-८७**

५.१ विषय परिचय 73

५.२ भोलि के हुन्छ ? नाटकमा सामाजिक मनोवृत्ति 73

५.२.१ मनोवृत्तिको निर्माण एवम् विकास 73

५.२.२ मनोवृत्ति परिवर्तन 75

५.२.३ मनोवृत्ति मूल्याङ्कन 76

५.३ स्मृतिको पर्खालभित्र नाटकमा समाजिक मनोवृत्ति 78
५.३.१ मनोवृत्तिको निर्माण एवम् विकास 78
५.३.२ मनोवृत्ति परिवर्तन 80
५.३.३ मनोवृत्ति मूल्याङ्कन 81
५.४ मानिस र मुकुण्डो नाटकमा सामजिक मनोवृत्ति 82
५.४.१ मनोवृत्तिको निर्माण एवम् विकासछ 83
५.४.२ मनोवृत्ति परिवर्तन 84
५.४.३ मनोवृत्ति मूल्याङ्कन 86
५.५ निष्कर्ष 87

**परिच्छेद छ : उपसंहार र समष्टि निष्कर्ष** **८९-९४**
६.१ विषय परिचय 89
६.२ परिच्छेदगत सारांश 89
६.३ समष्टि निष्कर्ष 92
६.४ भावि शोधकार्यका लागि सम्भाव्य शीर्षकहरू 94

**सन्दर्भ सामग्री सूची** **95**

# सङ्क्षेपीकृत शब्दसूची

| **सङ्क्षिप्त रूप** | **पूर्णरूप** |
| --- | --- |
| अनु. | अनुवादक |
| छै.सं. | छैटौँ संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| पाँ.सं. | पाँचौँ संस्करण |
| प्रा.डा | प्राध्यापक डाक्टर |
| प्रा.ली. | प्रइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| वि.सं. | विक्रम सम्वत् |

परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

प्रस्तुत शोध कार्यको विषय विजय मल्लका दोस्रो चरणका नाटकमा समाज मनोविज्ञान हो । विजय मल्ल (१९८२-२०५६) नेपाली साहित्यको कथा, कविता, उपन्यास, र नाटक आदि विधाको रचना गर्ने विशिष्ट प्रतिभा हुन् । विभिन्न विधामा रचना गरेता पनि उनको प्रसिद्धि भने आख्यान र नाटकका क्षेत्रमा रहेको छ । वि.सं. २००१ मा राधा मान्दिन एकाङ्कीबाट आफ्नो नाट्य लेखन कार्य सुरु गरेका मल्लले पूर्णाङ्की र एकाङ्की दुवै नाटकको रचना गर्दछन् । २००१ देखि २०५६ सम्मको नाट्य यात्रामा प्रकाशित नाट्य कृतिहरूका आधारमा २०१८ देखि २०४० सम्मको समयावधीमा मल्लले प्रयोगशील नाट्य कृतिको रचना गर्दछन् । यस समय नै मल्लको नाट्य लेखन यात्राको दोस्रो चरण हो । यस चरणमा उनले 'भोलि के हुन्छ ?' (२०२८), 'स्मृतिको पर्खालभित्र' (२०४०) तथा 'मानिस र मुकुण्डो' (२०४०) पूर्णाङ्की नाटकको रचना गर्दछन् । प्रस्तुत शोध कार्यमा विजय मल्लका दोस्रो चरणका नाटकमा समाज मनोविज्ञानको अध्ययन विश्लेषण गर्ने उद्देश्य राखिएको छ । तसर्थ यस शोध कार्यको छनोटमा दोस्रो चरणका पूर्णाङ्की नाटकहरू परेका छन् ।

विजय मल्लले आधुनिक नेपाली नाटकका परम्परामा क्रमश देखा परेका सामाजिक यर्थाथवादी धारा, मनोविश्लेषणात्मक धारा र प्रयोगवादी धारा जस्ता सबै धारामा उत्कृष्ट नाटकको रचना गरेका छन् । त्यसका अतिरिक्त उनका नाटकमा समाज मनोविज्ञानको चित्रण पनि पाइन्छ । समाज मनोविज्ञान मनोविज्ञानको एउटा शाखा हो । यसमा व्यक्तिको व्यवहारको अध्ययन समाजिक परिप्रेक्ष्यमा गर्ने गरिन्छ । यसले व्यक्तिले समाजमा बसेर गर्ने विभिन्न सामजिक क्रियाकलाप तथा वैयक्तिक क्रियाकलापलाई सामाजिक कोणबाट हेरी व्यक्तिको मनोवैज्ञानिक अध्ययन गर्दछ । समाज मनोविज्ञान भित्र व्यक्तिको सामाजिक व्यवहार र सामाजीकरणको अध्ययन गरी समाजिक मनोवृत्तिको अध्ययन गरिन्छ । व्यक्तिले समाजमा सामाजिक व्यवहार कसरी सिक्दछ, यसको मूख्य आधार के हो भन्ने कुराको अध्ययन सामाजिक व्यवहारमा गरिन्छ भने व्यक्ति समाजको सदस्य कसरी बन्छ, ऊ समाजको सदस्य बन्दा उसलाई समाजको सामाजिक नियमले पारेको प्रभाव र उसमा विकास भएको अहम् तथा पूर्वाग्रहको अध्ययन सामाजीकरणमा गरिन्छ । यसरी व्यक्तिले गरेको सामाजिक व्यवहार र सामाजीकरणबाट विकास भएका विभिन्न पक्षको अध्ययनबाट सामाजिक मनोवृत्तिको अध्ययन विश्लेषण गर्नु समाज मनोविज्ञानको मुख्य उद्देश्य हो । त्यसैले यस शोधमा विजय मल्लका दोस्रो चरणका नाटकमा समाज मनोविज्ञानको अध्ययनका लागि सामाजिक व्यवहार, सामाजीकरण र सामाजिक मनोवृत्ति जस्ता तिनओटा मुख्य पक्ष निर्धारण गरिएको छ । सामाजिक व्यवहार अन्तर्गत सुझाव, सहानुभूति र प्रेरणा, सामाजीकरणभित्र सामाजिक नियम,

अहम्को विकास र पूर्वाग्रहको विकास गरी तिनओटा पक्षको अध्ययन गरिएको छ । त्यस्तै सामाजिक मनोवृत्ति अन्तर्गत मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्तिको परिवर्तन र मूल्याङ्कन जस्ता तिनओटा पक्षको अध्ययन विश्लेषण गरिएको छ । यी सबै आधारमा विजय मल्लका दोस्रो चरणका नाटकको विश्लेषण गर्नु नै प्रस्तुत शोधको मुख्य अध्ययन क्षेत्र हो ।

## १.२ समस्या कथन

विजय मल्लका नाटकमा समाज मनोविज्ञान पाउन सकिन्छ । समाज मनोविज्ञान पात्रहरूको सामाजिक व्यवहार, सामाजीकरण र सामाजिक मनोवृत्तिले देखाउँछ । समाज मनोविज्ञानसँग सम्बन्धित उपयुर्क्त सन्दर्भको अभिव्यक्ति मल्लका नाटकमा के कसरी भएको छ भन्ने प्रमुख समस्या अन्तर्गत निम्नलिखित प्राज्ञिक समस्याहरू रहेका छन् :

(क) विजय मल्लका दोस्रो चरणका नाटकमा के कस्तो सामाजिक व्यवहारको चित्रण गरिएको छ ?

(ख) सामाजीकरणले विजय मल्लका दोस्रो चरणका नाटकमा पात्रमा के कस्तो प्रभाव पारेको छ ?

(ग) विजय मल्लका दोस्रो चरणका नाटकका पात्रहरूमा के कस्तो सामाजिक मनोवृत्ति पाइन्छ ?

## १.३ शोधको उद्देश्य

विजय मल्लका नाटकमा समाज मनोविज्ञानको व्याख्या विश्लेषण गर्नु नै प्रस्तावित शोध कार्यको मूल उद्देश्य हो । यस उद्देश्यलाई निम्न लिखित बुँदामा बुँदाबद्ध गरिएको छ ।

(क) विजय मल्लका दोस्रो चरणका नाटकमा पात्रहरूले गरेको सामाजिक व्यवहारलाई पहिल्याउनु ।

(ख) विजय मल्लका दोस्रो चरणका नाटकका पात्रहरूमा सामाजीकरणको प्रभावलाई पहिल्याउनु ।

(ग) विजय मल्लका दोस्रो चरणका नाटकमा पात्रहरूको सामाजिक मनोवृत्ति पहिल्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

विजय मल्लका पूर्णाङ्की र एकाङ्की नाट्यकृतिहरू प्रकाशित छन् । हालसम्म उनका बारेमा प्रशस्त मात्रामा अध्ययन भएको पाइन्छ । नेपाली साहित्यका अध्येताहरूले मल्लको नाट्यकारिताका बारेमा प्रशस्त चर्चाहरू गरेका छन् । मल्लको नाट्यकारिताका कुनै एक पक्षलाई लिएर मात्र पनि समालोचकहरूले चर्चा गरेको भेटिन्छ । प्रस्तावित शोध कार्य विजय मल्लका दोस्रो चरणका नाटकमा समाज मनोविज्ञानसँग सम्बन्धित रहेकाले उनका नाटकका विषयमा हालसम्म

भएका सबै अध्ययन अनुसन्धान सम्बन्धी कार्यहरूलाई यस शोध कार्यको पूर्वकार्यको रूपमा लिन सकिन्छ । तसर्थ विजय मल्लका दोस्रो चरणका नाटकहरू भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र तथा मानिस र मुकुण्डोमा सम्बन्धित रहेका पूर्वाध्ययनलाई यहाँ कालक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

गोविन्द नेपाल (२०३७) ले **विजय मल्लको नाट्यकारिताको विश्लेषण र मूल्याङ्कन** शीर्षकको अप्रकाशित स्नातकोत्तर नेपाली केन्द्रीय विभाग शोधपत्रमा मल्लका समूच्य नाट्यकारिताको विश्लेषण गर्नुका साथै चार ओटा पूर्णाङ्की नाटकहरू बहुला काजीको सपना, कोहि किन बर्बाद होस, जिउँदो लास र भोलि के हुन्छ ? को समान्य चर्चा गरिएको छ । नेपालले मल्लका नाटकको विशेषता भनेको प्रयोगशीलता हो जुन बहुला काजीको सपना देखि नै सुरु भएर बाल मनोविश्लेषणात्मक, असामान्य मनोविश्लेषणात्मक र स्वप्न मनोविश्लेषणात्मक आदि हुँदै भोलि के हुन्छ ? सम्म पुग्दा परामनोविज्ञान सम्म उक्लिएको पाइन्छ भन्दै भोलि के हुन्छ ? नाटक प्रयोगशील हुनुका साथै यसको भावभूमि अस्तित्वसँग सम्बन्धित छ भनेका छन् । भोलि के हुन्छ ? नाटकमा समाज मनोविज्ञानको अध्ययनको लागि यो कार्यको अध्ययन उपयोगी हुन आउँछ ।

गोविन्द नेपाल (२०४०) ले **प्रज्ञा** पत्रिकामा प्रकाशित “भोलि के हुन्छ ? नाटक : नेपालीमा नौलो प्रयोग” शीर्षकको लेखमा उक्त नाटकमा देखिएका प्रतीकात्मकता, अस्तित्ववादि चिन्तन, स्वप्नमनोविज्ञानको प्रयोगलाई राम्ररी केलाएका छन् । यसै क्रममा शीर्षक, कथावस्तु, परिवेशमा गरेका नयाँ प्रयोगको पनि चर्चा गरेका छन् तर नाटकमा समाज मनोविज्ञान सम्बन्धी अध्ययन विश्लेषण भने गरेको पाइदैन ।

मुरारिप्रसाद रेग्मी (२०४१) ले **प्रज्ञा** पत्रिकामा प्रकाशित “स्मृतिको पर्खालभित्र : एक मनोविश्लेषण” शीर्षकको लेखमा नाटकका पात्रहरूको मनोवैज्ञानिक अध्ययन गरिएको छ । सात सालको सामाजिक क्रान्तिको पर्यावरणभित्र संरचना भएको नाटकमा रहेका पात्रहरू विषाद, अपराध भावना, स्मृति प्रताडन, परिस्थितिको असह्य चाप, अनिद्रा, पीडा, सवेगात्मक शुन्यता र आत्महत्याको चाहनाबाट ग्रस्त भएको भनी मनोवैज्ञानिक चरित्र चित्रण गरिएको छ । पात्रहरूको मनोवैज्ञानिक अध्ययनले नाटकमा समाज मनोविज्ञानको अध्ययनको लागि यो अध्ययन उपयोगि हुन आउँछ ।

पूर्णप्रसाद अधिकारी (२०५२) ले **समकालीन साहित्य** पत्रिकामा प्रकाशित “विजय मल्लका नाट्य प्रवृत्ति र बहुलाकाजीको सपना” शीर्षकको लेखमा विजय मल्ल समाज मनोविज्ञानमा आधारित समस्या मूलक नाटक लेख्ने नाटककारका रूपमा परिचित छन् । विषयवस्तु अनुररूप जटिलगत मनोग्रन्थीको विश्लेषण गर्नु, मनोवैज्ञानिक समस्यालाई विश्लेषण गर्ने युगीन चेतना र उच्च बौद्धिकतालाई प्राथमिकता दिने विशिष्ट नाट्य शिल्प भएका व्यक्ति हुन । उनको

नाट्यकारिताको मुख्य मान्यता भन्नु नै असाधारण परिस्थिति र असामान्य मनस्थितिको कलात्मक सन्तुलन हो भन्ने अभिव्यक्ति प्रकट गरेका छन् ।

केशवप्रशाद उपाध्याय (२०५४) ले **गरिमा** पत्रिकामा प्रकाशित एकाङ्कीकार विजय मल्ल शीर्षकको लेखमा विजय मल्लले गोपालप्रसाद रिमाल र गोविन्दबहादुर गोठाले झैं यथार्थवाद, प्रकृतवादमा आधारित समस्यामूलक मनोविश्लेषणात्मक प्रकृतिको परम्पराधर्मी नाट्य लेखनका साथै आफ्नो नाट्य यात्रा थालेका हुन् । मल्लमा आरम्भदेखि नै असामान्य मनोविज्ञान प्रति अभिरुचि रहिआएको छ भन्दै सम्पूर्ण लेख मल्लको एकाङ्कीकार व्यक्तित्व र एकाङ्की नाटकको अध्ययनमा केन्द्रित रहेको छ ।

चैतन्य प्रधान (२०६२) ले **विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग** प्रकाशित शीर्षकको समालोचनात्मक पुस्तकमा उनले मल्लका नाटकमा सामाजिक मनोवैज्ञानिक समस्यासँग उच्च बौद्धिक युगबोध र तीब्र भावनाहरूको जीवन्त अभिव्यक्ति पनि भएको पाइन्छ भनेका छन् । भोलि के हुन्छ ? नाटकमा अतियथार्थवाद, स्वैरकल्पना, परामनोविज्ञान र बौद्धिकताको प्रयोग गरेका छन् भने स्मृतिको पर्खालभित्र तथा मानिस र मुकुण्डो नाटकलाई सामाजिक समस्याको रूपमा रहेको छ भनेका छन् । समालोचनात्मक कृति मल्लका नाटकमा भूतप्रेतको प्रयोगलाई लिएर विश्लेषण गरिएको छ ।

नित्यानन्द खतिवडा (२०६४) ले **विजय मल्लका प्रयोशील नाट्यकृतिको विश्लेषण** शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा पाँच ओटा एकाङ्की र दुई ओटा पूर्णाङ्की नाटकहरूलाई प्रयोगशील पक्षको आधारमा विश्लेषण गर्ने क्रममा मानिस र मुकुण्डो नाटकलाई पनि प्रयोगशील पक्षका आधारमा विश्लेषण गरेका छन् । नाटकमा रहेका पात्रहरूलाई प्रतीकात्मक, विसङ्गतिवादी, मिथकीयता, दृश्यात्मकताका पक्षले चर्चा गर्दै नाटकको अध्ययन प्रयोगशीलतामा केन्द्रित रहेको छ ।

लेखराज खतिवडा (२०६८) ले **विजय मल्लका नाटकमा नारी पात्र** अप्रकाशित दर्शनाचार्य शोध प्रबन्धमा मल्लका सम्पूर्ण नाटकमा रहेका नारी पात्रहरूको विश्लेषण गर्ने क्रममा भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र तथा मानिस र मुकुण्डो नाटकमा रहेका नारी पात्रको विश्लेषण गरेका छन् । नारी पात्रको विश्लेषण समाजिक र आर्थिक प्रतिनिधित्वको पहिचान, मनोवैज्ञानिक लक्षण र वैचारिक चेतनाका दृष्टिका आधारमा गरिएको विश्लेषणले समाज मनोविज्ञानको अध्ययन विश्लेषणका लागि सहयोग गर्दछ ।

कृष्णहरि बराल (२०६८) ले **तन्नेरी** पत्रिकामा प्रकाशित कोही किन बरबाद होस : समस्याको समाधान शीर्षकको समीक्षात्मक लेखमा कोही किन बरबाद होस नाटकमा असामान्य मनोविज्ञान तथा समाज मनोविज्ञानको प्रयोग गरिएको छ भन्दै उक्त नाटक सिग्मण्ड फ्रायडको मनोलैङ्गिक सिद्धान्तमा आधारित रहेको सङ्केत गरेका छन् ।

मेनुका पोखरेल (२०६९) ले **स्मृतिको पर्खालभित्र नाटकको कृतिगत अध्ययन** शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा नाटकलाई सामाजिक यथार्थवादी, मनोविश्लेषणात्मक, ऐतिहासिकता, विसङ्गतिवादी, अस्तित्ववादीका आधारमा विश्लेषण गरिएको छ । नाटकमा काठमाडौंको परिवेश रहेको र सामाजिक समस्यामूलक कथावस्तुलाई मनोवैज्ञानिक रूपमा प्रस्तुत गरिएको र पात्रहरू सामाजिक धरातलमा रहेका छन् भएको छ । स्मृतिको पर्खालभित्र नाटकलाई सामाजिक यथार्थवादी र मनोविश्लेषणात्मक पक्षबाट पात्रहरूको अध्ययनले यस शोधकार्यको अध्ययनका लागि सहयोग गरेको छ ।

राधिका सापकोटा (२०६९) ले **पत्थरको कथा एकाङ्की सङ्ग्रहका नाट्यकृतिको कृतिगत विश्लेषण** अप्रकाशित स्नातकोत्तर शोधपत्रमा पत्थरको कथा एकाङ्की सङ्ग्रहको विधातात्विक आधारमा विश्लेषण गर्दा भोलि के हुन्छ ? नाटकको पनि विधातात्विक आधारमा विश्लेषण गरिएको छ । मानवीय मस्तिष्क र आन्तरिक कल्पनालाई प्रतीकात्मक माध्यमबाट मूर्त रूप दिएको प्रस्तुत नाटकमा सामाजिक मनोवैज्ञानिक यथार्थलाई अतियथार्थ सम्म पु¥याउने चेष्टा गरिएको छ भनेर भनिएको छ । नाटकलाई प्रवृत्तिगत आधारमा र विधातात्विक आधारमा गरिएको विश्लेषण यस शोधकार्यको लागि उपयोगि देखिन्छ ।

सीता खनाल (२०६९) ले **सृष्टि रोकिदैन लघुनाटक सङ्ग्रहको विधातात्विक विश्लेषण** अप्रकाशित स्नातकोत्तर शोधपत्रमा विजय मल्लको नाट्य प्रवृत्तिको चर्चा गर्दा मानिस र मुकुडो प्रयोगशील शैलीमा लेखिएको नाटक भए पनि यसमा सामाजिक विषयवस्तुलाई चित्रण गरिएको छ र स्मृतिको पर्खालभित्र नाटकमा उच्च वर्गहरूमा कसरी अनैतिकता र मूल्यहीनता विकास भएको छ भन्ने कुरालाई देखाइएको छ । विजय मल्ले नाट्य यात्राको प्रारम्भमा सामाजिक यथार्थवादी प्रवृत्तिलाई अपनाएर नाटक लेखेको पाइन्छ भने दोस्रो चरणमा आएर सामाजिक यथार्थबाट विस्तारै मनोवैज्ञानिक यथार्थमा जोड दिइ नाटक रचना गरेको पाइन्छ तर उनको नाटकको मूख्य धरातल भने समाज नै हो भनिएको छ ।

नारायण अधिकारी (२०६९) ले **भूलै भूलको यथार्थ नाटकको कृतिगत विश्लेषण** अप्रकाशित स्नातकोत्तर शोधपत्रमा मल्लका नाटकमा सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी पाउनुका साथै सामाजिक र मानसिक समस्यालाई विषय बनाएर नाटकहरू रचना गर्दछन् भन्दै नाटकलाई विधातात्विक आाधारमा विश्लेषण गर्नुका साथै सामाजिक यथार्थवादी र मनोविश्लेषणात्मक प्रवृत्तिका आधारमा नाटकको विश्लेषण गरिएको छ ।

बालकुमारी भण्डारी (२०६९) ले **कोही किन बरबादहोस् नाटकको कृतिगत विश्लेषण** अप्रकाशित स्नातकोत्तर शोधपत्रमा विजय मल्लका नाटकमा समस्यमूलक, मनोवैज्ञानिक, सामाजिक, प्रयोगशीलता, प्रतिकात्मकता, मनोविश्लेषणात्मकता जस्ता नाट्य प्रवृत्तिहरू पाइन्छ । नाटकको

कृतिगत विश्लेषणमा परिवेश अन्तर्गत सामाजिक र मनोवैज्ञानिक पक्षका आधारमा पनि विश्लेषण गरिएको छ ।

विमला श्रेष्ठ (२०७०) ले **विजय मल्लका पूर्वाद्ध चरणका नाटकमा असामान्य मनोविज्ञान** अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धमा कोही किन बरबाद होस, जिउँदो लास, बहुला कजीको सपना नाटकलाई पारिवारिक, आर्थिक, सामाजिक कुरीति, कुपरम्परा, हैकमवादी सोचाई, वर्गीय विभेद, दोषपूर्ण पैतृक जस्ता कारकहरूले पात्रमा असामान्य व्यवहार प्रस्तुत गराएका छन् । सम्पूर्ण शोध नाटकमा रहेका पात्रमा असामान्य मनोविज्ञानको खोजी र विश्लेषणमा केन्द्रित रहेको छ ।

उपयुर्क्त अध्ययनहरू विजय मल्लका नाटकमा निहित समाज मनोविज्ञानसँग प्रत्यक्ष रूपमा सम्बन्धित रही गरिएका अध्ययन होइनन् । ती टिप्पणीहरू नेपाली नाटक र विजय मल्लका नाट्य कृतिहरूका विविध विषयको विश्लेषण गर्ने क्रममा सान्दर्भिक रूपमा व्यक्त भएका टिप्पणीहरू हुन् । यसले विजय मल्लका नाटकमा समाज मनोविज्ञानको प्रयोग भएको सङ्केत भने अवश्य दिएको छ । तसर्थ मल्लका नाटकमा निहित समाज मनोविज्ञानको वैज्ञानिक ढङ्गबाट अध्ययन विश्लेषण गर्ने कार्य प्रस्तावित शोध कार्यमा गरिएको छ ।

## १.५ शोध विधि

शोध विधि अन्तर्गत सामग्री सङ्कलन विधि र अध्ययनको सैद्धान्तिक आधार वा ढाँचा पर्दछन् ।

### १.५.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि तिन प्रकृतिका सामग्रीहरूको आवश्यकता पर्ने देखिन्छ । पहिलो प्रकारका सामग्रीहरू विजय मल्लको दोस्रो चरणमा प्रकाशित गरिएका तिनओटा नाट्यकृति रहेका छन् र यी प्रस्तुत शोधका लागि आधारभूत सामग्री हुन् । त्यस्तै विजय मल्लको दोस्रो चरण तथा समग्र नाट्यकारितासँग सम्बद्ध पूर्वकार्यहरू दोस्रो प्रकृतिका सामग्री हुन् र यी प्रस्तुत शोधका द्वितीयक सामग्री हुन् । समाज मनोविज्ञानको सैद्धान्तिक आधार तयार गर्नका लागि प्रयोग गरिएका सामग्रीहरू प्रस्तुत शोधका तेस्रो प्रकारका सामग्री हुन् र यी पनि प्रस्तुत शोधका द्वितीयक वा सन्दर्भ सामग्री हुन् । यी तिनै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालीय कार्यबाट गरिएको छ ।

### १.५.२ विश्लेषणको सैद्धान्तिक आधार

समाज मनोविज्ञानको सैद्धान्तिक आधारमा विजय मल्लका दोस्रो चरणका नाटकको विश्लेषण गरिएको छ । यसका लागि जगदानन्द पाण्डेय (१९६३) सामाजिक मनोविज्ञान, आर. वी. त्रिपाठी र आर. एन. सिहं (१९८०) उच्च सामाजिक मनोविज्ञान र बी. कुप्पुस्वामी (१९८३) समाज-मनोविज्ञान : एक परिचय आदिले प्रस्तुत गरेका समाज मनोविज्ञान सम्वद्ध सैद्धान्तिक आधारलाई समन्वय गरी प्रस्तुत शोधको ढाँचा निर्माण गरिएको छ जुन यसप्रकार छ ।

समस्या (क) को समाधान निम्न ढाँचाका आधारमा गरिएको छ :

(अ) सुझाव

(आ) सहानुभूति

(इ) प्रेरणा

समस्या (ख) को समाधान निम्न ढाँचाका आधारमा गरिएको छ :

(अ) सामाजिक नियम

(आ) अहम्को विकास

(इ) पूर्वाग्रहको विकास

समस्या (ग) को समाधान निम्न आधारमा गरिएको छ :

(अ) मनोवृत्तिको निर्माण एवम् विकास

(आ) मनोवृत्ति परिवर्तन

(इ) मनोवृत्ति मूल्याङ्कन

यी आधारहरूको उपयोग गरी प्रस्तावित शोध समस्याको समाधान गर्दा शोधकार्यको प्रकृति प्रायोगिक, विश्लेषणात्मक र गुणात्मक रहेको छ ।

## १.६ शोध कार्यको औचित्य र महत्त्व

विजय मल्लका नाटकमा निहित समाज मनोविज्ञान पनि प्राज्ञिक ज्ञानको विषय हो । माथि उल्लिखित पूर्वाध्ययनहरूबाट समाज मनोविज्ञानमा आधारित रही विजय मल्लको नाटकको अध्ययन भएको पाइदैन । तसर्थ नयाँ ज्ञानको स्थापना प्रस्तावित शोधबाट हुने हुँदा प्रस्तुत शोधको महत्त्व देखिन्छ । यसका अतिरिक्त सम्वेद्य अनुसन्धानबाट जिज्ञासु पाठक, अध्येता, अनुसन्धान कर्ताहरू पनि लाभान्वित हुने हुँदा प्रस्तुत शोध औचित्यपूर्ण देखिन्छ ।

## १.७ शोधकार्यको सीमा

विजय मल्लको नाट्य यात्राको दोस्रो चरणमा पूर्णाङ्की तथा एकाङ्की नाटकहरू प्रकाशित भएका छन् । प्रस्तुत शोधमा दोस्रो चरणमा प्रकाशित एकाङ्कीलाई छाडी पूर्णाङ्की नाटकहरू भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र तथा मानिस र मुकुण्डोमा समाज मनोविज्ञानको अध्ययन गर्नु हो । नाटकहरूमा समाज मनोविज्ञानको अध्ययन र विश्लेषणका लागि सामाजिक व्यवहारभित्र सुझाव, सहानुभूति र प्रेरणा, सामाजीकरणभित्र सामाजिक नियम, अहम्को विकास र पूर्वाग्रहको विकास, सामाजिक मनोवृत्तिभित्र मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्तिको परिवर्तन र मनोवृत्तिको मूल्याङ्कनका आधारमा मात्र विश्लेषण गर्नु शोध कार्यको सैद्धान्तिक सीमा हो ।

## १.८ शोधपत्रको रूपरेखा

विजय मल्लका दोस्रो चरणका नाटकमा समाज मनोविज्ञान शीर्षकको शोध कार्यका निम्ति सम्भावित रूपरेखा यस प्रकार रहेको छ ।

परिच्छेद १ : शोध परिचय

(यस परिच्छेद अन्तर्गत शोध प्रस्तावको परिमार्जित रूप रहेको छः)

परिच्छेद २ : समाज मनोविज्ञानको सैद्धान्तिक आधार

(यस परिच्छेद अन्तर्गत साहित्य, समाज र मनोविज्ञान बिचको अर्न्तसम्बन्ध, समाज मनोविज्ञानको एतिहासिक विकासक्रम, समाज मनोविज्ञान विश्लेषणका मूलभूत पक्षहरू र नाटकमा समाज मनोविज्ञान विश्लेषणका आधारहरू रहेका छन्)

परिच्छेद ३ : सामाजिक व्यवहारका आधारमा विजय मल्लका दोस्रो चरणका नाटक

(यस परिच्छेद अन्तर्गत विजय मल्लको नाट्य यात्राका दोस्रो चरणका पूर्णाङ्की नाटकहरूमा पात्रहरूको सामाजिक व्यहारलाई सुझाव, सहानुभूति र प्रेरणाका आधारमा विश्लेषण गरिएको छ ।)

परिच्छेद ४ : सामाजीकरण आधारमा विजय मल्लका दोस्रो चरणका नाटक

(यस परिच्छेद अन्तर्गत नाटकहरूमा रहेका पात्रहरूको सामाजीकरणलाई सामाजिक नियम, अहम्को विकास र पूर्वाग्रहको विकासका आधारमा विश्लेषण गरिएको छ ।)

परिच्छेद ५: सामाजिक मनोवृत्तिका आधारमा विजय मल्लका दोस्रो चरणका नाटक

(यस परिच्छेद अन्तर्गत समाजिक मनोवृत्तिको अध्ययनका लागि मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्तिको परिवर्तन र मनोवृत्तिको मूल्याङ्कनका आधारमा नाटकको विश्लेषण गरिएको छ ।)

परिच्छेद ६: उपसंहार र समष्टि निष्कर्ष

(यस परिच्छेदमा शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।)

परिच्छेद दुई

# समाज मनोविज्ञानको सैद्धान्तिक आधार

## २.१ विषय परिचय

समाज मनोविज्ञानको सैद्धान्तिक स्वरूप तयार पार्ने सन्दर्भमा सर्वप्रथम साहित्य, समाज र मनोविज्ञानको छुट्टाछुट्टै चिनारी दिदै यिनको बिचको अन्तर्सम्बन्धलाई देखाइएको छ । तत्पश्चात समाज मनोविज्ञानको ऐतिहासिक विकासक्रमलाई प्रारम्भ, विकास र वर्तमानको अवस्थामा अध्ययन गरिएको छ । समाज मनोविज्ञानको विकासक्रमको अध्ययनबाट समाज मनोविज्ञान विश्लेषणका मूलभूत पक्षहरू सामाजिक व्यवहार, सामाजीकरण, सामाजिक मनोवृत्ति, भिड, फेसन, जनमत, नेतृत्वको सामान्य चर्चा गर्दै सामाजिक व्यवहारभित्र सुझाव, साहानुभूति, र प्रेरणा सामाजीकरणभित्र सामाजिक नियम, अहमको विकास, पूर्वाग्रहको विकास र सामाजिक मनोवृत्तिभित्र मनोवृत्तिको निर्माण एवम् विकास, परिवर्तन र मूल्याङ्कनलाई आधार बनाई यस परिच्छेदमा समाज मनोविज्ञानको सैद्धान्तिक स्वरूप तयार पारिएको छ ।

## २.२ साहित्य, समाज र मनोविज्ञानको चिनारी तथा अन्तर्सम्बन्ध

साहित्य भनको एक त्यस्तो कला हो जुन भाषाका माध्यमबाट व्यक्त हुन्छ । “मानवीय भावकूपमा रहेका अमूर्त कल्पना र वस्तुगत चिन्तनका रूपहरू भाषामा कविता, आख्यान, नाटक वा निबन्ध भएर प्रकट हुनु साहित्य सृर्जना हो” (सुवेदी, २०६८ : १८) । भाषिक कला स्वरूप साहित्यमा प्रयोग हुने भाषाको स्वरूप मौखिक वा लिखित दुवै प्रकारको हुन्छ । लोक साहित्य मौखिक भाषाका माध्यमबाट व्यक्त हुन्छ भने लेख्य र पाठ्य भाषाका माध्यमबाट व्यक्तिले लिखित भाषिक कला स्वरूप शिष्ट वा लिखित साहित्यको रचना गर्दछ । “हार्दिक, भावात्मक, रगात्मक आनन्द प्रदान गर्ने खालका स्थायी महत्त्वका विशिष्ट शैलीका अभिव्यक्तिका रूपमा जुन भाषाको प्रयोग हुन्छ त्यही  नै मौखिक वा लिखित साहित्य हो” (अवस्थी, २०६४ : २) । यसरी साहित्यमा कलाकारले भाषाका माध्यमबाट जीवनका अभिव्यक्तिलाई कलात्मक तरिकाले कविता, आख्यान, नाटकमा प्रस्तुत गर्नु साहित्य हो ।

मानिस एक सामाजिक प्राणी हो । ऊ जन्मदेखि मृत्युसम्म समाजमा नै रहन्छ । समाज मानिसहरूको सामाजिक सम्बन्धहरूको जालो हो । समाजमा संगठित परिवार, कार्य एवम् अन्य प्रकारका साना-साना समूह पाउन सकिन्छ जसको स्वयम् आफ्नो आन्तरिक संरचना हुन्छ । समाज का विभिन्न संरचनाहरू पारिवारिक आर्थिक, राजनैतिक, सांस्कृतिक, तथा भौतिक विषयहरू परस्पर सम्बन्धित रहेका हुन्छन् । यिनै संरचनाहरूको अन्तर्सम्बन्धबाट समाज निर्मित हुन्छ जसमा व्यक्तिले समाजलाई प्रभावित गर्दछ र समाजबाट ऊ पनि निरन्तर प्रभावित भई नै रहन्छ । त्यसैले एउटा

निश्चित क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिहरूको एउटै साझा मूल्य मान्यता रहन्छ र समाजमा व्यक्तिहरू एउटै रहनसहन व्यवस्था, धर्म आदि अँगाली एउटै स्थानमा बसोबास गर्ने गर्दछन् ।

मनोविज्ञान व्यवहारको विज्ञान हो । मानिसहरूको व्यवहार अनुभव र चेतन तथा अचेतन मनका क्रियाकलापको अध्ययन गर्नुलाई मनोविज्ञान भनिन्छ । मानिसले समाजमा रहँदा आफ्ना आवश्यकताहरू पूरा गर्न भौतिक, सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, धार्मिक आदि थुप्रै क्रियाकलापहरू गर्दछ । समाजमा समायोजित हुन समाजमा मिलेर बस्न व्यक्तिले आफ्नो जीवनकाल भरी थुप्रै-थुप्रै क्रियाकलापहरू गरिरहनु पर्दछ । यस्ता क्रियाकलापबाट मानिसमा विभिन्न अनुभहरू र व्यवहारहरू निर्माण हुने गर्दछन् । मानिसमा उत्पन्न हुने यस्ता विभिन्न अनुभवहरू तथा व्यवहारहरूको अध्ययन गर्ने विद्यालाई मनोविज्ञान भनिन्छ (शर्मा एण्ड शर्मा, २०६७ : ३) । अतः मनोविज्ञान ले मानिसको व्यवहार, अनुभव, क्रियाकलाप, सुख दुःख, कल्पना, तर्क, वुद्धि लगाएतका जीवनभरी भइरहने सम्पूर्ण कार्यहरूको अध्ययन गदर्छ ।

साहित्य, समाज र मनोविज्ञानको चिनारीबाट साहित्य र समाज, साहित्य र मनोविज्ञान, समाज र मनोविज्ञान तथा साहित्य, समाज र मनोविज्ञान बिच अन्तर्सम्बन्ध छ भन्ने कुरा स्पष्ट हुन्छ । त्यसैले अबका उपशीर्षकमा यिनका बिचको अन्तर्सम्बन्धलाई देखाइएको छ ।

### २.२.१ साहित्य र समाज

साहित्य समाजबाट नै जन्मने रूप हो । साहित्य र समाज बिच गहिरो सम्बन्ध हुन्छ । समाजबाट नै भोगेका दुःख सुखको घटनाहरू साहित्य मार्फत झल्कने गर्दछन् । समाज र साहित्यको सम्बन्धमा इपिली तेनले समाजलाई साहित्य सिर्जना गर्ने शक्ति र साहित्यलाई समाजको दर्पणका रूपमा हेर्दछन् । दर्पण जसरी वस्तुयथार्थको प्रतिबिम्बन गर्दछ त्यसरी नै साहित्यले समाजको मानव जीवन र वातावरणको प्रतिबिम्बन गर्दछ भनी साहित्यलाई समाजका बारेमा थाहा पाउने मूल स्रोत मान्दछन् (क्षेत्री, २०६४ : १७) । त्यसैले समाजबाट साहित्यको जन्म भएको हुन्छ भने साहित्यमा पनि समाजलाई देख्न सकिन्छ ।

साहित्य र समाजको घनिष्ट सम्बन्ध रहेको छ । साहित्यको माध्यम भाषा हो । "भाषा सामाजिक वस्तु भएकोले छन्द, प्रतीक र बिम्ब जस्ता रूपात्मक प्रविधि सामाजिक सम्पर्कमै प्रस्फुटित भएकाले; साहित्य एक वा अर्को प्रकारले जीवनकै अभिव्यक्ति हुनाले व्यक्ति-चैतन्यको अभिव्यक्ति साहित्यमा भएता पनि लेखक-व्यक्ति समाजकै उपज हुनाले वारेन र बेलेकसमाज सँग साहित्यको अति घनिष्ट सम्बन्ध देख्दछन्" (त्रिपाठी, २०६५ (क) : ४४७) । समाज र साहित्यको सम्बन्धलाई लेखकको सामाजिकता, कृतिभित्रको सामाजिक विषयवस्तु र समाजमा साहित्यको प्रभावको अध्ययनबाट अझ स्पष्ट हुन सकिन्छ । लेखकको सामाजिकता भन्नु मूलतः उसको देशकालको परिप्रेक्ष्य हो । कृतिभित्रको सामाजिक विषयवस्तुलाई लेखकको सामाजिकताले नियन्त्रण र निर्धारण गर्नका साथै नगर्न पनि सक्छ । जन्म, पारिवारिकता र आर्थिक स्थितिका आधारमा लेखक

जुन वर्गको हुन्छ उसको समाजिक विचार त्यसैवर्गको नभएको देखिएता पनि उसको रचनामा समाजको कुनै पक्षलाई देख्न सकिन्छ । त्यस्तै लेखक समाजद्वारा मात्र प्रभावित हुने होइनः समाज पनि लेखकद्वारा प्रभावित हुन्छ अनि कलाकृतिले जीवनको पुनरुत्पादन मात्र गर्दैन र जीवनलाई बनाउँछ पनि भनेर वारेन र बेलेकले साहित्य र समाजको सम्बन्धलाई अझ स्पष्ट रूपमा देखाएका छन् (त्रिपाठी, २०६५ (क) : ४४७) । यसरी साहित्य र समाजका बिचको सम्बन्धमा लेखकको सामाजिकता, कृतिभित्रको सामाजिक विषयवस्तु र समाजमा साहित्यको प्रभावले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

साहित्य देश, काल र समाजसँग सम्बन्धित हुन्छ । साहित्य, समाज, देश र कालसँग सम्बन्धित सांस्कृतिक पर्यावरणको प्रतिच्छायात्मक पुनर्निर्माण हो । यस तात्पर्यमा साहित्यमा समाज प्रतिबिम्बित हुन्छ तथा साहित्यका माध्यमबाट समाज पढ्न र बुझ्न सकिन्छ । रेमन्ड विलियम्सले समाजका व्यक्तिहरूमा रहेका समाज भोगाइका यथार्थ अनुभवलाई साहित्यकारले आफ्ना कृतिमा समाजको प्रतिबिम्ब कलात्मक रूपमा व्यक्त भएको हुन्छ भनेका छन् (क्षेत्री, २०६४ : १९) । यसबाट साहित्य र समाजको सम्बन्ध एकअर्का सँग घनिष्ट रहेको देखिन्छ ।

### २.२.२ साहित्य र मनोविज्ञान

साहित्य र मनोविज्ञान बिचमा पारस्पारिक अन्तःसम्बन्ध रहेको छ । साहित्यको सम्बन्ध मानव मनसँग रहेको हुँदा साहित्य र मानव मनका बिच घनिष्ट सम्बन्ध रहेको छ । साहित्यमा चित्रित विभिन्न चरित्र वा पात्रको निर्माण कुनै न कुनै मनोविज्ञानमा आधारित भएर गरिएको हुन्छ । साहित्यमा मनोविज्ञानका आन्तरिक मनस्थितिहरूको अभिव्यक्ति हुन्छ । खासगरी साहित्यकारका मनमा उत्पन्न हुने भावावेगहरूले साहित्य या कलाको रूप लिन्छ । यसबाट उसका मनभित्रका उद्वेलन शान्त हुन्छन् र मानसिक सन्तापहरूबाट मुक्ति मिल्दछ । यस स्थितिबाट सात्यिकारको मन स्वस्थ्य हुन्छ र उसमा जिजिविषाको उदय हुन थाल्दछ । वास्तवमा अचेतन मनको कलागत अभिव्यक्ति नै साहित्य र मनोविज्ञानको सम्बन्ध सूत्र हो (भण्डारी, २०५१ : ८९) । साहित्य साहित्यकारका मनबाट उत्पन्न हुने हुनाले साहित्य र मनोविज्ञानका बिचमा सम्बन्ध देखिन्छ ।

मनोविज्ञानका त्रिमूर्ति फ्रायड, एडलर, र युङ्गले व्यक्ति मनको अध्ययनको सन्दर्भमा केवल मनोवैज्ञानिक कार्य पद्धति मात्र उल्लेख नगरी साहित्य सिर्जना सम्बन्धी मनोवैज्ञानिक विचारहरू पनि प्रतिपादन गरेका छन् । कला-साहित्य सिर्जनाको पृष्ठभूमि र त्यसभित्र निहित प्रमुख कारण खोज गर्ने सन्दर्भमा यी मनोवैज्ञानिकहरूले सर्जकका सूक्ष्म मानसिक स्थितिको विश्लेषण गरेका छन् । "फ्रायडका दृष्टिमा चेतन, अवचेतन र अचेतन मन मध्ये दमित अचेतन मनलाई कला-साहित्यको मूलस्रोत मान्दछन्" (त्रिपाठी, २०६५ (ख) : १७६) । उनले साहित्यकारलाई दिवा स्वप्न द्रष्टा तथा मनोरोगी मान्दछन्; दिवा स्वप्नका रूपमा झल्कने दमित तथा निषिद्ध अनुभूतिलाई उदात्तीकरण र साधरणीकरण साथै अचेतनका दमित-कुण्ठित अनुभूतिको स्वप्निल परिमूर्ति कृतिका माध्यमबाट

साहित्यले प्रकट गर्दछ भनी उनी कला साहित्यको विश्लेषणात्मक व्याख्या गर्दछन् (ढकाल, २०६७ : ५८) । कामवृत्ति (रतिराग, यौन) नै मूल मानवीय प्रवृत्ति भएकाले त्यही नै कला साहित्यको प्रच्छन्न अप्रछन्न मूल प्रेरक हो भन्ने फ्रायडको अभिमत रहेको छ ।

एडलरको हीनता-उच्चता ग्रन्थीले मनोविज्ञानपरक साहित्य-दृष्टिकोणलाई प्रेरित गरेको देखिन्छ । यिनका विचारमा समस्त कला-साहित्य सिर्जना हाम्रो जीवन जगत्को अभावहरूको परिपूर्ति हो र जीवनमा जुन कुरा अप्राप्य छ; त्यही कुरा हामी कल्पनामा प्राप्त गर्ने प्रयत्न गर्छौं । यिनले सम्पूर्ण कला-साहित्यको सिर्जनाको मूल हेतु हीनतालाई मानेका छन् र अरु भन्दा आफूलाई उच्च देखाउने प्रवृत्तिकै कारण कलाकार वा साहित्यकार कला वा साहित्यको सिर्जना गर्छ भन्ने उनको मान्यता छ (बराल, २०६९ : ६४) । एडलरले कला साहित्यको सिर्जना हीनताबाट हुने मान्दछन् ।

युङ्गले कला साहित्य-सिर्जना सम्बन्धी फ्रायड र एडलरका विचारसँग आंशिक सहमति राख्दै आफ्नो विचार केही भिन्न रूपमा प्रस्तुत गरेका छन् । युङ्गले सामूहिक अचेतनलाई कला साहित्य सिर्जनामा केन्द्रीय कारण स्वीकारेका छन् । युङ्गका विचारमा मानिसका आदिम अनुभूतिहरू र प्रवृत्तिहरू कला-साहित्य निर्माणका प्रमुख कारण हुन् (ढकाल, २०६७ : ५९) । अतः साहित्य लेखक वा सर्जकको सिर्जना भएकाले साहित्यसँग मानव मनको सम्बन्ध हुने हुँदा साहित्य र मनोविज्ञानको घनिष्ट सम्बन्ध रहेको छ ।

### २.२.३ समाज र मनोविज्ञान

समाज र मनोविज्ञानका बिचमा घनिष्ट सम्बन्ध रहेको छ । लियो लावेन्थलले साहित्यको सामाजशास्त्रीय अध्ययनका क्रममा लेखकको सामाजिक अवस्था, मनोविज्ञान, लेखक बाँचेको समाजको इतिहास र समूहबारे अध्ययन गर्नुपर्छ भन्ने मान्यता राखेका छन् । यिनले साहित्यमा मनको अभिव्यक्ति हुन्छ र त्यसको ज्ञान नभई सामाजको अध्ययन सबल हुदैन भन्ने मत व्यक्त गरेका छन् (क्षेत्री, २०६४ : १९) । मान्छेले कार्य सम्पादन गर्ने ठाउँ समाज हो । मान्छेले समाजमा अभिव्यक्त गरेका आचरण वा चरित्र तथा कार्यहरू मनोविज्ञानबाट सञ्चालित हुन्छन् । सबै मानिसहरू सामाजिक व्यवस्थाबाट सचेत भएर समाजमा व्यवहार गर्दछन् । यसर्थ प्रत्येक व्यक्तिको मनोरचनामा समाजको संरचनाको प्रभाव परेको हुन्छ । त्यसैले समाज र मनोविज्ञानको सम्बन्धलाई व्यक्तिले समाजमा गरेको व्यवहारका आधारबाट हेर्नुपर्ने हुन्छ ।

मानवको मनोविज्ञानमा संस्कृतिको गहिरो प्रभाव हुन्छ । सामाजिक व्यवहार संस्कृति द्वारा निर्धारित हुन्छ । जब परिचित तथा अपरिचित दुई व्यक्तिको भेट हुन्छ तथा अन्तर्वैयक्तिक अन्तर्क्रिया हुन्छ त्यहाँ पनि सामाजिक संस्कृतिले प्रभाव पार्दछ । व्यक्तिहरूको एकअर्का बिचको व्यवहार तथा क्रियामा सांस्कृतिक पक्ष विद्यमान हुन्छ । व्यक्ति जुन समुहमा जन्मन्छ त्यही समूहको संस्कृतिको प्रभाव उसमा परेको हुन्छ र त्यसै ढाँचा अनुरूप उसको व्यवहारको विकास हुन्छ । जुन

प्रकारले जैविक विरासतबाट मानिसको आङ्गिक संरचनाको विकास हुन्छ त्यही प्रकारले सामाजिक विरासतबाट व्यक्तिको व्यवहार तथा स्वभावको विकास हुन्छ (क्षेत्री, २०६४ : ४२) । अतः व्यक्तिको व्यवहार र मनोविज्ञानमा समाजका मूल्य मान्यता, परम्परा, संस्कृति आदि जस्ता पक्षहरूले प्रभाव पार्ने भएकाले समाज र मनोविज्ञानको बिचमा सम्बन्ध देख्न सकिन्छ ।

युङ्गले सबै व्यक्तिहरूको मनोरचनामा सामाजिक प्रभाव परेको हुन्छ त्यसैले मानव मनोविज्ञानको अध्ययन समाजको स्वरूप एवम् संस्कृतिको सापेक्षतामा गर्नु पर्दछ भन्ने रहेको छ । मानसिक संरचनामा सामाजिक वातावरण तथा समाजको सम्बद्धताबाट नै व्यक्तिको मानसिकता विकसित र प्रभावित हुन्छ त्यसैले व्यक्तिको मानसिकतालाई समाजको परम्परा तथा प्रचलन, रुढि तथा संस्थाले प्रभावित पारेको हुन्छ (क्षेत्री, २०६४ : ४२) । त्यसैले समाज र मनोविज्ञानका बिचमा नजिकको सम्बन्ध रहेको छ ।

### २.२.४ साहित्य, समाज र मनोविज्ञान

साहित्य र समाज, साहित्य र मनोविज्ञान, समाज र मनोविज्ञान बिचको अन्तर्सम्बन्धबाट साहित्य, समाज र मनोविज्ञान बिचको सम्बन्धलाई हेर्न सकिन्छ । साहित्य समाज सँग जोडिएको हुन्छ र साहित्यमा समाज प्रतिबिम्बित हुन्छ । त्यसैले साहित्यका माध्यमबाट समाज पढ्न र बुझ्न सकिन्छ । यसबाट साहित्य र समाजको सम्बन्ध देख्न सकिन्छ भने साहित्यमा चित्रित विभिन्न चरित्र वा पात्रको निर्माण कुनै न कुनै समाजका र कुनै मनोविज्ञानमा आधारित हुन्छन् । यसले साहित्य र मनोविज्ञानको सम्बन्धलाई देखाउँछ । समाजमा व्यक्तिले गर्ने विभिन्न क्रियाकलापहरू समाजका मूल्य मान्यता, रुढि, परम्परा, संस्कृति, वर्ग, सङ्गठन आदिले उसको मनोरचनामा सामाजिक प्रभाव पारेको हुन्छ । यसबाट समाज र मनोविज्ञानको बिचको सम्बन्ध देखिन्छ । अतः साहित्यबाट समाज र समाजका माध्यमबाट व्यक्तिले समाजमा बसेर गर्ने आचरण वा चरित्रले मनोविज्ञानलाई देखाउँछ । त्यसैले साहित्य, समाज र मनोविज्ञान बिच पारस्परिक अन्तर्सम्बन्ध रहेको देख्न सकिन्छ ।

मानवीय अनुभव र अनुभूतिको भावनात्मक एवम् भावात्मक अभिव्यक्ति साहित्य हो । यसमा सामाजिक, मानसिक र वैयक्तिक संरचनाको अन्तरसंरचना र अन्तर्सम्बन्ध संश्लिष्ट भएर रहेका हुन्छन् । साहित्यकारको साहित्यिक रचनाको प्रमुख आधार ऊ बस्ने समाज हो र त्यही समाजका घात-प्रतिघात, छाँया-प्रतिछाँया, सुख-दुःख, भूत-अभूत, कर्म-अकर्म, प्राप्ति-अप्राप्ति आदि यावत् पक्षहरूको प्रतिबिम्बन साहित्यकारले आफ्नो रचनामा गरेको हुन्छ । समाजमा बसेर मानिसले गर्ने यी विविध पक्षहरू मनोविज्ञानबाट सञ्चालित हुन्छन् । यसर्थ साहित्य, समाज र मनोविज्ञान बिचको अन्तर्सम्बन्ध छ ।

## २.३ समाज मनोविज्ञानको ऐतिहासिक विकासक्रम

व्यक्तिको सामाजिक व्यवहार सृष्टिको उत्पत्ति र विकास सँग जोडिएर आएको छ । यसैले समाज मनोविज्ञानको ऐतिहासिक विकासक्रम पनि प्रचीन विज्ञानको रूपमा रहेको छ । व्यक्ति

समाजमा किन बस्न मन पराउँछ ? भिन्न-भिन्न सस्कृतिमा बसेको व्यक्तिहरूको व्यवहारमा किन भिन्नता हुन्छ ? सामाजिक नीति नियम एवम् मूल्य मान्यताहरू एक पिढी बाट अर्को पिढीमा कसरी हस्तान्तरण हुन्छ ? आदि जस्ता जिज्ञासाको समाधान प्राचीन समयका मानिसहरू पनि चाहन्थे र आजका मानिसहरू पनि चाहन्छन् । समाज मनोविज्ञानका विभिन्न समस्याहरूको समाधान गर्ने प्रयास प्राचीन समय देखि हुदै आएको छ । त्यसैले यसको विकासक्रमलाई प्रारम्भ, विकास र वर्तमानको अवस्था गरी हेर्न सकिन्छ ।

### २.३.१ प्रारम्भिक अवस्था

प्राचीन दार्शनिक, मानवशास्त्री, विकासवादी वैज्ञानिक र समाजशास्त्रीको अध्ययन र विश्लेषणले समाज मनोविज्ञानको प्रारम्भिक अवस्थामा महत्त्वपूर्ण भूमिका खेलेको छ । यी विद्वानहरूको अध्ययन र विश्लेषणमा समाज मनोविज्ञानको प्रारम्भिक अवस्थाको जग बसेको देखिन्छ । प्राचीन तथा मध्यकालीन दार्शनिक प्लेटो, अरिस्टोटल, होब्स, लाँक, रुसो आदिको रचनामा मानिसको स्वरूप, मूलप्रवृत्ति लोकव्यवहार, आनुवंशिकता र सामाजिक सम्बन्धको उल्लेख गरेको पाईन्छ । यी दार्शनिकहरूले मानिसको सामाजिक अवस्थामा आफ्नो विचार प्रकट गरेको देखिन्छ । आजपनि ती मौलिक विचारहरू पूर्णतः ग्राहय र स्वीकार्य रहेका छन् । यति अस्पष्ट अवैज्ञानिक र विरोधाभास पूर्ण छन् की  वर्तमान समयले ती विचारहरूलाई पुरै तिरस्कार गरेको छ । ती विचारहरूले मानिस र समाजको पारस्परिक सम्बन्धको विशेषतालाई नजिकबाट बुझ्न सकेको देखिदैन भने सामाजिक वातावरणमा मानिसको अध्ययन गर्ने प्रयास पनि गरेको देखिदैन (पाण्डेय, १९६३ : १) । तर पनि दार्शनिकहरूको विचारबाट प्रेरित भएर पछिल्ला विद्वानहरूले मानिसको सामाजिक अवस्थाको अध्ययन गर्न प्रेरणा मिलेको देखिन्छ ।

समाज मनोविज्ञानको अध्ययन गर्ने प्रारम्भिक अवस्थामा मानवशास्त्रीहरूको अध्ययन र विश्लेषण महत्त्वपूर्ण रहेको छ । जर्मन निवासी एम. लेजारस तथा एच. स्टेनथाँल यी दुई विद्वानहरूले सन् १८६० मा समूह मनोविज्ञान र भाषाविज्ञान लाई माध्यम मानेर भाषा, धर्म, साहित्य कला र पौराणिक कथाका माध्यमबाट आदिम मानिसहरूको मानसिक प्रक्रियालाई जान्ने प्रयास गरेको देखिन्छ । तर आदिम मानिसहरूको अधिकांश कार्य रहस्यवादी र दार्शनिक थियो भने विद्वानहरूको रुचि समूहमन जस्तो धारणाको अध्ययनमा थियो । यी विद्वानको कार्यबाट उण्टले अत्यधिक प्रेरणा लिई दश खण्डमा मानिसको मानसिक प्रक्रियाको अध्ययन गरेको देखिन्छ । यसबाट मानवशास्त्री र मनोविज्ञानको बिचको अन्तर धेरै हद सम्म कम भएको देखिन्छ (पाण्डेय, १९६३ : २) । यसले पछिल्ला विद्वानहरूलाई समाज मनोविज्ञानको प्रारम्भिक अवस्थाको जग बसाल्नमा धेरै सहयोग गरेको छ ।

सन् १८५९ मा डार्विनले 'ओरिजिन अफ स्पेसीज' नामक पुस्तकबाट विकासवादी सिद्धान्तको प्रतिपादन हुन्छ । यो सिद्धान्तले परिणाम स्वरूप कार्लमार्क्स, बीजहाँट, स्पेन्सन आदि

विद्वानहरूले स्वाभाविक छनोट-नियमका आधारमा सामाजिक विकासको व्याख्या गरे । सन् १८७१ मा डार्विन 'डिसेटं अफ मेन' नामको अर्को पुस्तक प्रकाशित हुन्छ । उक्त पुस्तकमा उनले मानिसको विकास निम्न श्रेणीको जिबबाट क्रमश भएको र मानिसको विकासमा सांस्कृतिक अङ्गको महत्त्वलाई देखाउँदै भाषा, आविष्कार, सहानुभूति र सहयोगको प्रभावलाई स्वीकार गरेका छन् । स्पेन्सरले डार्विनको विकासवादको सिद्धान्तलाई अगाडि बढाउदै सामाजिक अवस्थाको व्याख्या गर्नमा यसको सहयोग लिय (पाण्डेय, १९६३ : २) । मानिसको व्यवहारको अध्ययन गर्नको लागि वैज्ञानिक विधि अपनाउनु पर्छ र साथै सामाजिक वातावरणको अध्ययन माथि  पनि यिनले जोड दिएको देखिन्छ । यसरी उनको कार्यबाट मानिसको सामाजिक अवस्था तिर अन्य विद्वानको ध्यान आकृष्ट भएको देखिन्छ ।

समाज मनोविज्ञानको प्रारम्भिक अवस्थामा समाजशास्त्रीहरूको कार्य महत्त्वपूर्ण र उल्लेखनीय रहेको छ । समाजशास्त्रका जन्मदाता अगस्त कोम्तेले सामाजिक परिस्थितिको सन्दर्भमा मानिसको व्यवहारलाई जान्ने प्रयास गरेका छन् । उनका अनुसार सामाजिक वातावरणमा नै मानिसको मन विकसित हुन सक्छ भन्ने रहेको छ । त्यस्तै अर्का समाजशास्त्री एमिल डर्खेमले सामूहिक मन माथि अत्यधिक बल दिदै भने व्यक्तिको मन भन्दा भिन्न समूहमन लाई सोच्नु र अनुभव गर्नु हो (पाण्डेय, १९६३ : ३) । यसरी उनले समूहमन सम्बन्धी एक नयाँ धारणा दिए जुन धारणा अगाडि गएर  विद्वानहरूको प्रमुख आलोच्यको विषय बन्यो ।

यी विद्वानहरूले समाज मनोविज्ञानको प्रारम्भिक अवस्थाको आधार तयार गरेको देखिन्छ । यिनै विद्वानहरूको अध्ययन विश्लेषण र खोज अनुसन्धानबाट प्रेरित भई पछिल्ला विद्वानहरूले व्यक्ति र समाजको अन्तर्क्रियाको अध्ययन गरी समाज मनोविज्ञानको विकसित रूप तयार पार्नमा सहयोग गरेको देखिन्छ ।

### २.३.२ विकास अवस्था

समाज मनोविज्ञानको विकासको अवस्थामा टार्डे, लिवान, रास, मेकडुगल आदि विद्वानहरूको कार्य महत्त्वपूर्ण रहेको छ । फ्रेच न्याधीश जेब्रियल टार्डेलाई समाज मनोविज्ञानका जन्मदाताको रूपमा लिने गरिएको छ । यिनले अपराधीहरूको अध्ययनको क्रममा अनुकरण लाई सामाजिक जीवनको मूल स्रोतको रूपमा लिए । टार्डे भन्दा अगाडि बीजहाटले पनि अनुकरणको महत्वलाई स्वीकार गरेका थिय तर यसलाई अगाडि बढाउने काम टार्डेले नै गरेको देखिन्छ । टार्डेले अनुकरण र  कल्पना दुई जन्मजात मूलप्रवृत्तिलाई सामाजिक जीवनको स्रोत माने तर कल्पना मूलप्रवृत्ति एकदमै कम देखिन आएकोले अनुकरणलाई सामाजिक समृद्धि र विकासको मूल स्रोतको रूपमा अगाडि बढाए (पाण्डेय, १९६३ : ३) । त्यसैले यिनलाई प्रथम समाज मनोवैज्ञानिकको रूपमा लिन सक्छौ ।

सन् १८९५ मा गस्टेव लीबाँनले समाज मनोविज्ञान सम्बन्धी 'दी क्राउड' नामक पुस्तक रचना गर्दछन् । उक्त पुस्तकमा फ्रेञ्च मनोचिकित्सक शार्कोको अत्यधिक प्रभाव परेको देखिन्छ । शार्कोले हिस्टेरियाका रोगीहरूमा सुझावलाई अत्यधिक महत्त्व दिए जस्तै लीबाँन ले दी क्राउड मा सुझावको महत्त्वलाई दर्शाय । उनका अनुसार क्राउडमा बुद्धिको कमी र अचेतनको प्रधानता रहन्छ भनी समाज मनोविज्ञानको अध्ययनमा मनोचिकित्सकको भूमिकाको महत्त्वलाई स्वीकार गरेर भित्र्याउने काम गरे (पाण्डेय, १९६३ : ३) । यसबाट समाज मनोविज्ञानको अध्ययनमा मनोचिकित्सकको भूमिकालाई महत्त्व दिदैं गएको देखिन्छ ।

सन् १९०८ मा विसकन्सिन विश्वविद्यालयका समाज विज्ञानका प्रध्यापक एडवर्ड राँसले 'सोसल साइकोलोजी' नामको पुस्तकमा सुझाव-अनुकरणको नियमको विस्तृत व्याख्या गरे । यसको आधारमा उनले मानिसको लोकव्यवहार, चलन, जनमत, भीड आदि सामाजिक व्यवहारको व्याख्या गरे । सामाजिक अन्तर्क्रियामा जोड दिदै एडवर्डले सामाजिक अन्तर्क्रिया विना बच्चाको मानसिक विकास असम्भव बताए (पाडेण्य, १९६३ : ४) । एडवर्डको महत्त्वपूर्ण योगदान भनेको सामाजिक व्यवहारलाई सुझाव-अनुकरणको नियमका आधारमा व्याख्या गर्ने प्रयास गर्नु हो ।

समाज मनोविज्ञानको विकासमा मेकडुगलको महत्त्वपूर्ण योगदान रहेको छ । मेकडुगलले आफ्नो पुस्तक 'इन्ट्रोडक्सन टु सोसल साइकोलोजि' मा सामाजिक व्यवहार र अन्तर्क्रियाको व्याख्याका क्रममा व्यक्तिको मूलप्रवृत्तिलाई अत्यधिक महत्त्व दिएका छन् । मूलप्रवृत्तिको महत्त्वमा प्रकाश पार्दै यो जन्मजात अथवा वंशाणुगत हुन्छ र यसैका आधारमा व्यक्तिले सबै प्रकारको कार्य गर्दछ भनेका छन् (पाण्डेय, १९६३ : ४) । मेकडुगलको समाज मनोविज्ञान सम्बन्धी आएको विचारबाट धैरै वर्ष सम्म समाज मनोविज्ञानमा खासै प्रगति भएको देखिदैन । सन् १९२० को समयपछि समाज वैज्ञानिकहरूले समाज मनोविज्ञान सम्बन्धी धेरै निबन्ध र पुस्तकहरूको रचना गरेको देखिन्छ । ती पुस्तकहरूबाट समाज वैज्ञानिक दृष्टिकोणको प्रतिपादन सँगै मानिसको व्यक्तित्व निर्माणमा समाजिक अवस्थाले ठूलो भूमिका खेल्नेमा जोड दिएको देखिन्छ ।

अघिल्ला समाज वैज्ञानिकहरूको व्याख्या र विवेचनाबाट सचेत हुँदै सन् १९२४ मा एफ.एच.आलपोर्टले समाज मनोविज्ञान प्रति नयाँ दृष्टिकोण ल्याए । आलपोर्टले समाज मनोविज्ञान अन्तर्गत व्यक्तिको अध्ययन माथि जोड दिदै समाज मनोविज्ञानको विवेचनाको विषय सामाजिक वातावरणका सन्र्दभमा व्यक्तिको अध्ययन नै हो । व्यक्तिको अध्ययनबाटै समाज मनोविज्ञानको अध्ययन सम्भव रहेको हुन्छ । व्यक्तिको सामाजिक व्यवहारको व्याख्याको लागि कुनै बाह्य तत्त्वको मात्र आश्रय नलिइ उसमा रहेको मनोरचनाका आधारमा पनि उसको सामाजिक व्यवहारको व्याख्या गर्न सकिन्छ भन्ने रहेको छ (पाण्डेय, १९६३ : ६) । आलपोर्टले आफ्नो सिद्धान्तद्वारा समाज विज्ञान भन्दा समाज मनोविज्ञानलाई भिन्न रूपमा देखाए । साथै यसलाई प्रयोगात्मक रूपले व्याख्या गरी र एउटा विज्ञानको श्रेणीमा ल्याउने प्रयास पनि गरे । यहीबाट समाज मनोविज्ञानले आधुनिक रूप धारण गरी वर्तमानको समयमा अघि बढेको देखिन्छ ।

### २.२.३ वर्तमान अवस्था

समाज मनोविज्ञानको वर्तमानको अवस्था पहिलेको भन्दा धेरै भिन्न रहेको छ । समाज मनोविज्ञानले वर्तमानको स्वरूप प्राप्त गर्नमा आलपोर्टको समाज मनोविज्ञान सम्बन्धी आएको विचारले धेरै सहयोग गरेको छ । वर्तमान अवस्थामा सन् १९२० देखि १९३० को बिचमा मनोवैज्ञानिक र समाजवैज्ञानिकहरूले समाज मनोविज्ञान सम्बन्धी राखेको भिन्नतामा धेरै कमी आएको देख्न सकिन्छ । मनोवैज्ञानिकहरू आफ्नो अध्ययनको क्रममा व्यक्तिको व्यवहार र व्यक्तित्वमा सामाजिक वातावरणको धेरै प्रभाव पार्दछ भन्ने अनुभव गर्न पुग्छन् । व्यक्तिको कुनै व्यवहार अथवा व्यवहार अथवा व्यक्तित्वलाई बुझ्न अध्ययन गर्न उसको सामाजिक अङ्गको साथै सामाजिक वातावरणको पनि अध्ययन गर्नुपर्दछ । यस्तै यता समाज वैज्ञानिकहरूले पनि सामाजिक अङ्गको अध्ययन माथि धेरै जोड दिएको देखिन्छ (पाण्डेय, १९६३ : ७) । यसरी दुवैले व्यक्तिको व्यवहार र व्यक्तित्वमा सामाजिक अङ्ग र वातावरणको प्रभावलाई स्वीकार गरेकाले यी दुई बिचमा रहेको समाज मनोविज्ञान सम्बन्धी भिन्नतामा कमी आएको हो ।

समाज मनोविज्ञानमा देखिएका विविध समस्याको समाधानका लागि वर्तमानमा वैज्ञानिक पद्धतिको प्रयोग बढेर गएको छ । पहिले समाज मनोविज्ञानमा घटनाको वर्णन मात्र पाइन्थ्यो र घटनाको कारण र कारकको पारस्परिक सम्बन्धको कुनै ज्ञान हासिल हुदैनथ्यो । यस्तो हुनुमा यसको समस्या समाधानको लागि वैज्ञानिक विधिको प्रयोग भएको थिएन । तर वर्तमान समयमा समाज मनोविज्ञानमा घटनाको कारण र कारक पहिचान गरी त्यसलाई प्रयोगात्मक रूपमा समस्याको समाधान गर्ने गरेको देखिन्छ (त्रिपाठी र सिहं, १९८० : २६) । वर्तमानमा समाज मनोविज्ञानमा व्यक्तिको सामाजिक व्यवहारको लागि कुनै एक सिद्धान्त या नियमको मात्र प्रयोग हुदैन । व्यक्तिले समाजमा गर्ने सामाजिक व्यवहार तथा क्रियाकलापका अनेक कारण हुन्छन; त्यसैले उसको सामाजिक व्यवहारलाई व्याख्या गर्न कुनै एक सिद्धान्त वा नियमले मात्र सकिदैन त्यसको लागि अनेक नियम र सिद्धान्तको आवस्यकता पर्दछ । त्यसैको परिणाम स्वरूप वर्तमानमा व्यक्तिको सामाजिक व्यवहारको व्याख्याको लागि एकत्त्ववादको ठाँउमा बहुत्त्ववादको प्रयोग भएको छ ।

वर्तमानमा समाज मनोविज्ञानको एक मूख्य विशेषता भनेको मूलप्रवृत्तिको परित्याग रहेको छ । बिसौँ शताब्दीको पहिलो र दोस्रो दशकमा समाज मनोविज्ञानले व्यक्तिको सामाजिक व्यवहारको व्यख्याको लागि मूलप्रवृत्तिको अध्ययनमा जोड दिएको थियो । मेकडुगलले आफ्नो पुस्तक 'इन्ट्रोडक्सन टु साइकोलोजी' मा यस सिद्धान्तलाई प्रस्तुत गरेका थिय । व्यक्तिको प्रत्येक व्यवहार मूलप्रवृत्तिद्वारा सञ्चालित हुन्छन् मूलप्रवृत्ति जन्मजात र सबैमा रहेको हुन्छ । त्यसैले व्यक्तिले गर्ने सामाजिक व्यवहारलाई मूलप्रवृत्तिको आधारमा व्याख्या विश्लेषण गर्ने गरिन्थ्यो । पछि आएर मूलप्रवृत्तिमा वैज्ञानिक रूप पाउन नसक्दा यसको आलोचना हुन थाल्यो र १९२० को समयमा आँउदा आँउदै यसलाई समाज मनोवैज्ञानिकहरूले परित्याग गरेको देखिन्छ (त्रिपाठी र सिहं, १९८०

: २७) । वर्तमानमा मूलप्रवृत्तिको ठाँउमा प्रेरणा, पूर्नवल, लक्ष्य, अभिवृत्ति एवम् बानीको निर्माणको प्रयोग गरी व्यवहारको व्याख्या गरेको देखिन्छ ।

प्रारम्भिक रूप भन्दा समाज मनोविज्ञानको वर्तमान सममयको रूप एकदमै अलग रहेको छ प्रारम्भिक विद्वानले कल्पना र अनुमानको आधारमा समाज मनोविज्ञानको विभिन्न नियम र सिद्धान्तको प्रतिपादन गरेका थिए । प्रारम्भिक अवस्थामा समाज मनोविज्ञान पूर्णतः सैद्धान्तिक, निगमनात्मक र अवैज्ञानिक थियो । जब-जब यसमा विद्वानहरूको रुचि बढ्दै गयो तब-तब नयाँ-नयाँ तथ्य र प्रणालीको समावेश हुदै गयो त्यसैको प्रतिफल स्वरूप वर्तमानमा यो पूर्णतः विकसित भई व्यवहारिक, वैज्ञानिक र आगमनात्मक बनेको छ ।

## २.४ समाज मनोविज्ञान विश्लेषण मूलभूत पक्षहरू

मानिसले समाजमा बसेर गर्ने विभिन्न सामाजिक क्रियाकलाप तथा वैयक्तिक व्यवहारको कारण समाजमा विभिन्न समस्याहरू उत्पन्न हुन्छन् । मानिसका ती क्रियाकलाप र व्यवहारबाट उत्पन्न समस्याहरू विविध प्रकृतिका हुन्छन् । जस्तै- जातीय भेदभाव, औधोगिक अशान्ति, अपराध, वेश्यावृत्ति, वेरोजगारी आदि । यी र यस्ता समस्याहरू कसरी उत्पन्न हुन्छन् र यस माथि कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने बुझ्नको लागि समाज मनोविज्ञानले सहयोग गर्दछ । मानिसको सामाजिक व्यवहार र समाजमा देखिएका विविध समस्याहरूको अध्ययन विश्लेषण र समाधानका लागि समाज मनोविज्ञान विश्लेषणका मूलभूत पक्षहरू निम्न रहेका छन् ।

### २.४.१ सामाजिक व्यवहार

मानिसले सामाजिक व्यवहार किन गर्दछ ? यसको कारण के हो ? यो कसरी उत्पन्न हुन्छ ? आदि जस्ता विविध कारणहरूको अध्ययन समाज मनोवैज्ञानिकहरूले गरेको देखिन्छ । सुरुमा सामाजिक व्यवहारको मूलकारण मूलप्रवृत्तिलाई मानेको देखिन्छ र यसैका आधारमा समाज मनोवैज्ञानिकहरूले सामाजिक व्यवहारको व्याख्या गरेको देखिन्छ । व्यक्तिको सामाजिक व्यवहार वुद्धि र चेतना द्वारा निर्देशन नभएर विभिन्न मूलप्रवृत्ति द्वारा निर्देशित हुन्छ भन्ने दृष्टिकोण लामो समय सम्म मान्य पनि रह्यो । तर पछि आएर सामाजिक व्यवहारको मूल कारण मूलप्रवृत्तिलाई खण्डन गरी त्यसको आधार प्रेरणालाई मानेको देखिन्छ (पाण्डेय, १९६३ : ५१) । त्यसैले आजभोलि प्रेरणालाई सामाजिक व्यवहारको मूल कारण मानेको देखिन्छ ।

सामाजिक व्यवहारको मूख्य आधार मेकडुगलले वात्सल्य मूलप्रवृत्तिलाई लिएका छन् । यसैको आधारमा व्यक्तिले समाजका प्रत्येक क्रियाकलाप र सामाजिक व्यवहार गर्दछ भन्ने रहेको छ । मूलप्रवृत्तिकै आधारमा व्यक्ति परोपकारी, उदार, दानशील, समाजसेवी आदि जस्ता व्यवहार गर्दछ र अर्काको सुख दुःख, राम्रो नराम्रो आदिको ख्याल पनि राख्दछ भन्ने रहेको छ (पाण्डेय, १९६३ : ५२) । हाँब्स र ट्रोटरले सामाजिक व्यवहारको मूल आधार सामूहिकतालाई मानेका छन् । उनका अनुसार मानिस जन्मजात रूपमा नै एकअर्का सँग बस्ने समूहमा रहने व्यवहार लिएर आएका हुन्छन् ।

मानिस समूहमा बस्दा अर्काको व्यवहारबाट प्रभावित हुन्छ जसको परिणम स्वरूप उसको मानसिक अवस्थामा परिवर्तन आँउछ (पाण्डेय, १९६३ : ५७) । यही कारण कुनै समाजको सदस्यले एउटै तरिकाले सोच्ने, सम्झने, र त्यही अनुसार व्यवहार पनि गर्दछ भन्ने रहेको छ ।

व्यक्तिले जानेर अथवा नजानेर सुस्त-सुस्त समाजको रहनसहन, विचार, भाव, रीतिरिवाज, चालचलन आर्दश आदि पक्षहरू अपनाउँछ । त्यसरी अपनाइएका समाजका ती पक्षहरूले उसलाई सामाजिक व्यवहारमा सक्रिय गराउँदछ । टार्डे, वाल्डविन, राँस आदि विद्वानहरूले त्यसरी अपनाइएका व्यवहारहरूलाई व्यक्तिले अनुकरणद्वारा सिक्दछ भनेका छन् (पाण्डेय, १९६३ : ६२) । कुनै क्रियाकलाप देखेर त्यही क्रियाकलाप गर्नुलाई अनुकरण भन्दै यसैका आधारमा व्यक्तिले सामाजिक व्यवहार गर्दछ भन्ने विद्वानहरूको मत रहेको छ ।

व्यक्तिले गर्ने सम्पूर्ण सामाजिक व्यवहार प्रेरणा बाट निर्धारत हुन्छ । प्रेरणाबाट व्यक्तिले सामाजिक व्यवहार गर्दछ भन्ने विद्वानहरूमा डब्लु.आइ.थोमस, टोलमेन, गोल्डस्टेन, मरे, कुर्ट लेविन आदि रहेका छन् । कुनै व्यक्ति समाजमा मान प्रतिष्ठा पाउनको लागि सामाजिक कार्य गर्दछ । समाजको सम्पर्कमा रहँदा उ सामाजिकता, सङ्गठन, समूह, समूदाय आदिको महत्त्व बुझ्दछ । अतः उ सामाजिक मान्यता, यश, प्रतिष्ठा, सुरक्षा आदि पाउने प्रेरणाबाट समाजसेवा, परोपकारी आदि कार्य गर्दछ भने जीविकोपार्जनको लागि उसले व्यवसाय, नोकरी, चोरी, भिक्षा माग्ने आदि काम गर्दछ (पाण्डेय, १९६३ : १०१) । यसरी व्यक्तिले आफ्नो जीवनमा गर्ने सम्पूर्ण कार्यमा प्रेरणाको हात रहेको हुन्छ र व्यक्तिले गर्ने सामाजिक व्यवहारको एउटा मुख्य आधार प्रेरणा रहेको छ ।

### २.४.२ सामाजीकरण

मानिसको जीवनमा सामाजीकरणको महत्त्वपूर्ण स्थान रहेको छ । मानिस समाजमा समाज अनुकुल समायोजन हुनु सामाजीकरण हो । मानिसलाई समाजमा स्थापित गर्नमा सामाजिक सिकाइको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सामाजिक सिकाइको कारणले एउटा बच्चा पछि गएर समाजको सु-सभ्य नागरिकको रूपमा स्थापित रहन्छ । सामाजीकरण मुख्यतया सामाजिक सिकाइमा निर्भर रहन्छ । सामाजिक सिकाइ द्वारा नै व्यक्ति समाजको सम्पर्कमा आउँछ र विभिन्न सामाजिक गुणहरू रीतिरिवाज, चालचलन, नीतिनियम, आदिको सिकाइ गरी सामाजिक प्राणी बन्दछ (त्रिपाठी र सिहं, १९८० : १५६) । मनोवैज्ञानिकहरूले यही सामाजिक गुणहरूको आर्जन प्रक्रियालाई सामाजीकरण भनेका छन् । इ.एल. हार्टले र आर.इ. हार्टलेले “सामाजीकरण त्यो प्रक्रिाया हो जसद्वारा कुनै पनि व्यक्ति कुनै सामाजिक समूहको सदस्य बन्दछ” भनी सामाजीकरणलाई परिभाषित गरेका छन् (पाण्डेय, १९६० : १०७) । यस परिभाषामा कुनै सामाजिक समूहको सदस्य बन्नको लागि समाज स्वीकृत रहनसहन, धर्म, नैतिक मूल्य-मान्यता आदिलाई सिक्नु आवश्यक हुन्छ

। समाजमा प्रचलित मान्यताको सिकाइ विना कुनै व्यक्ति त्यस समाजमा समायोजन हुन सक्दैन भनिएको छ ।

सामाजीकरण एक सरल प्रक्रिया नभई जटिल प्रक्रिया पनि हो । यसमा विभिन्न प्रक्रिया सम्मिलित हुन्छ । कुनै प्रक्रिया एकअर्काबाट पूर्ण स्वतन्त्र हुन्छ भने कुनै एकअर्कामा सहयोगी हुन्छ । सामाजिक मानिस कुनै एक प्रक्रियाको नभई बरु अनेक प्रक्रियाको परिणाम हो । सामाजीकरण प्रक्रिया जन्म देखि मृत्यु सम्म निरन्तर चलिरहने प्रक्रिया हो व्यक्तिको विभिन्न अवस्थामा यसको विकास पनि फरक-फरक हुन्छ । जन्मदेखि किशोरावस्था सम्ममा यसको विकास तीव्र गतिमा हुन्छ त्यसै समयमा व्यक्तिले धेरै भन्दा धेरै सामाजिक व्यवहारहरू सिक्दछ । प्रौढावस्थाको समयमा यसको विकासको गतिमा कम हुन्छ भने सामाजिक व्यवहारको सिकाइ पनि कम हुन्छ (पाण्डेय, १९६३ : १०७) । यसरी सामाजीकरण व्यक्तिको विकासमा अलग अलग रूपमा हुने गर्दछ ।

निल मिलर तथा जोन डोलार्डले व्यक्तिको सामाजीकरणमा प्रेरणा, संकेत, प्रतिक्रिया, र पुरस्कार मुख्य रहने बताएका छन् । कुनै कार्य गर्नको लागि प्रेरित गर्ने प्रमुख उत्तेजनालाई प्रेरणा भनिन्छ । प्रेरणा पाउनको लागि सामाजिक परिस्थितिमा गर्ने कार्यले संकेतलाई जनाउँछ । प्रेरणा र निश्चित संकेतमा गरिने कार्यले तेस्रो अवस्थाको प्रतिक्रियालाई जनाउँछ । त्यही प्रतिक्रियामा पनः उक्त कार्य दोहोऱ्याउनुमा प्रतिक्रियाले पुरस्कारको काम गर्दछ (पाण्डेय, १९६३ : १०८) । जस्तै- बालकले घरमा पाहुना आउँदा घरका अन्य सदस्यले प्रशंसा गरे बालकले पुनः त्यो कार्यलाई दोहोऱ्याउछ । यहाँ प्रशंसाले प्रेरणाको काम गर्दछ, पाहुना घरमा आउनुले सङकेतको कार्य गर्दछ, बालकको कार्य प्रति गरिने व्यवहाले प्रतिक्रियाको कार्य गर्दछ भने त्यही प्रोत्साहन अथवा प्रंशसा नै बालकको लागि पुरस्कारको कार्य गर्दछ । त्यसैले सामाजीकरणमा प्रेरणा, संकेत, प्रतिक्रिया र पुरस्कार गरी चार अवस्थाको सम्मिलन हुन्छ ।

### २.४.३ सामाजिक मनोवृत्ति

समाज मनोविज्ञानमा सामाजिक मनोवृत्तिको अध्ययन आवश्यक हुन्छ । व्यक्तिको सामाजिक व्यवहार उसको मनोवृत्तिद्वारा निर्देशित हुन्छ । मनोवृत्तिले व्यक्तिको मानसिक स्थिति वा मनको क्रियाशीलतालाई जनाउँछ । मनोवृत्ति जन्मजात हुदैन । यो मानवको अभिप्रेरणाको क्षेत्रसँग सम्बन्धित छ जसको सुरुवात सामाजिक सिकाइमा निर्भर गर्दछ । व्यक्तिको जीवनमा यसको आर्जन हुन्छ (त्रिपाठी र सिहं, १९८० : २०४) । मानिसको विकासको साथसाथै उसको मनोवृत्तिको पनि विकास हुन्छ । मानिसको जीवन पूर्ण रूपमा समाजमा निर्भर रहन्छ । मानिसस एकअर्काको सम्पर्कमा जन्म सँगै रहन्छ । व्यक्तिमा आफ्नो समाजको जीवनको छाप परेको हुन्छ । सामाजिक वस्तु, मूल्य, सामाजिक समस्या, समूह एवम् सस्था आदि प्रतिको मनोवृत्तिलाई सामाजिक मनोवृत्ति भन्ने गरिन्छ ।

सामाजिक मनोवृत्ति व्यक्तिको कार्य तथा भाषाबाट देखिन्छ । समाजको कुनै व्यक्ति तथा समूहसँग व्यक्तिको अन्तर्क्रिया सांक्कृतिक अनुष्ठान प्रतिको व्यवहार आदि जस्ता व्यवहारमा हामी सामाजिक मनोवृत्ति देख्न सक्छौ । मनोवृत्तिले कुनै व्यक्ति समूह या संस्था विशेषप्रति व्यक्तिको समायोजनलाई देखाउँछ । सामाजिक मनोवृत्तिमा सांस्कृतिक मूल्य निहित रहेको हुन्छ । कुनै कार्य गर्ने हो वा होइन यस बारेमा समाजमा रहेका व्यक्तिहरूमा उत्सुकता बनिरहेको हुन्छ । त्यसले गर्दा व्यक्तिलाई व्यक्ति समूह तथा संस्थाको पक्ष वा विपक्षमा बनाइदिन्छ (कुप्पुस्वामी, १९८३ : १९०) । अतः मनोवृत्तिले कसलाई प्राथमिकता दिने कसबाट आशा गर्ने र के आवश्यक छ तथा को बाट टाढा रहने भन्ने बनाउँछ ।

सामाजिक मनोवृत्ति अर्जित प्रक्रिया भएकाले केही लामो समय सम्म स्थायी पनि हुन्छ । उक्त मनोवृत्तिले उसको जीवनमा सकारात्मक प्रभाव पारेको खण्डमा मनोवृत्ति परिवर्तन नभई स्थायी रूपमा नै रहन्छ । आर्जित प्रक्रिया भएकाले यो परिवर्तनशील पनि हुन्छ । मनोवृत्ति परिवर्तन भनेको कुनै विषय वा समस्याप्रति व्यक्तिको दृष्टिकोणमा परिवर्तन आउनु हो । जस्तै- कुनै विषयप्रति हाम्रो नकारात्मक धारण रहेको छ भने त्यस विषय प्रति सकारात्मक धारणा बन्नु मनोवृत्ति परिवर्तन हो । मनोवृत्ति निर्माण तथा परिवर्तन दुवै आफै उत्पन्न भएको हुदैन । मनोवृत्ति निर्माण तथा परिवर्तनमा आन्तरिक तथा बाह्य दुवै प्रकारका कारक तत्त्व रहन्छन् । आन्तरिक कारकमा व्यक्तिको प्रेरक एवम् उसको आर्दश आदि पक्ष सम्मिलित हुन्छ भने बाह्य कारकमा व्यक्तिको अनुभव तथा समूहको व्यक्तिद्वारा प्राप्त सूचना आदि सम्मिलित हुन्छन् (कुप्पुस्वामी, १९८३ : २०३) । मनोवृत्तिको निर्माण गरिने भएकाले यो आर्जित प्रक्रिया हो । यो व्यक्तिको आन्तरिक र बाह्य अनुभवबाट प्राप्त सूचनाका आधारमा हुन्छ ।

### २.४.४ भिड

समाज मनोविज्ञान विश्लेषणको एउटा पक्ष भिड पनि रहेको छ । मनोवैज्ञानिकहरूका अनुसार भिड व्यक्तिहरूको समूह हो तर सबै व्यक्तिहरूको समूहलाई भिड भन्न सकिदैन भनेका छन् । केही छोटो समयको लागि जम्मा भएर गरेको कुराकानीको क्रियलाई भिडको कार्य भनिदैन तर तिनै व्यक्तिहरू कुनै मारपिट हुलदङ्गा आगोलाग्दा निभाउने आदि कायमा सक्रिय हुन्छन् भने त्यो भिडको कार्य हो । भिडका प्रत्येक सदस्यहरू एउटै प्रकारको संवेगबाट प्रभावित हुन्छन् तथा प्रत्येकको सोच र अनुभव आदिमा प्राय भिन्नता हुदैन । साझा घटना अथवा साझा रुचिको कारण सबैले एउटै तरिकाले सोच्ने र कार्य गर्ने गर्दछन् । यसै सन्दर्भमा कैण्ट्रिलले भिड व्यक्तिहरूको यस्तो समूह हो जसका कारणले त्यसका सदस्यहरू बिच क्षणिक पहिचानलाई प्रस्थापित गर्ने गर्दछन् भनेका छन् भने किबंलयंगले भिड यस्तो पर्याप्त धेरै व्यक्तिहरूको समूह हो जुन कुनै केन्द्र अथवा एउटै साझा विन्दु सँग सम्बद्ध रहन्छ भनेका छन् (पाण्डेय, १९६३ : १८६) । यी परिभाषाहरूले भिडबाट यस्तो जन समूहको ज्ञान हुन आँउछ जसको सदस्यमा शारीरिक तथा मानसिक दुवै

किसिमको सम्बन्ध मिलेर रहेको हुन्छ । यो सम्बन्ध क्षणिक रहने भएकाले भिड पनि धेरै लामो समय सम्म रहदैँन ।

भिडमा वैयक्तिक मनको कुनै स्थान हुदैन । भिड समूहमन द्वारा निर्देशित हुन्छ । यसै कारणले भिडका सबै व्यक्तिले एउटै तरिकाले सोच्ने र कार्य गर्ने गर्दछन् । भिडको इच्छामा व्यक्तिले आफ्नो इच्छा र अभिलाषालाई समेत परिवर्तन गर्ने गर्दछन् भनी लीबाँनले समूहमन द्वारा भिडको सैद्धान्तिक व्याख्या गरेका छन् (पाण्डेय, १९६३ : १९४) । मार्टिनले भिडको व्यवहार भिडमा रहेका सदस्यहरूको अचेतन मनद्वारा सञ्चालित हुन्छ । अचेतनमा व्यक्तिको अतृप्त इच्छा सक्रिय रहन्छ । त्यसैले ती इच्छा चाहनाहरू दैनिक जीवनमा पूर्ती हुदैनन् र व्यक्तिले भिडमा ती इच्छा चाहानाहरूलाई पूरा गर्ने कोशिष गर्दछ । त्यतिखेर उसको बाटोमा समाज वा नैतिकताको बन्धन रहदैन भनि भिडको मनोविश्लेषणात्मक तरिकाबाट अध्ययन गरी अचेतन मनद्वारा भिड सञ्चालित हुन्छ भन्ने कुरा बताएका छन् (पाण्डेय, १९६३ : १९५) । यसरी भिडमा व्यक्तिको अचेतन मन सक्रिय हुन्छ जसमा उसले आफ्नो इच्छा चाहनाहरूलाई समेत परिवर्तन गर्ने गर्दछ ।

अतः संवेगको उपस्थिति हनु, सबैलाई उत्तेजित गराउने परिस्थितिको सृजना हनु, भिडका सदस्यमा मनोवैज्ञानिक एकता हनु, आकस्मिक निर्णय लिनु आदि भिडका प्रमुख विशेषताका रूपमा रहेका छन् ।

### २.४.५ फेसन

व्यक्तिले गर्ने रहन सहन, खानपान, वेशभूषा, आभूषण कुरा गर्ने तरिका एवम् अन्य व्यवहारका साथै अभिव्यक्ति माथि समय-समयमा जुन परिवर्तन गर्दछ तथा नवीनताप्रति आकर्षण र आफूलाई अरु भन्दा अलग पहिचान दिन गरेको कार्यलाई फेसन भनिन्छ । समाजका प्रत्येक वर्ग एवम् व्यक्ति माथि फेसनको कुनै न कुनै प्रभाव परेको हुन्छ जसले गर्दा व्यक्तिको व्यवहारमा परिवर्तन ल्याउँदछ (त्रिपाठी र सिहं, १९८० : ४५७) । मानिसले सधै नवीन कार्य गर्न रुचाउँछ । उसले आफ्नो कार्यमा नवीनताको साथै परिवर्तन पनि चाहन्छ । यही नवीन र परिवर्तनशील कार्यले गर्दा समाजमा फेसनले स्थान पाउँछ । फेसनलाई एकप्रकारको परिवर्तन मान्न सकिन्छ । किनभने यसबाट मानिसको कार्य, व्यवहार, तथा रुचिमा परिवर्तन आउँछ । यो परिवर्तन निरन्तर चलिरहन्छ । त्यसैले फेसन क्षणिक हुन्छ, परिवर्तनशील हुनका साथ-साथै चक्रीय गतिमा पनि परिवर्तन हुन्छ ( पाण्डेय, १९६३ : २१२) । कुनै पनि फेसन लामो समय सम्म निरन्तर रूपमा समाजमा चलिरहदैन । त्यो केही समय पछि परिवर्तन हुन्छ । त्यस्तै आज समाज तथा व्यक्तिहरूले अपनाएको फेसन बिचमा हराई पछि देखा पर्दछ । यसलाई हामी चक्रीय रूपमा परिवर्तित फेसन भन्न सक्छौं ।

फेसन समाजको एउटा निश्चित सीमा र मर्यादा भित्रै हुन्छ । कुनै पनि फेसन समाजको मूल्य मान्यता विरुद्ध जान सक्दैन । त्यो फेसन समाजमा बस्ने चाहे सीमित व्यक्तिले प्रयोग गरुन वा बहुसङ्ख्यक व्यक्तिले । फेसन जसले समाजलाई कुनै हानि नोक्सानि नगरी व्यक्तिलाई परिवर्तन

गर्दछ त्यो फेसन सामाजिक मान्यताको अनुकूल हुन्छ । कुनै पनि फेसन सुरुमा समाजको मूल्य मान्यताको विरुद्धमा नै रहेको हुन्छ । तर केही समय पछि दुई चार व्यक्ति हुदैं समाजका अन्य व्यक्तिहरूले त्यसलाई अपनाउँछन् र समाजले त्यसलाई स्वीकार्दछ । तर कुनै-कुनै फेसन भने समाजले नस्वीकारी त्यसै हराएर जाने पनि गर्दछ । सामान्यतः कुनै पनि फेसन उच्च स्तरको व्यक्तिबाट सुरु भएर निम्न स्तरका व्यक्तिमा गएर समाप्त हुन्छ । कुनै पनि व्यक्तिले आफूभन्दा माथिल्लो स्तरको व्यक्तिको नै नक्कल गर्न चाहन्छ र गर्छ पनि त्यसैले गर्दा फेसन अनुकरणबाट प्रसार हुनेगर्दछ (पाण्डेय, १९६३ : २२०) । यसरी फेसन प्रसार हुनुको मुख्य कारण नक्कल अथवा अनुकरण रहेको छ ।

### २.४.६ जनमत

जनमत जन र मत दुई शब्द मिलेर बनेको हुन्छ । जन शब्दले जनता र मत शब्दले कुनै विवादग्रस्त समस्याको पक्ष वा विपक्षमा गरिने विचार वा दृष्टिकोणलाई जनाउँछ । यसरी जनमत कनै विवादग्रस्त विषयको सम्बन्धमा कुनै निश्चित समयमा जनताद्वारा स्वीकृत मत हो । त्यसैले जनमतको आधारमा विवादग्रस्त समस्या हुन्छ र यो पुरै जनताको मत नभई बहुमत हो ( कुप्पुस्वामी, १९८३ : २२०) । जनमत द्वारा जटिल विवादास्पद समस्याको समाधान गरिने भएकोले यसबाट आर्थिक, सामाजिक, धार्मिक र राजनैतिक समस्याको समाधान पनि हुने गर्दछ । त्यसैले आजभोली जनमतलाई जनताको आवाज र न्यायको सर्वोच्च न्यायलय भन्ने गरिन्छ ।

जनमतमा कुनै सानो समुदाय देखि ठूलो समुदाय सम्मका मान्छेको मत समाविष्ट हुन्छ, जुन कुनै विशेष समयमा कुनै खास समस्यासँग सम्बन्धित हुन्छ । तर जनमत एउटा यस्तो प्रक्रिया पनि हो जुन समय र विशेष सम्बन्धमा परिवर्तन हुनका साथसाथै जनताको जनमत पनि समय विशेष अनुसार परिवर्तन (कुप्पुस्वामी, १९८३ : २२१) । जस्तै २०६४ सालको संविधान सभाको निर्वाचनमा जनताले माओवादीलाई सबैभन्दा धेरै जनमत दिए भने २०७० सालको निर्वाचनमा कम मत दिए । त्यसैले जनमत समय विशेष अनुसार परिवर्तन हुन्छ ।

जनमत एउटा निश्चित प्रक्रियामा हुन्छ । सर्वप्रथम जनमत निर्माणको लागि एउटा यस्तो समस्याको आवश्यकता पर्दछ जुन विवादास्पद हुनुका साथै धरै भन्दा धेरै व्यक्तिहरू सँग सम्बन्धित होस । जस्तै- स्वास्थ्य, यातायात, वेरोजगारी आदि समस्या जसमा जनताले सजिलै आफ्नो मत दिन सकोस । समस्याको निर्माण पश्चात दोस्रो स्तरमा समस्या समाधानको विभिन्न अङ्गको खोज र त्यसमाथिको विचार रहेको छ । समस्या समाधानको खोज र त्यसमाथिको विचार पश्चात विवादको स्तर बढ्नु हो । यस अवस्थामा विभिन्न दल या सम्प्रदायका व्यक्तिले आफ्नो स्वार्थ अनुसार एउटै समस्याको समाधानको लागि विभिन्न रूपरेखा प्रस्तुत गर्दछन् । तस्रो स्तरको समस्या समाधानको लागि जनता द्वारा गरिने मतदान निर्माणको अन्तिम अवस्था हो । जनमत निर्माणमा जनताको

मतदानबाट जसको बहुमत हुन्छ त्यसको विजय हुन्छ । जनताद्वारा प्रस्तुत समस्याको समाधान जनमतद्वारा स्वीकृत समाधान मान्ने गरिन्छ ।

समाज मनोविज्ञानमा जनमतको अध्ययनबाट विवादास्पद समस्याको पक्ष वा विपक्षमा जनताले कता आफ्नो मत प्रस्तुत गर्दछन्, जनमत कसरी परीवर्तन हुन्छ, कुन-कुन माध्यम अपनाउँदा जनमत आफ्नो पक्षमा आउँछ, जनमतको मापन कसरी गरिन्छ आदि पक्षको ज्ञान हुने भएकाले जनमतको अध्ययन हुनु आवश्यक देखिन्छ ।

## २.४.७ नेतृत्त्व

सामाजिक अथवा सामूहिक कार्यमा नेता वा नेतृत्त्वको विशेष प्रभाव पर्दछ । नेता आफ्नो समाजको पथप्रदर्शक मानिन्छ र समाज उसको संकेत र कार्य अनुसार चल्दछ । नेतृत्त्व जसले समूहको क्रियाकलापलाई प्रभावित गर्दछ । नेताको प्रभाव समूहको सदस्य माथि पर्दछ भने समूहका सदस्यको प्रभाव नेता माथि पर्दछ । यसै आधारमा क्रेच, क्रेचफील्ड र बैलकीले “कुनै समूह या सङ्गठनको नेता त्यो सदस्य हो जसले समूहका सदस्यको व्यवहारलाई अत्यधिक प्रभावित गर्दछ, तथा समूहको लक्ष्यलाई परिभाषित गर्न र समूहको विचारधारलाई निर्धारित गर्नमा मुख्य भूमिका निभाउँछ” भनेका छन् (त्रिपाठी र सिहं, १९८० : ३४६) । यसरी नेताले समूहको सदस्यको व्यवहारलाई प्रभावित पार्नुका साथै समूहको विचारधारालाई निर्देशित गरेको हुन्छ ।

प्रायः मानिसहरू नेता शब्दबाट राजनीतिक नेताको अर्थ लगाउने गर्दछन् । तर मनोवैज्ञाानिक दृष्टिकोण यसभन्दा भिन्न रहेको छ । मनोवैज्ञानिक अनुसार कुनै पनि क्षेत्रमा त्यो व्यक्ति जसले केही व्यक्ति अथवा त्यस समूहको पथप्रदर्शक वा मार्ग निर्देशन गर्दछ त्यसलाई नेता भन्ने गरिन्छ । काट्ज एण्ड शाँकले “नेता कुनै सामाजिक संस्था सङगठन अथवा कार्यलयको प्रमुख हुन्छ । आफ्नो क्षेत्रमा उसको विचार वा मतलाई मान्ने धेरै सङ्ख्यामा व्यक्ति रहेका हुन्छन् । उसको सरल भाषामा जनता एवम् सरकारको समक्ष आफ्ना अनुयायीहरूको मागलाई प्रस्तुत गर्दछ । उसले आफ्नो उद्देश्य पूर्तिको लागि प्रचलित नियमको सीमालाई पनि उलङ्घन गर्नमा केही आपत्ति मान्दैन” भनेका छन् (पाण्डेय, १९६३ : २२३) । त्यस्तै अर्का मनोवैज्ञानिक किबलयंगका अनुसार “नेता संस्था अथवा सङ्गठनको प्रमूख हुन्छ । यस सँग-सँगै आफ्ना अनुयायीलाई मार्गदर्शन गर्नु उसको प्रमुख कर्तव्य हुन्छ” (पाण्डेय, १९६३ : २२३) । यी मनोवैज्ञानिकको भनाईबाट नेता भनेको केही व्यक्ति तथा उनीहरूको समूहको पथप्रदर्शक हो भन्ने चिनाउँछ ।

नेतृत्त्व अन्तर्क्रियाबाट देखिने गर्दछ जसको उत्पत्ति समूह निर्माणबाट हुन्छ । व्यक्तिहरूको समूह एकत्रित भएर आफूले आफूलाई स्वयम् एउटा कार्यमा लगाउँछन् जसले सबै व्यक्तिको समूहलाई एउटै कार्यमा  सहभागि गराउँछ । यसबाट एउटा ठूलो समूह संरचनाको निर्माण हुन्छ र एउटा व्यक्तिले नेतृत्त्वको रूप धारण गर्दछ (कुप्पुस्वामी, १९८० : ४७१) । त्यसैले यो सामाजिक अन्तर्क्रियाको परिणाम हो जसबाट नेतृत्त्व उत्पन्न हुन्छ ।

### २.४.८ सामाजिक समूह

समाज वा समूहको सम्बन्धमा व्यक्तिको अध्ययन गर्नु समाज मनोविज्ञानको उद्देश्य रहेको छ । समूहको निर्माण व्यक्तिहरूबाट हुन्छ । व्यक्तिमा परस्पर सहयोगको भावना र उनीहरूको आवश्यकता तथा लक्ष्य एकअर्कासँग समान हुन गएमा समूहको निर्माण शिघ्र हुन्छ । जब दुई या दुई भन्दा बढी व्यक्ति परस्पर अन्तर्क्रियाद्वारा एकअर्कालाई प्रभावित गर्दछन् या लक्ष्य प्राप्त गर्ने प्रयास गर्दछन् तब त्यसलाई समूह भनिन्छ (त्रिपाठी र सिहं, १९८० : ३१७) । समूहको आफ्नो नियम हुन्छ र त्यो समूह अथवा समाजमा रहेका प्रत्येक समूहको विशेष महत्त्व हुन्छ ।

समूहको उत्पत्ति व्यक्तिको पारस्परिक क्रियाको फलस्वरूप हुन्छ । समूहलाई न्युकोबंले “दुई या दुई भन्दा बढी यस्ता व्यक्तिहरू मिलेर बन्दछ जसको नियम कुनै पनि कुराको सम्बन्ध एउटै होस र जसको सामाजिक कार्य एवम् भूमिका एकअर्का सँग घनिष्ट रूपमा सम्बद्ध रहेको हुन्छ” भनेका छन् (कुप्पुस्वामी, १९८० : ३६६) । यसबाट समूहमा केवल यस्ता व्यक्ति आउँछन् जसको कुनै विषयका सम्बन्धमा केही नियम तथा महत्त्व समान हुन्छ । यसको अतिरिक्त समूहमा यस्ता व्यक्ति पनि हुन्छन् जसको सामाजिक कार्य र भूमिका परस्पर सम्बन्धित हुन्छ भनिएको छ । त्यस्तै विलियम्सले समूहको स्वरूप स्पष्ट पार्दै “सामाजिक समूह मानिसको निश्चित सङ्ग्रह हो जसमा व्यक्तिले परस्पर अन्तर्सम्बन्धित कार्यहरू गर्दछन् तथा जुन आफूद्वारा या अरु कोही द्वारा गरिएको पारस्परिक अन्तर्क्रिया कार्यको रूपमा मान्य हुन्छ” (त्रिपाठी र सिहं, १९८० : ३१७) । यसरी समूहमा व्यक्ति हुनु आवश्यक देखिन्छ र त्यसमा एकअर्का बिच अन्तर्क्रिया पनि त्यत्तिकै आवश्यक रहेको देखिन्छ ।

प्रत्येक समूहको कुनै लक्ष्य हुन्छ जसलाई पाउन समूहका सबै सदस्यले प्रयास गर्दछन् । समूहलाई प्रभावशाली बनाउनको लागि समूहको लक्ष्य स्पष्ट हुनुका साथै समूका सबै सदस्य त्यसप्रति सहमत हुनु आवश्यक हुन्छ । तब मात्र त्यस लक्ष्य प्राप्त गर्नको लागि सबैले सामूहिक प्रयास गर्दछन् । यदि कुनै समूहको स्पष्ट लक्ष्य र त्यसलाई प्राप्त गर्ने सामूहिक प्रयास रहेमा त्यस समूह बाह्य एवम् आन्तरिक दुवै रूपमा धेरै सङ्गठित हुन्छ र त्यस समूहका सदस्यमा परस्पर सहयोगको भावना पाउन सकिन्छ (त्रिपाठी र सिहं १९८० : ३३१) । यदि समूहको लक्ष्यद्वारा आफ्नो व्यक्तिगत आवश्यकता पूरा हुन्छ भन्ने समूहका सदस्यले अनुभव गर्दछन् भने समूहका सदस्यले त्यसलाई प्राप्त गर्ने पुरा प्रयास गर्दछन् ।

### २.४.९ प्रचार

प्रचार एउटा महत्त्वपूर्ण सामाजिक प्रक्रिया हो । प्रत्येक समाजमा आजभोली यसको उपयोग अत्यधिक भइरहेको छ । चाहे कुनै राजनीति पार्टी होस, या कोही व्यापारी संस्थान होस, या कोही अन्य सङ्गठन होस सबैले यसको प्रयोग गरी आफ्नो उद्देश्य पूर्ति गर्न चाहन्छन् । प्रचारद्वारा कुनै राम्रो कुरा या भनाईलाई अन्य व्यक्ति समक्ष पुऱ्याउन सकिन्छ र त्यसलाई स्वीकार गराउनको लागि

अनेक विधिको प्रयोग गर्न सकिन्छ । प्रचार उद्दश्य पूर्ण हुनका साथै पूर्व नियोजित हुन्छ । प्रचारका माध्यमबाट व्यक्तिको विचार, मूल्य, मत या अभिवृत्तिलाई परिवर्तन गर्ने प्रयास गरिन्छ । कहिले-काही प्रचारकर्ता दोषपूर्ण प्रचारमा संलग्न हुन जान्छ र जनतालाई भ्रम अथवा अन्धकारमा राख्दछ ( त्रिपाठी र सिहं, १९८० : ३८४) । यसप्रकार दोषपूर्ण प्रचारबाट बच्न् पर्ने आवश्यक हुन्छ । जनमानसलाई नियन्त्रित गर्न एवम् त्यसलाई एउटा निश्चित लक्ष्य तिर प्रेरित गर्ने दृष्टिकोणबाट प्रचारको धेरै महत्त्व हुन्छ ।

प्रचारको स्वरूपलाई स्पष्टपार्दै क्रच तथा क्रचफील्डले भनेका छन् "मानिसलाई नियन्त्रित गराउने शक्तिमा प्रचारको अत्यधिक महत्त्व हुन्छ । ...युद्धको हतियारका रूपमा यो अणुवम भन्दा पनि घातक हुन्छ भने शान्तिको यन्त्रको रूपमा संयुक्त राष्ट्रसंघ भन्दा पनि धेरै प्रभावशाली हुन्छ" ( त्रिपाठी र सिहं, १९८० : ३८४) । डुवले पनि यसको स्वरूपको चर्चा गर्दै "प्रचार कुनै इच्छुक व्यक्ति या व्यक्तिहरू द्वारा निर्देशनको सहायतामा व्यक्तिहरूको समूहको अभिवृत्तिलाई नियन्त्रित गर्ने व्यवस्थित प्रयास हो" भनेका छन् (पाण्डेय, १९६३ : २७१) । यी विद्वानहरूको विवेचनाबाट प्रचारको स्वरूप पूर्व नियोजित आधारमा कसैको विचार मूल्य अभिवृत्ति एवम् मतलाई मनोवैज्ञानिक तरिकाबाट प्रभावित गरी उसको व्यवहारलाई आवश्यक दिशामा मोड्नु हो भन्ने रहेको छ । यदि प्रचारको उपयोग उचित रूपमा भयो भने व्यक्तिको व्यवहारलाई नियन्त्रित गर्नमा महत्त्वपूर्ण सहायता मिल्छ । यदि यसको प्रयोग अनुचित रूपमा भयो भने यसले खतरनाक परिणाम पनि दिनसक्छ ।

## २.५ नाटकमा समाज मनोविज्ञान विश्लेषणका आधार

साहित्य एक प्रकारले जीवनकै अभिव्यक्ति हो । जीवन व्यक्तिगत भएर पनि सामाजिक भोगाई हो । यही जीवन भोगाईबाट लेखकको चेतना निर्मित हुन्छ । मूलतः साहित्य यही व्यक्ति चेतनाकै अभिव्यक्ति हो तर परिवेश वा समाजको चापमा सो व्यक्ति चेतना विकास भएको हुन्छ । लेखकको जन्म तथा कर्म भूमि उसको सामाजिकताको आधार हो जसअन्तर्गत लेखकको जन्म, परिवार, शिक्षादिक्षा, व्यवसाय, संस्कृति, वातावरण आदि विषयहरू पर्दछन् । यसर्थ "साहित्य समाज देश र कालसँग सम्बन्धित सांस्कृतिक पर्यावरणको प्रतिच्छायात्मक हुन्छ तथा साहित्यका माध्यमबाट समाज पढ्न र बुझ्न सकिन्छ" (क्षेत्री, २०६४ : १५) । अतः नाटक पनि साहित्यको एउटा प्राचीन विधा हो । समाजका व्यक्तिहरूमा रहेका समाज भोगाईका यथार्थ अनुभवलाई साहित्यकारले आफ्ना कृतिमा व्यक्त गर्ने भएकाले लेखकका कृतिमा समाजको प्रतिबिम्ब कलात्मक रूपमा व्यक्त भएको हुन्छ । नाटक लेखक तथा साहित्यकारको कृति हो तसर्थ त्यसमा पनि समाजमा रहेका व्यक्हिरूको जीवन भोगाई, समाजको प्रतिबिम्बलाई कलात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । नाटकमा प्रस्तुत गरिएका समाजका यी पक्षहरूलाई समाज मनोविज्ञानका आधारमा विश्लेषण गर्नको लागि निम्नलिखित आधारहरू रहेका छन् ।

### २.५.१ सामाजिक व्यवहार

मानिस एक सामाजिक प्राणी हो । जन्म देखि मृत्यु अगाडि सम्म ऊ समाजमा नै बसेको हुन्छ । समाजमा बसेर उसले गर्ने व्यक्ति-व्यक्ति बिचको अन्तर्क्रियामा, व्यक्ति र समूह बिचको अन्तर्क्रिया, समूह र व्यक्ति बिचको अन्तर्क्रिया, व्यक्तिहरूको दुई समूह-समूह बिचको अन्तर्क्रियाको अध्ययन समाज मनोविज्ञान अन्तर्गत सामाजिक व्यवहारमा गरिन्छ । सामाजिक व्यवहार मानिसहरूको पारस्पारिक अन्तर्क्रिया हो । जन्म पश्चात नै आफ्ना अभिभावक बाट बच्चाले सामाजिक व्यवहारहरू सिक्दछ र यो निरन्तर रूपमा चलिरहन्छ । समाजमा बसेर व्यक्तिले आफ्नो समाजका रहनसहन, संस्कृति, रीतिरिवाज, चालचलन, समाजका नियमका साथै सामाजिक व्यवहारहरू कसरी सिक्दछ यसको मुख्य आधार के हो ? भन्नेमा समाज मनोवैज्ञानिकहरूले बात्सल्यमूल प्रवृत्ति, सहानुभूति, अनुकरण, सुझाव, सामूहिकता, प्रेरणा आदिले गर्दा मानिसले सामाजिक व्यवहार सिक्दछ र गर्दछ भन्ने रहेको छ । सामाजिक व्यवहारको व्यख्या तथा विश्लेषणको लागि विभिन्न आधारहरू भएता पनि यँहा सुझाव, सहानुभूति र प्रेरणाको आधारमा सामाजिक व्यवहारको व्याख्या विश्लेषण गरिन्छ ।

(अ) **सुझाव**

व्यक्तिले गर्ने सामाजिक व्यवहारको सञ्चालन तथा परिवर्तनमा सुझावको मुख्य भूमिका रहेको हुन्छ । सुझाव एउटा यस्तो मानसिक प्रक्रिया हो जसमा कुनै व्यक्तिको विचार या सुझावले अर्को व्यक्तिको विचार या सुझवका साथै व्यक्तिको विचार या व्यवहारलाई प्रमाणित गर्दछ । कुनै एक व्यक्ति द्वारा अर्को व्यक्लिाई दिएको सुझाव प्रत्यक्ष या अप्रत्यक्ष हुन सक्छ । सुझाव दिदाँ सुझाव दिने व्यक्तिको एउटा निश्चित उद्देश्य हुन्छ र त्यही उद्देश्य प्राप्तिको लागि उसले कुनै व्यक्तिलाई सुझाव दिन्छ । सुझावको उद्देश्य व्यक्तिको व्यवहार, विचार तथा अभिवृत्तिमा आवश्यक दिशा तथा मात्रामा परिवर्तन उत्पन्न गर्नु हो । यदि कुनै व्यक्तिको विचार या सुझावलाई विना तर्क-विर्तकमा अर्को व्यक्तिले स्वीकार गर्दछ भने त्यसलाई सुझाव भनिन्छ (त्रिपाठी र सिहं, १९८० : ४०२) । सुझावको प्रभाव व्यक्तिको व्यवहारमा उसको जानकारी तथा विना जानकारी पनि पर्न सक्छ । सुझावबाट प्रभावित व्यक्तिले सुझावमा आलोचनात्मक टिप्पणी नगरी त्यसलाई स्वीकार गरी त्यसै अनुरूप व्यवहार गर्दछ ।

सुझावले कुनै पनि कार्य विना तार्किक आधारमा गराउदँछ । मेकडुगलका अनुसार “सुझाव त्यो प्रक्रिया हो जसको कारण हामी तार्किक आधारको अभावमा पनि कुनै विचार या भनाई मान्दछौं” (पाण्डेय, १९६३ : ७५) । त्यास्तै किम्बल यंगले पनि सुझाव प्रतीकको रूप हो र यसमा शब्द चित्र या कुनै अन्य उस्तै माध्यमद्वारा सम्प्रेषण गर्ने गरिन्छ र त्यसलाई विना कुनै तार्किक आधारमा स्वीकार गरिन्छ भन्दछन् (त्रिपाठी र सिहं, १९८० : ४४१) । यी समाज मनोवैज्ञानिकहरूको धारणाबाट सुझाव सम्प्रेषणको एउटा प्रक्रिया हो जसमा तार्किक विश्लेषण

नगरी कुनै प्रस्ताव या सुझावलाई स्वीकार गर्ने गरिन्छ र सुझाव अनुरूप व्यवहारमा परिवर्तन पनि गर्ने गरिन्छ भनिएको छ ।

सुझावले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पनि आफ्नो कार्य गर्दछ । आमाले बच्चामा कुनै कुराको प्रभाव पार्न खोज्दछे भने त्यति खेर उसले प्रत्यक्ष सुझावको प्रयोग गर्दछे । उसले त्यस समयमा अनेक सुझावहरू यसरी दिने गर्दछे- यो काम गर, यो काम नगर आदि । त्यस्तै शिक्षकले पनि विद्यार्थीलाई कक्षाकोठामा दिने सुझावलाई प्रत्यक्ष सुझावको रूपमा लिन सकिन्छ । तर प्रत्यक्ष सुझाव सबै ठाँउमा कार्यान्वयन हुदैन । जस्तै- आमाले जाओ सुत्न भनेर भन्दा केटाकेटी नमान्न सक्छन् तर त्यही कुरालाई अप्रत्यक्ष रूपमा अब सुत्ने समय भयो भन्दा केटाकेटी त्यो कुरालाई मान्न सक्छन् । जब कुनै सुझाव मुख्य कुनै विचारको अवरोधमा हुन्छ भने त्यो प्रत्यक्ष सुझाव हो भने त्यही कार्य अलग रूपबाट हुन्छ भने त्यसलाई अप्रत्यक्ष सुझाव भन्ने गरिन्छ ।

सुझावद्वारा दैनिक जीवनमा विभिन्न कार्य तथा व्यवहारहरू प्रभावित हुने गर्दछन् । सुझावद्वारा व्यक्तिको व्यवहारलाई एउटा निश्चित दिशा प्रदान गर्न सकिन्छ । समूह या समाजका सदस्यका व्यवहारमा एकरूपता उत्पन्न गर्नमा पनि सुझावले सहयोग गर्दछ । समाजका व्यक्तिहरूलाई समाजका नियम आदेश एवम् मूल्य मान्यताको जानकारी दिएर उनीहरूबाट प्रशंसनीय कार्य गराउन सुझावले सक्दछ । सामाजिक नियन्त्रण स्थापित गर्न तथा सामाजिक परिवर्तन उत्पन्न गर्नमा पनि सुझावको विशेष योगदान हुन्छ । सुझावद्वारा व्यक्तिको अवाँछित व्यवहारलाई रोक्न या नियन्त्राण गर्न सकिन्छ र सामाजिक परिवर्तलाई उचित बल प्रदान गर्न सकिन्छ (त्रिपाठी र सिहं, १९८० : ४१६) । यदि सुझाव कुनै विश्वसनीय एवम् प्रतिष्ठित व्यक्तिद्वारा दिइन्छ भने सामाजिक नियन्त्रण एवम् परिवर्तनलाई सरल बनाउन सकिन्छ ।

सुझाव व्यक्तिको भाव विचार र मनोवृत्तिको अनुकूल हुनु आवश्यक छ किनभने त्यसमा प्रतिकूल सुझावको कुनै असर पर्दैन । जब सुझावले व्यक्तिको भाव र उसको संवेगलाई छुन्छ तब त्यसबाट प्रभावित भएर उसले तत्काल कार्य गर्दछ (पाण्डेय, १९८० : ४१६) । जस्तो समाज सेवाको मनोवृत्ति भएको व्यक्तिलाई समाज सेवा सम्बन्धी सुझावले उसलाई उक्त कार्य गर्न प्रेरित गर्दछ । त्यसैले ऊ त्यही सुझावबाट प्रभावित हुन्छ जुन उसको रुचि र परिस्थिति अनुकूल हुन्छ ।

**(ख) सहानुभूति**

कसैलाई दुःखी देखेर त्यस्तै दुःखको अनुभव गर्नुलाई सहानुभूतिको उदाहरणका रूपमा लिदै मनोवैज्ञानिकहरूले सहानुभूतिलाई मानसिक अवस्थाको अनुभूति बताएका छन् । व्यक्तिमा सहानुभूति सामाजिक अन्तर्क्रियाको परिणामस्वरूप उत्पन्न हुन्छ । कसैको भाव, संवेग या अभिव्यक्तिबाट प्रभावित भएर त्यस्तै अनुभव गर्न लाग्नु सहानुभूति हो । त्यसैले सहानुभूति एउटा भावनात्मक प्रक्रिया हो । यही भावना कै कारणले हामी कसैलाई सहायता गर्छौ अथवा उसप्रति सम्वेदना व्यक्त गर्दछौ (त्रिपाठी र सिहं, १९८० : ४२५) । मेकडुगल तथा अन्य विद्वानहरूले सहानुभूतिलाई एक

जन्मजात, सामान्य एवम् अस्पष्ट प्रवृत्ति मानेका छन् जसको सामाजिक व्यवहार सञ्चालनमा महत्त्वपूर्ण हात रहेको हुन्छ । मेकडुगलले सहानुभूतिलाई व्यक्तिको संवेग सँग जोडेर हेरेको छ । कुनै व्यक्तिमा संवेगको विभिन्न प्रकारको प्रत्यक्षीकरणको परिणामस्वरूप मूलप्रवृत्तिको रूपमा अर्को व्यक्तिमा पनि संवेगको उत्पत्ति हुन्छ र व्यक्ति त्यस संवेग अनुसार भाव वा अनुभव गर्दछ र त्यही नै सहानुभूतिको रूपमा प्रकट हुन्छ (पाण्डेय, १९६३ : ७०) । मेकडुगलले सहानुभूति र संवेगलाई सामाजिक आगमन अथवा दुवै समाजको देन मान्दछन् ।

व्यक्तिमा रहेका संवेगात्मक परिस्थितिको प्रकाशन जति स्पष्ट र नजिक हुन्छ त्यति नै बढी हामी सहानुभूतिको अनुभव गर्दछौं । हामीलाई टाढाको मान्छे भन्दा आफ्नो घर वरिपरी छरछिमेकका मान्छेको दुःख कष्टको अनुभव छिटो र धेरै हुन्छ । त्यस्तै आफ्नो परिवारको कुनै सदस्यले पाएको दुःख कष्टमा हामी जुन सहानुभूति प्रकट गर्दछौं त्यो सहानुभूति हामी अन्य व्यक्ति माथि प्रकट गर्न सक्दैनौं । आफ्नो नजिकको मान्छेसँगको घुलमिल र बसाउठले उसको संवेगको प्रत्यक्ष ज्ञान हामीलाई हुन्छ भने टाढा र कम मात्रामा बसाउठ भएको व्यक्तिको संवेगको ज्ञान कम हुन्छ ( पाण्डेय, १९६३ : ७१) । त्यसैले जति स्पष्ट र राम्रोसँग हामीले कसैको संवेगलाई बुझ्न समर्थ हुन्छौं त्यती नै छिटो उसप्रति हामीमा सहानुभूति अनुभव हुन्छ ।

दया, माया, प्रेम, नम्र स्वभाव आदिले सहानुभूति उत्पन्न गर्नमा सहयोग गर्दछन् । जसप्रति हामीहरू नम्र स्वभावको व्यवहार गर्दछौं उसको संवेगको अनुभव हामीहरूलाई सजिलै हुन्छ तर जसप्रति यस्तो भाव राख्दैनौं त्यसको दुःखको अनुभव हामीलाई हुदैन । यही कारणले हामी आफ्नो घरको सदस्य तथा गुरुजनको दुःखबाट एकदम छिटो प्रभावित हुन्छौं भने अन्य व्यक्तिको दुःखमा ढिलो प्रभावित हुन्छौं (पाण्डेय, १९६३ : ७१) । त्यसैले भावुक अथवा नम्र स्वभाव सहानुभूति उत्पन्न गर्नमा सहायक हुन्छ ।

सहानुभूतिकै कारणले दुई व्यक्ति, परिवार, या राष्ट्रमा मैत्रिपूर्ण व्यवहार विकसित हुन्छ । यसले मानिसलाई एकअर्कामा जोड्ने गर्दछ । सहानुभूतिकै कारण समाजका मानिसहरू सहयोग र मित्रताको बन्धनमा बाँधिएका हुन्छन् । यो एउटा यस्तो सामाजिक सूत्र हो जसले समाजका मानिसहरूलाई एकअर्कामा बाँधि राखेको हुन्छ । सहानुभूतिकै कारण व्यक्ति कसैको दुःख देखेर दुःखी हुन्छ र उसको दुःखलाई कम गर्ने कोशिस गर्दछ (त्रिपाठी र सिहं, १९८० : ४२७) । यसैकारण सहानुभूतिको मूख्य विशेषता भनेको यसले एक व्यक्तिलाई अर्को व्यक्तिको समीप ल्याउँदछ र सामाजिक सम्बन्ध स्थापना गर्न सहयोग गर्दछ ।

**(ग) प्रेरणा**

मानिसले गर्ने सामाजिक व्यवहार प्रेरणाद्वारा सञ्चालित हुन्छ । प्रेरणा जीवको एउटा यस्तो आन्तरिक अवस्था हो जसले उसमा कुनै प्रकारको क्रिया उत्पन्न गराउँछ । जबसम्म त्यो क्रियाको उद्देश्य पूर्ति हुदैन तब सम्म त्यो क्रिया भइरहन्छ । त्यसैले प्रेरणाले जीवमा क्रिया उत्पन्न गराउँछ (

पाण्डेय, १९६३ : ९२) । प्रेरणाले व्यक्तिले गर्ने विभिन्न सामाजिक व्यवहारहरूलाई निर्धारित गर्दछ । प्रेरणाको आधारमा व्यक्तिले सबै प्रकारको व्यवहार गर्दछ । यस अनुसार कोही व्यक्ति मान-प्रतिष्ठा पाउनको लागि सामाजिक कार्य गर्दछ । समाजको सम्पर्कमा रहँदा उसले सामाजिकता सङ्गठन आदिको महत्त्वलाई बुझ्दछ । त्यसैले ऊ सामाजिक मान्यता यश, प्रतिष्ठा, सुरक्षा आदि प्रेरणाबाट प्रेरित भएर समाजसेवा परोपकार आदि कार्य गर्दछ । यस्तै जिविकोपार्जनका लागि व्यवसाय, नोकरी, चोरी, भिक्षामाग्ने आदि कार्य गर्दछ । त्यस्तै सन्तानोत्पत्ति र यौनेच्छाको पूर्तिको लागि व्यक्ति वैवाहिक र पारिवारिक जीवन व्यतित गर्दछ (पाण्डेय, १९६३ : १००) । व्यक्तिले गर्ने सम्पूर्ण कार्य कुनै न कुनै प्रेरणाद्वारा सञ्चालित हन्छन् त्यसकारण प्रेरणा सामाजिक व्यवहारको आधार हो ।

प्रेरणा मूख्यतया दुई प्रकारको हुन्छ- जन्मजात या मौलिक र आर्जित या गौण । मौलिक प्रेरणा अन्तर्गत भोक, प्यास, नीद्रा, यौन आदिलाई राख्न सकिन्छ । यस प्रेरणालाई शारीरिक प्रेरणा पनि भन्ने गरिन्छ । यी प्रेरणाहरू सबै जीवहरूमा पाइने भएकाले यसलाई मौलिक प्रेरणा भनिएको हो । यी प्रेरणा जीवमा बच्चै देखि हुने गर्दछ । मौलिक प्रेरणालाई व्यक्तिले समय र परिस्थिति अनुसार परिवर्तन गरी पूर्ति गर्ने गर्दछ । बच्चाको उमेर जब सुस्त-सुस्त बढ्दै जान्छ त्यसको साथ साथै उसको अनुभव र ज्ञान पनि बढ्दै जान्छ र उसमाथि सामाजिक प्रभावको संस्कार पनि बढ्दै जान्छ । साथै उसका यी प्रेरणा समाज अनकूल परिमार्जन र परिवर्तन हुदैं जान्छन् (पाण्डेय, १९६३ : ९७) । यही कारणले सामाजिक व्यक्तिमा यसको परिमार्जित रूप देख्न देख्न पाइन्छ । तर यसरी मौलिक प्रेरणालाई अन्य कुनै तरिकाले पूर्ति गरे पनि यी व्यक्तिका जन्मजात वा मौलिक प्रेरणा नै हुन् ।

आर्जित वा गौण प्रेरणालाई सामाजिक प्रेरणा पनि भन्ने गरिन्छ । समाजमा रहँदा नै मानिसले यसको आवश्यकता र अनुभव गर्ने भएकोले यसलाई सामाजिक प्रेरणा भनिएको हो । धन, सुरक्ष, मान, प्रतिष्ठा, यश आदिलाई आर्जित प्रेरणा मानिएको छ । आर्जित प्रेरणा मौलिक प्रेरणा भन्दा पछि उत्पन्न हुन्छ । जुन व्यक्तिले समाजको महत्त्व बुझ्दछ त्यस व्यक्तिमा इज्जत, मान, प्रतिष्ठाको प्रेरणा शक्तिशाली भएर आउँछ । यसैले सामाजिक मान्यता या प्रतिष्ठा पाउनको लागि व्यक्तिले मौलिक प्रेरणाको पनि चिन्ता नगरी समाजसेवा, परोपकार आदि कार्य गर्दछ (पाण्डेय, १९६३ : ९८) । आर्जित प्रेरणा भन्दा मौलिक प्रेरणा अधिक महत्त्वको र यसको संतुष्टि पनि आवश्यक छ तर कहिले काही मौलिक प्रेरणा भन्दा आर्जित प्रेरणाको सन्तुष्टि पनि आवश्यक हुन्छ ।

डब्लु आइ थोमस मानवमा प्रेरणा सिर्जना गर्ने कार्य उत्प्रेरक तत्त्वले गर्दछ भन्दछन् । पुरस्कार तथा सम्मान प्राप्त गर्ने इच्छाले मानव क्रियाशील हुन्छ र दण्डको भयबाट पनि सजग हुन्छ । पुरस्कार तथा सम्मान प्राप्तिको उत्प्रेरक सकारात्मक हुन्छ । कुनै कुरालाई त्याग गर्ने उत्प्रेरक निषेधात्मक हुन्छ । कुनै पनि उत्प्रेरक क्रिया सकारात्मकता वा नकारात्मकता व्यक्ति विशेषको मनोवृत्तिमा भर पर्दछ । यौनेच्छाको प्रेरणाले मानिसलाई विपरीत लिङ्गको खोजी गर्न उत्प्रेरित गर्दछ तर यदि उसको उत्प्रेरक सकारात्मक छ भने उसले समाजद्वारा स्वीकृत व्यवहार गर्दछ । उसले यौन

इच्छा मात्र होइन प्रजनन् वा सन्तान प्राप्ति तथा पारिवारिक जीवनको आनन्द प्राप्ति तर्फ उन्मुख व्यवहार गर्दछ । सकारात्मक प्रेरणाले मानिसलाई शक्ति, प्रतिष्ठा, मान्यता तथा सुरक्षा तर्फ उन्मुख गराउँछ । यसरी सकारात्मक क्रिया मानिसले मान, प्रतिष्ठा प्राप्तिका लागि गर्दछ । मान्छे सम्पर्कमा रहेकाले नै सामाजिकता सङ्गठन आदिको महत्त्वलाई बुझ्दछ (क्षेत्री, २०६४ : ४०) । अतः मानिसले समाजिक मान्यता यश, प्रतिष्ठा, सुरक्षा आदिको प्रेरणाबाट प्रेरित भएर समाजसेवा वा परोपकारी कार्य गर्दछ ।

## २.५.२ सामाजीकरण

मानिसको जन्म, वृद्धि र विकास समाजमा भएको हुन्छ । समाजमा रहेका विभिन्न व्यक्ति तथा संस्थाहरू बिचको क्रिया, अन्तरक्रिया र प्रतिक्रिया, लेनदेन, घुलमिल जस्ता सम्बन्ध र सम्मपर्कबाट व्यक्तिले धेरै सिक्दछ । समाजमा बस्नका लागि केही निश्चित समाजिक गुण, सीप तथा व्यवहारको जरुरत पर्दछ । समाजसँग घुलमिल भएर सामाजिक प्राणीका रूपमा जीउन सामाजिक गुण र सीपको विकास हुनु आवश्यक छ । यसका लागि समाजका हरेक नवीनतम सदस्यहरूलाई सामाजीकरण गरिनुपर्छ । यसमा समाज र व्यक्ति दुवैको समान भूमिका रहन्छ । सामाजीकरणले समाज र व्यक्ति दुवैलाई सक्रिय तुल्याई एकअर्कामा अन्तर्सम्बन्धित र अन्तरनिर्भर तुल्याउँछ । सामाजीकरणले सामाजिक सम्बन्ध बढाउनुका साथै व्यक्तिलाई अनुशासित, आर्दश र नैतिकवान बन्न प्रेरित गर्दछ । सामाजीकरणमा व्यक्तिले समूहबाट स्वीकृत मूल्य मान्यतालाई अन्य व्यक्तिबाट सिक्दछ । तसर्थ सामाजीकरणमा व्यक्तिलाई समाजमा बाँच्न योग्य मानव बनाउनुका साथै सामाजिक मूल्य, मान्यता, आर्दश, परम्परा, नैतिकता जस्ता आचरणहरू ग्रहण गर्दछ ।

व्यक्तिको सामाजीकरणमा सामाजिक तथा सांस्कृतिक अङ्गले प्रभाव पारेको हुन्छ । घरपरिवार, विद्यालय, छिमेकी, साथीहरूका साथै सामाजिक आर्थिक परिस्थिति, जातिगत व्यवहार आदि सामाजिक अङ्गको रूपमा रहेका छन् भने रीतिरिवाज, चालचलन, धर्म, संस्कार आदि सांस्कृतिक अङ्गको रूपमा रहेका छन् । सामाजीकरण व्यक्ति अनुसार भिन्न-भिन्न हुने गर्दछ । संस्कृति एउटै रहँदा पनि प्रत्येक समाज र संस्कृतिमा रहेका व्यक्तिहरूमा वैयक्तिक भिन्नता पाइन्छ । समाजमा रहेका व्यक्तिको सामाजीकरणमा वैयक्तिक भिन्नता हुनुमा शारीरिक संरचना, आवश्यकता, संवेदनशीलता, आमाबाबुको स्वभाव, समाजमा उसको परिचय आदि जस्ता पक्षले भुमिका खेलेको हुन्छ (पाण्डेय, १९६३ : १४५) । अतः व्यक्तिको सामाजीकरणको क्रममा उसलाई सामाजिक नियम मूल्य मान्यताले प्रभाव पारेको हुन्छ भने सामाजीकरण प्रक्रियाबाट उसमा पूर्वाग्रहका साथै अहम् आदिको विकास हुन्छ ।

### (क) सामाजिक नियम

व्यक्ति-व्यक्ति बिच हुने परस्पर अन्तर्क्रियामा सामाजिक नियम विकसित हुन्छ जसले एक समुहका सदस्यहरू बिचको र एउटा समुह अर्को समूहको बिचको व्यवहारलाई निर्धारित गर्दछ ।

समाजिक नियम भित्र सामाजिक मूल्य, मान्यता, रीतिरिवाज, लोकव्यवहार, प्रथा, चलन आदि रहेको हुन्छ । फेसन, अतिराग जस्ता सामाजिक नियम अल्पकालीन र सधै परिवर्तनशील हुन्छन् भने सदियौँ देखि समाजमा जरा गाडेर बसेका रीतिरिवाज, लोकव्यवहार, प्रथा आदि दीर्घकालीन र अपरिवर्तनशील हुन्छन् (कुप्पुस्वामी, १९८३ : १०१) । सामाजिक नियमले समाजका सदस्यको व्यवहारलाई अनुशासित गराउँछ । समाजमा रहेका नीति नियमले व्यक्तिले के गर्न हुने, के गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको हुन्छ । यदि समाजको नीति नियम विपरीत व्यक्तिले कुनै कार्य गरेमा ऊ त्यो समाजबाट तिरस्कृत र बहिस्कृत हुन्छ । यसरी समाजबाट अलग हुने डरबाट व्यक्तिले रहेको नीति नियम अनुसार आफ्नो कार्य गर्दछ (त्रिपाठी र सिहं, १९८० : १७७) । त्यसैले सामाजिक नियमले व्यक्तिलाई एउटा अनुशासित व्यक्तिको रूपमा उभ्याउँछ ।

व्यक्ति जुन समाजमा बस्दछ त्यसको नियमबाट ऊ निरन्तर प्रभावित भई नै रहन्छ । सामाजिक नियमबाट समाजको प्रत्यक्षीकरण, व्यवहार, मनोवृत्ति, भाव, विचार आदि निर्धारित हुन्छ । व्यक्ति जुन समाजमा बस्छ त्यस समाजको नियमबाट कुनै परिस्थितिप्रति उसको व्यवहार, मनोवृत्ति प्रत्यक्षीकरण आदि देखिन आउँछ । सामाजिक नियममा परिवर्तन र परिमार्जन हुँदा उसको एकल र सामूहिक व्यवहारमा फरक पर्न जान्छ (पाण्डेय, १९६३ : १४१) । कुनै पनि सामाजिक नियम तुरुन्तै अथवा आकस्मिक रूपमा बन्दैन । यो समाजमा बस्ने व्यक्तिहरूको क्रियाकलाप तथा व्यवहारबाट सुस्त-सुस्त बन्दछ । सामाजिक नियमको निर्माणको क्रममा पियाजेटले भनेका छन्-“सामाजिक नियम सबैका सबै अचानक प्राप्त हुदैँन । यो त्यो परस्परक्रियाको फलस्वरूप सुस्त-सुस्त प्राप्त हुन्छ जुन अलग-अलग व्यक्तिको व्यक्तिगत आवश्यकताको अनुसार बढ्दै गएको अनुभवमा हुन्छ” ( कुप्पुस्वामी, १९८३ : १०७) । यसरी सामाजिक नियमको लागि व्यक्ति-व्यक्ति बिचको परस्परक्रिया र व्यवहारबाट यसको निर्माण मन्दगतिमा हुने गर्दछ र त्यस नियमबाट ऊ सधै प्रभावित भई पनि राख्दछ ।

व्यक्तिको सामाजीकरणमा सामाजिक नियमले उसलाई समाजमा स्थापित हुनमा सहयोग गर्दछ । शेरिफका अनुसार “सामाजिक मूल्य या सामाजिक नियम मानव परस्परक्रियाको समयमा जीवनको त्यो पक्षको सन्दर्भमा मानकीकृत हुन्छ जुन पक्ष कुनै समूह विशेषको वस्तु-योजनामा महत्वपूर्ण हुन्छ । सामाजिक नियम एक प्रकारको साधारणीकरण हो । यो एउटा यस्तो वस्तु हो जुन भावनात्मक रूपमा आवेशित हुन्छ । यसमा मूल्याङ्कन निहित हुन्छ” (कुप्पुस्वामी, १९८३ : १०१) । त्यसैले सामाजिक नियममा कार्यको अनुमोदन या खण्डन गर्ने गरिन्छ । यसलाई आर्दशको रूपमा पनि हेर्न सकिन्छ अथवा तुच्छ सम्झेर निन्द्य मान्न पनि सकिन्छ । अतः मानिसको कार्य सम्बन्धी धाराणात्मक स्तर तथा भाषाको प्रयोगको कारण सामाजिक नियमको निर्माण सम्भव छ । सामाजिक नियम भाषाको माध्यमबाट एक पिढीबाट अर्को पिढीमा संप्रेषित हुन्छ । त्यसैले प्रत्येक समूहको विगत अथवा अतितले उसको वर्तमानलाई प्रभावित पारिरहेको हुन्छ ।

**(ख) अहम्को विकास**

कुनै व्यक्ति, वस्तु, समूह, संस्था तथा मूल्यसँग हुने विभिन्न अनुभवबाट व्यक्तिमा अह्मको विकास हुन्छ । प्रत्येक व्यक्तिले आफूलाई आफ्नो परिवार, धर्म, देश, जाति, आदिको सदस्य मान्दछ र यो मेरो परिवार हो, यो मेरो देश हो, म नेपाली हु, मेरो धर्म यो हो आदि यी सबै अभिव्यक्तिले उसको अह्म मनोवृत्ति प्रकट गर्दछ । व्यक्तिले जुन सुकैकुरा आफ्नो बारेमा सम्भन्छ भन्छ त्यो सबै उसको अह्म अभिवृत्तिसँग आन्तरिक रूपले जोडिएर रहेको हुन्छ (कुप्पुस्वामी, १९८३ : ३३२) । व्यक्तिको व्यक्तिगत उद्देश्य, आकंक्षा, अपेक्षा, उसको अह्म मनोवृत्तिबाट उत्पन्न हुन्छ ।

अहम् या स्व जन्मजात हुदैन । बालकको जन्म अहम् रहित जैविक प्राणीको रूपमा हुन्छ । अहम् विकासको परिणाम हो तथा यो जैविक-सामाजिक परस्परक्रियाबाट उत्पन्न हुन्छ । जब बच्चा ठूलो हुदैं जान्छ तब उसले आफ्नो शरीर तथा उसका अन्य अङ्ग प्रत्यङ्ग एवम् अन्य वस्तुहरूको बिचमा भिन्नता थाहा पाउन थाल्दछ । बच्चामा यो कुराको ज्ञान उसको शारीरिक विकास तथा आफ्ना वरिपरि रहेका वस्तुहरूको सम्पर्कबाट हुन्छ । बच्चाको विकास सँग-सँगै उसले यो कुरा बुभ्दछ, बाहिरी वस्तुलाई पिट्नु, काट्नु र आफ्नो शरीरका अङ्गमा पिट्नु काट्नुमा भिन्नता छ । यसै बिच उसले आफ्नो हेरचाह गर्ने व्यक्ति तथा अन्य व्यक्तिको बिच फरक थाहा पाउन थाल्छ । साथै कसले आफुलाई माया गर्छ कसले घृणा यही स्वीकृति तथा अस्वीकृतिको यो अनुभूति तथा मान्यतामा व्यक्तिमा अहम्को विकास हुन्छ (कुप्पुस्वामी, १९८३ : ३३५) । त्यसैले अहम् व्यक्तिमा जन्मजात रूपमा नभएर समाजद्वारा हुने गर्दछ ।

अहम् एउटा यस्तो वस्तु हो जसको विकास हुन्छ । त्यो कसरी विकसित हुन्छ त्यसलाई उत्पन्न गर्ने मनोवृत्ति के हो, त्यो सबै व्यक्ति बसेको परिवार माथि निर्भर गर्दछ जसमा उसको पालन पोषण भएको हुन्छ र त्यो सामाजिक नियममा निर्भर हुन्छ जसलाई उसको परिवारको समूहले मानेको हुन्छ । अहम्को विकास तथा निर्माण हुँदा व्यक्तिको अन्य व्यक्तिहरू, समूह एवम् वस्तु सँग विभिन्न प्रकारको सम्बन्ध स्थापित हुन्छ । जब यी सबै सम्बन्धहरू राम्रो बनि राखेको खण्डमा व्यक्तिमा सुरक्षाको भावना पैदा हुन्छ । अर्कोतर्फ जब व्यक्तिको अन्य व्यक्ति सँग तथा समूह सँगको सम्बन्ध राम्रो हुदैन भने उसमा असुरक्षाको भावना उत्पन्न हुन्छ (कुप्पुस्वामी, १९८३ : ३३९) । जब कुनै व्यक्तिको आफ्ना साथिभाई तथा नजिकको व्यक्तिसँग सम्बन्ध राम्रो हुदैंन तब उसमा असुरक्षाको भावना उत्पन्न हुन्छ भने सम्बन्ध राम्रो भएको खण्डमा सुरक्षाको भावना पैदा हुन्छ ।

अहम् सामाजिक अन्तर्क्रियाको परिणाम हो । व्यक्तिको विकासको साथ-साथै उसमा अहम्को अवधारणा पनि विकसित हुन्छ । व्यक्ति जब समाज या अन्य व्यक्तिको सम्पर्कमा आउँछ तब उसमा अहम्को भावना विकसित हुन्छ । जब व्यक्ति आफ्नो बारे सोच्ने अवस्थामा पुग्दछ तब उसले केवल बाह्य वातावरणको व्यक्ति एवम् वस्तु सँग मात्र नभएर आफ्नो आन्तरिक विचार तथा

भावना प्रति पनि अन्तर्क्रिया गर्दछ । यस्तो गर्दा-गर्दै सुस्त-सुस्त उसमा अहम्को भावना विकसित हुन थाल्दछ । त्यसपछि व्यक्तिले आफ्नो अहम्को उन्नति एवम् सुरक्षामा ध्यान राख्दै नयाँ आवश्यकता र लक्ष्यको विकास गर्दछ (त्रिपाठी र सिहं, १९८० : १२७) । त्यसैले व्यक्तिमा अहम्को विकास जन्मजात नभएर समाजिक अन्तरक्रियाको परिणाम हो ।

**(ग) पूर्वाग्रह**

पूर्वाग्रह सामाजीकरणको एउटा यस्तो आश्चर्यजनक लक्षण हो जसद्वारा कुनै पनि विचार, भावना या क्रियाकलापलाई यस्तो बनाउँछ जुन पूर्णतया सामान्य र स्वभाविक छ । व्यक्ति जुन समाज या समूहमा हुर्कन्छ, त्यही समाज या समूह उसमा अर्को समाज या समूह प्रति शत्रुवत अभिवृत्ति निर्माणमा उत्तरदायी हुन्छ । समूहले व्यक्तिलाई पूर्वाग्रही बनाउँदछ । पूर्वाग्रही बनाउँदा समूहका व्यक्तिले स्वयम् आफूपनि पूर्वाग्रही बनिरहेको थाहा पाउदैनन् जसलाई उनीहरूले एउटा सामान्य व्यवहारको रूपमा सम्झन्छन् । पूर्वाग्रह एउटा अपरिपक्व सन्दर्भमा भनेका छन् “यस्तो प्रकारको पूर्वाग्रह एक प्रतिकूल अभिवृत्ति हो- एउटा यस्तो पूववृत्ति जुन अर्को व्यक्ति या समूहको पक्षमा हुनुको सट्टा त्यसलाई विरोधी तरिकाले हेर्नु, उसको विरुद्ध कार्य गर्नु, त्यसलाई विपरीत ढङ्गबाट सोच्नु र महसुस गर्नु हो” (कुप्पुस्वामी, १९८३ : २९०) । यसैले पूर्वाग्रहमा प्रतिकूल अभिवृत्ति हुनुका साथै नकारात्मक मनोवृत्ति हुन्छ ।

मानिसमा रहेको अहमवृत्ति तथा असफलताले उसमा पूर्वाग्रहको विकास गराउनमा मद्दत गर्दछ । एडलरका अनुसार व्यक्तिमा आफूलाई श्रेष्ठ प्रमाणित गर्ने जन्मजात प्रेरणा हुन्छ यही कारणले व्यक्तिले अरुको सट्टा आफ्नो समाज, धर्म, शासन व्यवस्था, लोकाचार आदिलाई श्रेष्ठ प्रमाणित गर्ने प्रयास गर्दछ । यसैको लागि उसमा अन्य वर्ग, समूदाय, जाति प्रति पूर्वाग्रह विकसित गर्दछ (पाण्डेय, १९६३ : ३६०) । जस्तै- हाम्रो समाजका ब्राहमण जातिमा अन्य जाति प्रति यति पूर्वाग्रह छ की मूर्ख र अर्थहीन ब्राहमण पनि आफूलाई श्रेष्ठ सम्झन्छ । साथै पूर्वाग्रहको विकासमा असफलताको पनि ठूलो हात रहेको हुन्छ । व्यक्तिले सबै अवस्थामा सफलता प्राप्त गर्न सम्भव हुदैंन । त्यही असफलताबाट व्यक्तिको मनमा हीनभावनाको उत्पत्ति हुन्छ । यसबाट छुटकारा पाउन व्यक्तिले आफ्नो असफलताको दोष अन्य व्यक्तिलाई दिन्छ (पाण्डेय, १९६३ : ३६०) । यसरी व्यक्तिमा अर्को वर्ग अथवा समूहमाथि पूर्वाग्रहको विकास भएको हुन्छ ।

सामाजिक नियमले पूर्वाग्रहको विकासमा सहयोग गर्दछ । आमाबाबुले आफ्नो सन्तानलाई आफू बसेको समाजको नियम सिकाउदैंनन् भने उनीहरू स्वयम् समाजका अन्य व्यक्तिबाट तिरस्कृत हुन्छन् । त्यसैले आफ्ना समाजका व्यक्तिहरू स्वयम् आफूलाई बचाउनको लागि अन्य समाजका व्यक्तिहरूसँग र आफ्ना सन्तानहरूसँग पनि आफ्नो समाजको नियम अनुसार व्यवहार गर्दछन् । जस्तै- अन्तरजातीय विवाह गर्नु, ब्राहमणले तल्लो जातको व्यक्तिसँग बसाउठ गर्नु आदि जस्ता व्यवहारलाई उनीहरूले स्वीकार गर्दैनन् । यस्तो व्यवहारले समाजका कुनै एउटा निश्चित

वर्ग, समुदाय, जातजाति प्रति पूर्वाग्रहको भावना विकास गर्दछ (कुप्पुस्वामी, १९८३ : २९७) । त्यसैले व्यक्तिमा पूर्वाग्रहको भावना उत्पत्ति गराउनमा सामाजिक नियमको पनि हात रहेको हुन्छ ।

पूर्वाग्रह जन्मजात नभएर समाज वा समूहका व्यक्तिबाट विकसित हुन्छ । सुरुमा बच्चामा जाति, धर्मको नाममा केही पनि भेदभाव हुदैंन तर पछि बच्चाको सामाजीकरणको प्रक्रियामा सुस्त-सुस्त उसमा यी भेदभावहरू विकसित हुन थाल्दछ । यस्तो हुनुमा उसको सामाजीकरण प्रक्रियाको मूख्य भूमिका रहेको हुन्छ । पूर्वाग्रह एक आर्जित प्रक्रिया भएकाले यसमा परिवर्तन पनि ल्याउन सकिन्छ । सिकार्ड एवम् वैकमैनले व्यक्तिलाई अन्तर्क्रियाको परिस्थितिमा राखेको खण्डमा पूर्वाग्रह कम हुन्छ भनेका छन् (त्रिपाठी र सिहं, १९८० : ४०६) । यदि दुई भिन्न परिस्थितिका सदस्यलाई परस्पर अन्तर्क्रियामा राखेमा एकअर्का प्रति रहेको पूर्वाग्रहको भवनामा कमी आउँछ । त्यस्तै पूर्वाग्रहीत व्यक्तिलाई अतिरिक्त सूचना तथा सही जानकारी उपलब्ध गराएर पनि पूर्वाग्रहमा कमी ल्याउन सकिन्छ । सूचना दिने व्यक्ति प्रतिष्ठित र विश्वसनीय हुन्छ भने सूचनालाई पूर्वाग्रही व्यक्तिले छिटो र सजिलो सँग स्वीकार गरी पूर्वाग्रहको भावनामा परिवर्तन ल्याउँदछ ।

### २.५.३ सामाजिक मनोवृत्ति

सन् १९२२ मा समाज मनोविज्ञानमा सर्वप्रथम थोमसले सामाजिक मनोवृत्तिको व्यवहारिक प्रयोग गरे । उनले मेकडुगलको मूलप्रवृत्ति खण्डन गर्ने समयमा सामाजिक व्यवहारलाई बुभ्नको लागि मनोवृत्तिको अध्ययन माथि जोड दिए । यसरी उनले सामाजिक व्यवहारको व्याख्याको लागि मूलप्रवृत्तिलाई निरर्थक र मनोवृत्तिलाई सार्थक माने । यस क्रममा उनले स्वभाव, चरित्र आदिको भिन्नता माथि प्रकाशित पार्दै स्वभाविक र सामाजिक मनोवृत्ति बिचको भिन्नतालाई देखाए (पाण्डेय, १९६३ : १५५) । सामाजिक व्यवहारलाई बुभ्नको लागि स्वभाविक मनोवृत्तिको नभएर सामाजिक मनोवृत्तिको सहयोग लिनु आवश्यक हुन्छ ।

शरीफ तथा शरीफ र आलपोर्टले समाज मनोविज्ञानको मुख्य आलोच्य विषय मनोवृत्तिलाई मानेका छन् । समाज मनोविज्ञानको उद्देश्य सामाजिक व्यक्तिको व्यवहारलाई बुभ्रेर त्यसलाई नियन्त्रित र निर्देशित गर्नु हो (पाण्डेय, १९६३ : १६३) । आवश्यकता अनुसार यसले कसैको व्यवहारको सम्बन्धमा भविष्यवाणि पनि गर्दछ । व्यक्तिको व्यवहार जटिल र विभिन्न प्रकारको हुन्छ । मनोवृत्तिको विभिन्न अवस्थालाई नजानी समाज मनोवैज्ञानिकका लागि कसैको व्यवहार जान्न असम्भव छ । समाज मनोवैज्ञानिकहरूले व्यक्तिको सामाजिक मनोवृत्तिमा रुचि राख्दछन् किनभने यसको प्रभाव व्यक्तिको सामाजिक व्यवहारमा पर्दछ । यसै सन्दर्भमा क्रच, क्रचफील्ड एवम् बैलेकीले सामाजिक मनोवृत्तिको स्वरूपलाई स्पष्ट पार्दै भनेका छन्- "व्यक्तिको सामाजिक व्यवहारले उसको मनोवृत्तिलाई प्रतिबिम्बित गर्दछ- जुन कुनै सामाजिक वस्तु प्रतिको सकारात्मक अथवा नकारात्मक मूल्याङ्कन, संवेगात्मक भावको पक्ष अथवा विपक्षको क्रिया प्रतिको भ्रूकाव

अपेक्षाकृत स्थायी हुन्छ” (त्रिपाठी र सिहं १९८० : २०६) । यसरी व्यक्तिको सामाजिक व्यवहार र क्रियाकलापले सामाजिक मनोवृत्तिलाई देखाउँछ ।

समाज मनोविज्ञानको लागि मनोवृत्तिको ज्ञान हुनु अनिवार्य छ । यसले सामाजिक व्यवहारको व्यख्या गर्ने प्रयत्न गर्दछ । यसले व्यक्ति सबै व्यवहारलाई प्रभावित गर्दछ । सामाजिक मनोवृत्ति भित्र मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन र मूल्याङ्कनको अध्ययन आवश्यक हुन्छ । अतः मनोवृत्तिको क्षेत्रमा यसको अध्ययन गर्नु अनिवार्य र महत्त्वपूर्ण रहेको छ ।

**(क) मनोवृत्तिको निर्माण एवम् विकास**

मानिसको विकासको साथ-साथै उसको मनोवृत्तिको पनि विकास हुन्छ । मनोवृत्तिको निर्माण एवम् विकासमा प्रेरणा अथवा आवश्यकता, सूचना, समूह सम्बन्ध आदि पक्षले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । आवश्यकतासँग मनोवृत्तिको गहिरो सम्बन्ध रहेको छ । व्यक्तिको मनोवृत्तिको निर्माण उसको आवश्यकताको सन्तुष्टिको प्रक्रियाको साथ हुन्छ । शारीरिक अथवा जन्मजात आवश्यकतासँग आबद्ध मनोवृत्ति सबै व्यक्तिमा समान रूपमा विकसित हुन्छ । जुन वस्तु एवम् व्यक्तिबाट आवश्यकताको सन्तुष्टि हुन्छ त्यस प्रति व्यक्तिको सकारात्मक मनोवृत्ति निर्माण हुन्छ । जुन वस्तु एवम् व्यक्तिबाट आवश्यकताको सन्तुष्टि हुदैँन अथवा लक्ष्य प्राप्तिमा बाधा उत्पन्न हुन्छ त्यसप्रति नकारात्मक मनोवृत्तिको निर्माण हुन्छ (त्रिपाठी र सिहं, १९८० : २२१) । त्यसैले मनोवृत्ति निर्माण आवश्यकताको सन्तुष्टि र असन्तुष्टिमा पनि हुने गर्दछ ।

व्यक्तिको मनोवृत्ति निर्माण तथा त्यसको स्वरूप सूचनामा पनि आधारित हुन्छ । व्यक्तिले जस्तो प्रकारको सूचना प्राप्त गर्दछ त्यसैको अनुरूप उसको मनोवृत्तिको स्वरूप निर्माण हुन्छ । व्यक्तिको मानसिक जगतमा जुन वस्तुको अस्तित्व हुन्छ त्यसैको प्रति उसको मनोवृत्ति हुनसक्छ । कुनै वस्तुको लागि व्यक्तिमा मनोवृत्ति हुनको लागि आवश्यक भनेको त्यस वस्तुको सूचना उसमा आवश्यक हुनुपर्छ । व्यक्तिमा जुन प्रकारले सूचना हुन्छ त्यही अनुरूप मनोवृत्तिको स्वरूप हुन्छ । मनोवृत्ति मूख्य रूपले सूचना माथि निर्भर गर्दछ । यसको लागि मनोवृत्तिको संज्ञानात्मक घटक मनोवृत्तिको वस्तु तथ्यमा वैधता हुनु आवश्यक छ । यदी यस्तो हुदैन भने व्यक्तिले जटिल समाजको विविध समस्याको समाधान प्रभावशाली रूपमा गर्न सक्दैन (त्रिपाठी र सिहं, १९८० : २२७) । यसैले मनोवृत्तिको संज्ञानमा तथ्य केही मात्रामा वैध आवश्यक हुन्छ ।

व्यक्तिको अधिकांश मनोवृत्तिको स्रोत उसको सामाजिक समूह हो जसमा ऊ बस्दछ अथवा जुन समूहसँग उसले आफ्नो पहिचान स्थापित गरेको हुन्छ । व्यक्तिको मनोवृत्तिले उसको समूहको विश्वास, सामाजिक मूल्य तथा नियमलाई प्रतिबिम्बित गर्दछ । व्यक्तिले आफ्नो मनोवृत्ति बनाई राख्न त्यसै विचारसँग समान विचार भएको व्यक्तिको समर्थन प्राप्त गर्नु आवश्यक हुन्छ । जुन समूहमा ऊ रहन्छ उनीहरूको विचार, मूल्य, मनोवृत्तिबाट विचलित विचार मूल्य एवम् मनोवृत्ति हुँदा व्यक्तिले उक्त समूहको विरोध गरेको हुन्छ । यस्तो स्थितिमा व्यक्तिले दुई प्रकारको व्यवहार

अपनाउँन सक्छ । प्रथमतः उसले आफ्नो मनोवृत्तिमा अन्य व्यक्तिको समर्थन जुटाउने प्रयास गर्दछ अथवा आफ्नो मनोवृत्तिलाई समर्थन गर्ने समूहमा ऊ रहने प्रयास गर्दछ । दोस्रोमा उसले आफ्नो व्यवहार परिवर्तन अथवा मनोवृत्तिमा परिवर्तन गरी समूहको अनुरूप मनोवृत्ति अपनाउँछ । समूहको विचारधारा, मान्यता एवम् संस्कृतिले समूहको सदस्यको व्यवहारलाई नियन्त्रण गर्दछ एवम् मनोवृत्ति विकासको दिशा निर्धारित गर्दछ (त्रिपाठी र सिहं, १९८० : २३१) । त्यसैले सामाजिक समूहको सम्बन्धले व्यक्तिमा मनोवृत्तिको निर्माण एवम् विकास गर्दछ ।

हामी जुन परिस्थिति र व्यक्तिबाट परिचित हुदैंनौ त्यसप्रति पनि हाम्रो मनोवृत्ति विकसित हुन्छ । कारण त्यसबाट टाढा रहँदा पनि साहित्य तथा विभिन्न भनाईको माध्यमबाट हामी त्यसको बारेमा जान्दछौँ । आफ्नो ज्ञानको आधारमा त्यस प्रति हामी आफ्नो मनोवृत्ति बनाउदछौँ । वस्तुतः प्रत्येक शब्दमा स्वयम् संकेत स्थिति हुन्छ । अतः जुन व्यक्ति अथवा संस्थाको सम्बन्धमा त्यसको प्रयोग हुन्छ त्यो मनोवृत्ति निर्माणमा सहायक हुन्छ (पाण्डेय, १९६३ : १६५) । त्यसैले विभिन्न माध्यमबाट प्राप्त जानकारीमा पनि मानोवृत्तिको निर्माण एवम् विकास हुन्छ ।

**(ख) मनोवृत्ति परिवर्तन**

मनोवृत्ति परिवर्तन एउटा महत्त्वपूर्ण समस्या हो । मनोवृत्तिको निर्माण र परिवर्तन दुवै स्वतः निसृत होइन । यसको निर्माण तथा परिवर्तनमा आन्तरिक तथा बाह्य दुवै प्रकारका कारक तत्त्वहरू रहन्छन् । मनोवृत्तिको एक प्रमुख विशेषताका रूपमा शेरिफले मनोवृत्ति न्युनाधिक रूपमा व्यक्तिमा स्थायी हुन्छ तर मनोवृत्तिको निर्माण गरिने भएकाले यसलाई परिवर्तन पनि गर्न सकिन्छ भन्ने कुरा बताएका छन् (कुप्पुस्वामी, १९८३ : १९३) । मनोवृत्तिको विषयवस्तु परिवर्तन गर्न, कुनै मनोवृत्ति विशेषलाई निर्मूल पार्न, मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउनको लागि मनोवृत्ति परिवर्तनको आवश्यक पर्दछ ।

व्यक्तिको मनोवृत्तिमा परिवर्तन गर्न वा कुनै विषयवस्तु प्रति मनोवृत्तिलाई कमजोर गराउनको लागि सामूहिक छलफलले महत्त्वपूर्ण भूमिका खेल्दछ । सामूहिक छलफलद्वारा व्यक्तिको मनोवृत्ति र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ । सामूहिक छलफलले व्यक्तिको अहम् प्रतिरक्षा कमजोर हुन जान्छ र उसको मनोवृत्तिमा परिवर्तन आउँदछ (पाण्डेय, १९६३ : १७२) । जब व्यक्तिको सक्रिय सहभागितामा कुनै विषय माथि सामूहिक छलफल गरिन्छ भने व्यक्तिगत रूपमा ऊ त्यसप्रति अनुरुक्त हुन्छ । त्यसपछि व्यक्तिगत निर्णयको अपक्षा सामूहिक निर्णयलाई उसले धेरै पालना गर्नुपर्ने हुन्छ; जसले गर्दा उसको मनोवृत्तिमा परिवर्तन आउँछ । यसरी सामुहिक छलफलबाट व्यक्तिमा आएको परिवर्तनलाई स्थायी बनाई राख्न सामूहिक समर्थन पनि आवश्यक हुन्छ । यदि सामूहिक समर्थन नभएको खण्डमा उसको मनोवृत्तिमा परिवर्तन आउन सक्दैन ।

मनोवृत्तिको निर्माण एवम् विकासमा जस्तै मनोवृत्तिको परिवर्तनमा पनि सूचनाले महत्त्वपूर्ण भूमिका खेल्दछ । मनोवृत्तिको परिवर्तनमा सूचनाको रूप तथा त्यसको अन्तर्वस्तुको विशेष महत्त्व

हुन्छ । जुन सूचना दिने हो; त्यो सूचनाले व्यक्तिको आवश्यकतालाई पूरा गर्न सहयोग गरिरहेको छ भने त्यही सूचना अनुसार मनोवृत्तिमा परिवर्तन हुन्छ किनकि त्यो सूचना व्यक्तिको लागि धेरै महत्त्वको हुन्छ । सूचना दिने व्यक्तिले सूचना दिदाँ व्यक्तिको आत्म सम्मानको विरुद्धमा कुनै कुरा गर्नु हुदैन किनभने त्यसबाट उसको मनोवृत्तिमा प्रतिकूल प्रभाव उत्पन्न हुनसक्छ । मनोवृत्ति परिवर्तनमा सूचना एकतर्फि दिइराखेको छ अथवा दुईतर्फि दिइरहेको छ त्यसले पनि मनोवृत्ति परिवतर्नमा प्रभाव पार्दछ (त्रिपाठी र सिहं, १९८० : २४९) । प्रायः एकतर्फि सूचनाले भन्दा दुईतर्फिबाट दिइएको सूचनाले व्यक्तिको मनोवृत्तिमा धेरै परिवर्तन ल्याउँछ । यदि सूचना व्यक्ति अथवा वस्तुको पक्षमा तर्क दिनका साथ-साथै त्यसको विपक्षमा पनि तर्क दिने हो भने मनोवृत्ति परिवर्तनमा धेरै सहयोग गर्दछ ।

व्यक्ति कुनै नयाँ समूहमा प्रवेश गर्दछ या त्यस समूहको सदस्य बन्दछ भने पनि व्यक्तिको वर्तमानको मनोवृत्ति प्रणालीमा परिवर्तनको संभावना बढी हुन जान्छ । ऊ नयाँ समूहमा सम्मान पाउनको लागि तथा समूहको साथ पाउनको लागि समूहको मान्यता तथा नियमलाई आत्मसात गर्दछ । यसकारण उसको पुरानो मनोवृत्ति प्रणालीमा परिवर्तन हुन्छ । उसले नयाँ समूहको सदस्यको अनुरूप मनोवृत्तिको विकास गर्न लाग्दछ । यदि व्यक्तिले नयाँ समूहमा कुनै उच्च पद वा स्थान पाउँदछ भने मनोवृत्ति परिवर्तनको गति बढ्दछ (त्रिपाठी र सिहं, १९८० : २४९) । जस्तै- राजनैतिक दलका सदस्यले एकअर्काको खुलेआम आलोचना गर्दछन् तर जब आफ्नो दल त्यागगरी अर्को कुनै दलमा उच्च पद र स्थान पाउँदा तुरुन्तै त्यसको पक्षमा वकालत गर्न लाग्दछन् । जुन दल हिजो सम्म उसको लागि तानाशाह, साम्प्रदायिक थियो; त्यो दलको सदस्य बन्ने बित्तिकै आज लोकतान्त्रिक एवम् समाजवादी बन्दछ ।

व्यक्तिमा रहेको मनोवृत्ति परिवर्तनका दुई ओटा रूप हुन सक्छन् अनुकूल र प्रतिकूल । व्यक्तिको जीवनमा पहिले देखि बनेको मनोवृत्तिलाई सहयोग गर्ने अथवा त्यसलाई अझ बढाउने मनोवृत्तिलाई अनुकूल परिवर्तन भनिन्छ । अनुकूल मनोवृत्ति परिवर्तनमा नकारात्मक मनोवृत्तिलाई अझ धेरै नकारात्मक र सकारात्मक मनोवृत्तिलाई अझ धेरै सकारात्मक मनोवृत्ति बनाउने गरिन्छ । यसमा व्यक्तिमा रहेको मनोवृत्ति पूर्वस्थिति कै दिशामा अघि बढ्दछ । त्यस्तै व्यक्तिको जीवनमा पहिले देखि बनेको मनोवृत्तिलाई सहयोग नगरी विपरीत दिशामा परिवर्तन हुन्छ भने त्यसलाई प्रतिकूल परिवर्तन भनिन्छ (त्रिपाठी र सिहं, १९८० : २३९) । सकारात्मक भावलाई नकारात्मक भावमा र नकारात्मक भावलाई सकारात्मक भावमा बदल्नु नै प्रतिकूल परिवर्तन हो । यसमा व्यक्तिमा रहेको मनोवृत्तिको पूर्व स्थितिको विपरीत दिशामा परिवर्तन हुने गर्दछ ।

**(ग) मनोवृत्ति मूल्याङ्कन**

हामीले गर्ने व्यवहारको माध्यमबाट विभिन्न मनोवृत्तिको अभिव्यक्ति हुन्छ । त्यसैले कुनै वर्ग अथवा व्यक्तिको व्यवहारलाई बुझेर त्यसलाई नियन्त्रित र त्यसको सम्बन्धमा भविष्यवाणि गर्नको

लागि मनोवृत्तिको अध्ययन गर्नु आवश्यक हुन्छ शासक, व्यवसायी, नेता, शिक्षक आदि सबैको लागि यसको ज्ञान हुनु आवश्यक छ । तर मनोवृत्तिको प्रत्यक्ष निरीक्षण गर्न संभव हुदैंन । अतः व्यक्तिको व्यवहार र मनोवृत्ति सहायेताले यसको अप्रत्यक्ष अध्ययन गर्न सकिन्छ । व्यक्तिको मनोवृत्तिमा ज्ञानात्मक, प्रेरणात्मक र संवेगात्मक प्रक्रियाको समन्वय रहन्छ । यसैले नै उसको व्यवहारलाई प्रभावित र निर्देशित गर्दछ । त्यसैले हामी प्रत्यक्ष निरीक्षण नगरी व्यक्तिको व्यवहार र अनुभूतिको साहेतामा उसको मनोवृत्तिको अनुमान मात्र गर्न सक्दछौं (पाण्डेय, १९६३ : १७६) । अतः मनोवृत्तिको मापन तथा मूल्याङ्कन अप्रत्यक्ष हुन्छ ।

मूल्याङ्कनद्वारा पनि मनोवृत्तिको अध्ययन गर्न सकिन्छ । कुनै निर्णय कर्ताले मूल्याङ्नको सहयोग लिई कसैको मनोवृत्तिको अध्ययन गर्दछ भने त्यस स्थितिमा उसले विभिन्न साधन स्रोतको सहयोगमा मनोवृत्तिको सम्बन्धमा आफ्नो निर्णय दिन्छ । मूल्याङ्कनको लागि उसको साधन स्रोतमा व्यक्तिको व्यवहार, बोलिचालि, लेख, रचना आदि पर्दछन् । कुनै घटना या पदार्थ प्रति व्यक्तिले आफ्नो व्यवहार द्वारा मनोवृत्तिलाई प्रकाशन गर्दछ । अतः उसको त्यही व्यवहारको आधारमा मनावृत्तिलाई मूल्याङ्कन गर्ने गरिन्छ । तर सबै परिस्थितिमा व्यक्तिले आफ्नो मनोवृत्ति अनुसार व्यवहार गर्न सम्भव हुदैंन । प्रत्यक्षीकरण, आवश्यकता, मनःस्थिति आदि धेरै अङ्गले उसको व्यवहारलाई प्रभावित पारिरहेको हुन्छ । अनुकूल मनोवृत्तिमा पनि परिस्थितिको कारण कसै प्रति उचित व्यवहार गर्न सकिराखेको हुदैंन र प्रतिकूल मनोवृत्ति हुँदा पनि त्यसको प्रकाशनमा कठिनाई उत्पन्न हुन्छ (पाण्डेय, १९६३ : १८३) । त्यसैले व्यवहारबाट मात्र मनोवृत्तिको मूल्याङ्कन गर्दा उचित मूल्याङ्कन हुदैंन ।

व्यक्ति-व्यक्ति बिचको परस्पर अन्तर्क्रियाको माध्यमबाट पनि मनोवृत्तिको ज्ञान हासिल हुन्छ । दैनिक जीवनको कार्य प्रति कुनै सामाजिक घटना प्रति व्यक्तिले परस्पर अन्तर्क्रियाको माध्यमबाट आफ्नो मनोवृत्तिको प्रकाशन गर्दछ । कहिले काही कारण विशेषबाट व्यक्तिले आफ्नो भनाईको माध्यमबाट आफ्नो वास्तविक मनोवृत्तिलाई प्रकाशित गर्नमा असमर्थ हुन्छ । यस्तै पूर्वाग्रह, पक्षपात, अहम्भाव आदिले कुनै पनि भनाईलाई बुझ्नमा बाधा उत्पन्न गर्दछ । यसले गर्दा अन्तर्क्रियालाई मात्र आधार बनाई गरिएको मूल्याङ्कनमा त्रुटि हुन सक्छ तर विना पूर्वाग्रह र पक्षपात पूर्ण परस्पर अन्तर्क्रियामा मनोवृत्तिको उचित ज्ञान र सही मूल्याङ्कन हुने गर्दछ (पाण्डेय, १९६३ : १८३) । त्यसैले मनोवृत्तिको मूल्याङ्कनमा अन्तर्क्रियाले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

कुनै पनि व्यक्तिको लेख, रचना, दैनिकी, आत्मचरित्र र कलात्मक विचारको आधारमा उसको मनोवृत्तिको अध्ययन गर्न सकिन्छ । कुनै पनि व्यक्तिले आफ्नो लेख, रचना आदिमा आफूको विभिन्न मनोवृत्तिलाई प्रकाशन गर्दछ । त्यसैको आधारमा मूल्याङ्कन कर्ताले उसको मनोवृत्तिको मूल्याङ्कन गर्दछ । यसबाट केही सीमित व्यक्तिको मात्र मनोवृत्तिको मूल्याङ्कन हुने गर्दछ ( पाण्डेय, १९६३ : १८३) । मनोवृत्तिको मूल्याङ्कन गर्दा कुनै एक पक्षबाट सबै अवस्थाको अध्ययन र मूल्याङ्कन गर्नमा उपयोगी हुदैंन । त्यसैले कुनै पक्षबाट अध्ययन र मूल्याङ्कन गर्न सजिलो हुन्छ

भने कुनै पक्षबाट कठिन हुने गर्दछ । यस्तो स्थितिमा यो पक्ष ठीक र यो पक्ष बेठीक भनी छुट्याउनु भन्दा आवश्यकता अनुसार एक भन्दा धेरै पक्षबाट मनोवृत्तिको मूल्याङ्कन गर्नु वैज्ञानिक र फाइदाजनक हुन्छ ।

## २.६ निष्कर्ष

समाज मनोविज्ञान मनोविज्ञानको एउटा प्रमुख शाखा हो । यसमा व्यक्तिको व्यवहारको अध्ययन सामाजिक परिप्रेक्ष्यमा गर्ने गरिन्छ । त्यसैले यो व्यक्तिले गर्ने सामाजिक व्यवहारको अध्ययन गर्ने विज्ञान हो । समाज मनोविज्ञानमा समाजको नभई व्यक्तिको नै अध्ययन गरिन्छ । मानिसले समाजमा बसेर गर्ने सामाजिक व्यवहारको रहस्य जान्ने र बुझ्ने जिज्ञासामा समाज मनोविज्ञानको जन्म भएको हो । मानिसले समाजमा बसेर गर्ने विभिन्न सामाजिक क्रियाकलाप तथा वैयक्तिक व्यवहारको कारण समाजमा विभिन्न समस्याहरू उत्पन्न हुन्छन् । मानिसका ती क्रियाकलाप र व्यवहारबाट उत्पन्न समस्याहरू विविध प्रकृतिका हुन्छन् । प्रायः सबै देशहरूमा रहेका जातीय भेदभाव, औद्यौगिक अशान्ति, धनी-गरिब, मालिक-मजदुर, अपराध, वेश्यावृत्ति वेरोजगारी आदि जस्ता विविध समस्याहरूको अध्ययन गरी समस्याको समाधान समाज मनोविज्ञानले गर्ने गर्दछ । समाज मनोविज्ञानले मूख्यतः व्यक्तिको सामाजिक व्यवहार र सामाजीकरणका आधारमा उसको सामाजिक मनोवृत्तिको अध्ययन गर्दछ । सामाजिक व्यवहार मानिसहरूको पारस्पारिक अन्तर्क्रिया हो । जन्म पश्चात आफ्ना अभिभावकबाट बच्चाले सामाजिक व्यवहार सिक्दछ र त्यो निरन्तर रूपमा चलिरन्छ । समाजमा बसेर व्यक्तिले गर्ने सामाजिक व्यवहारहरू कसरी गर्दछ र किन गर्दछ भन्ने कुराको अध्ययन गरी समाज मनोवैज्ञानिकहरूले सुरुमा यसको मूलकारण मूलप्रवृत्तिलाई मानेको देखिन्छ भने पछि आएर प्रेरणालाई मानेको देखिन्छ । सामाजीकरण प्रक्रियामा समाज जस्तो छ व्यक्तिको विकास पनि त्यही अनुसार हुन्छ । समाजीकरणमा व्यक्ति समाजमा बाँच्न योग्य मानव बन्नुका साथै सामाजिक मूल्य, मान्यता, आदर्श, परम्परा, नैतिकता जस्ता आचरणहरू ग्रहण गर्दछ । व्यक्तिको सामाजीकरणमा उसलाई सामाजिक नियम, मूल्य, मान्यताले प्रभाव पारेको हुन्छ भने उसमा मनोवृत्ति, पूर्वाग्रहका साथै अहम्को विकास भएको हुन्छ । व्यक्तिले समाजमा गर्ने सामाजिक व्यवहार र सामाजीकरणका आधारमा सामाजिक मनोवृत्तिको अध्ययन गरिन्छ । मनोवृत्तिको  विभिन्न अवस्थालाई नजानी कसैको सामाजिक व्यवहार जान्न असम्भव छ । समाज मनोवैज्ञानिकहरूले व्यक्तिको सामाजिक मनोवृत्तिमा रुचि राख्दछन् किनभने यसको प्रभाव व्यक्तिको सामाजिक व्यवहारमा पर्दछ । तसर्थ व्यक्तिको सामाजिक मनोवृत्तिको अध्ययनका लागि मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन र मूल्याङ्कनको अध्ययन आवश्यक हुन्छ । यसरी समाज मनोविज्ञानले व्यक्तिको सामाजिक व्यवहार, सामाजीकरण, सामाजिक मनोवृत्तिका साथै समाजमा देखिएका भिड, फेसन, जनमत, नेतृत्व, सामाजिक समूह, प्रचार, अन्तराष्ट्रिय तनाव, वेरोजगारी, समूह मनोवल आदि विविध पक्षहरू यसका अध्ययनका क्षेत्रहरू रहेका छन् ।

परिच्छेद तिन

# सामाजिक व्यवहारका आधारमा विजय मल्लका दोस्रो चरणका नाटक

## ३.१ विषय परिचय

मानिस एक सामाजिक प्राणी हो । जन्म देखि मृत्यु अगाडि सम्म ऊ समाजमा नै बसेको हुन्छ । समाजमा बसेर उसले गर्ने विभिन्न क्रियाकलापमा सामाजिक व्यवहार रहेको हुन्छ । विजय मल्लका दोस्रो चरणका नाटक भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र तथा मानिस र मुकुण्डोमा रहेका पात्रहरूले घरपरिवार का साथै समाजमा बसेर गरेको क्रियाकलापले सामाजिक व्यवहारलाई देखाएको छ । सामाजिक व्यवहारका आधारमा विजय मल्लका दोस्रो चरणका नाटकहरूको विश्लेषण गर्नु भन्दा पहिले उनको नाट्य यात्राको दोस्रो चरणलाई छुट्याईएको छ । साथ-साथै दोस्रो चरणका पूर्णाङ्की नाटकहरूको सामान्य परिचय दिदैं सामाजिक व्यवहार अन्तर्गत सुझाव, सहानुभूति र प्रेरणाको आधारमा ती नाटकको विश्लेषण गरिएको छ ।

## ३.२ विजय मल्लको नाट्य यात्राको दोस्रो चरण

विजय मल्लले नेपाली साहित्यमा कविता, कथा, उपन्यास, समालोचना, एकाङ्की र पूर्णाङ्की नाटकको रचना गरे पनि उनी मुख्यतः नाटककार हुन् । २००१ सालमा रचना गरेको 'राधा मान्दिन' शीर्षकको लघुनाटक वा एकाङ्की नै मल्लको पहिलो नाट्यकृति हो । यसै कृतिबाट उनको नाट्य यात्राको थालनी समेत हुन्छ । २००१ देखि २०५६ सम्मको साढे पाँच दशकको बिचमा मल्लले नौ वटा पूर्णाङ्की नाटकहरू 'बहुलाकाजीको सपना' (२००४), 'कोही किन बर्वादहोस' ( २०१६), 'जिउदो लाँस' (२०१७), 'भोलि के हुन्छ ?' (२०२८), 'स्मृतिको पर्खालभित्र' (२०४०), 'मानिस र मुकुण्डो' (२०४०), 'पहाड चिच्याइरहेछ' (२०४१), 'सृष्टि रोकिदैंन' (२०४८), र 'माधुरी' (२०४८) रचना गर्न पुग्दछन् भने चार वटा एकाङ्की सङ्ग्रहहरू 'बहुला काजीको सपना' (२०२८), 'पत्थरको कथा' (२०२८), 'दोभान' (२०४८) र 'भित्ते घडि' (२०४०) मा सङ्गृहीत लघु नाटकहरूको रचना गर्दछन् । साढे पाँच दशकको अवधिमा मल्लले रचना गरेका नाट्य कृतिका आधारमा उनको नट्य यात्रा २००१ देखि २०१७ सम्मको समय पहिलो चरण रहेको छ । यस चरणमा सामाजिक यथार्थका साथै मनोवैज्ञानिक यथार्थवादी नाटकको रचना गर्दछन् । २०१८ देखि २०४० सम्म दोस्रो चरण रहेको छ । यस चरणमा उनका नाटकहरू प्रयोगशील प्रवृत्तिका रहेका छन् । २०४१ देखि २०५६ सम्मको समयावधि मल्लको तेस्रो चरण हो । यस चरणका उनका नाटकहरू समसामयिक प्रवृत्तिका रहेका छन् । यसरी मल्लको नाट्य यात्रालाई प्रवृत्तिगत आधारमा तिन चरणमा विभाजन गर्न सकिन्छ ।

पहिलो चरणमा सामाजिक यथार्थका साथै मनोवैज्ञानिक यथार्थवादी नाटककारको रूपमा देखापरेका मल्ल दोस्रो चरणमा प्रयोगवादी नाटककारका रूपमा देखा पर्दछन् । २०१८ सालमा

लेखेको ‘कङ्काल एकाङ्कीको मञ्चन भएपछि विजय मल्लको नाट्य यात्राको दोस्रो चरण सुरु हुन्छ । कङ्काल मल्लको पहिलो प्रयोगशील एकाङ्की हो र यसमा उनले स्वैरकल्पनाको प्रयोग कलात्मक ढङ्गमा गरेका छन् । २०१८ साल देखि सुरु भएको मल्लको नाट्य यात्राको यस चरणमा पूर्णाङ्की र एकाङ्की दुवै नाटकहरूको रचना गर्दछन् । यस चरणका नाट्य कृतिहरूमा ‘यो किताब नच्यातियोस’ (२०१८), ‘बहुलाकहीँको’ (२०१८), ‘जीवनविमा’ (२०२०), ‘को सँग जुधौं’ (२०३२), ‘पत्थरको कथा’ (२०२५), ‘पुराणको हराएको पाना’ (२०३२), ‘दोभान’ (२०२७), ‘भोलि के हुन्छ ?’ (२०२८), ‘पृथ्वीनारायण शाह’ (२०३१), ‘अन्धोको पनि आँखा हुन्छ’ (२०३२), ‘नाम नभएको मानिस’ (२०३३), ‘भूलैभूलको यथार्थ’ (२०४०), ‘स्मृतिको पर्खालभित्र’ (२०४०), ‘मानिस र मुकुण्डो’ (२०४०) आदि रहेका छन । यस चरणका यी नाट्य कृतिमध्ये ‘भोलि के हुन्छ ?’, ‘स्मृतिको पर्खालभित्र’, ‘मानिस र मुकुण्डो’ चाहिँ पूर्णाङ्की नाटक हुन् भने बाँकी सबै एकाङ्की हुन् । यस चरणमा उनले तिन पूर्णाङ्की र थुप्रै एकाङ्की नाटकहरूको रचना गरेर आफूलाई सफल नाटककारका रूपमा उभ्याएका छन् ।

विजय मल्ल आफ्नो नाट्य यात्राको दोस्रो चरणमा मूलतः प्रयोगवादी नाटककारका रूपमा देखा पर्छन् भने समस्यामूलक नाटकको पनि रचना गर्दछन् । खासगरी स्वैरकल्पनाको प्रयोग गरी उनले आफूलाई प्रयोगवादी नाटककारका रूपमा उभ्याएका छन् । कथ्य शैली, रङ्गमञ्मचीय प्रयोग, मिथकको प्रयोग, प्रतीकको प्रयोग आदिका दृष्टिले उनका यस चरणका नाटकहरू प्रयोगशील देखा पर्दछन् (खतिवडा, २०६८ : ३१) । यस चरणमा उनले समस्यामूलक नाटकको पनि रचना गर्दछन् । यिनका यस चरणका नाटकमा कतै व्यक्ति मनको समस्या त कतै सामाजिक समस्याका परम्परित मान्यता र नयाँ मान्यता बिचको समस्या देखा पर्दछ । नाटकमा समस्याको चित्राङ्कन गर्ने र त्यस समस्याको समाधान प्रति आफू तटस्थ बसी समस्याको समाधान पाठक वा दर्शकलाई दिन्छन् (रेग्मी, २०४१ : ३१) । प्रयोगशील, समस्यामूलक नाटकका साथै यस चरणका उनका नाटकहरू समाज मनोविज्ञानमा पनि आधारित छन् । यसरी यस चरणका नाटकहरूमा प्रयोग भएको स्वैरकल्पना, मिथकीय सन्दर्भ, नामहीन पात्रको प्रयोग, समस्यामूलक जस्ता अनेकौ प्रयोगशील प्रवृत्तिका साथै समाज मनोविज्ञानमा आधारित नाटकको रचना गर्दछन् जसले गर्दा २०१८ देखि २०४० सम्मको समयावधीलाई विजय मल्लको नाट्य यात्राको दोस्रो चरण मान्न सकिन्छ ।

## ३.३ दोस्रो चरणका पूर्णाङ्की नाटकहरू

विजय मल्लले नाट्य यात्राको दोस्रो चरणमा तिन वटा पूर्णाङ्की नाटकहरू रचना गर्दछन् । यस चरणमा रचना गरेका पूर्णाङ्की नाटकहरू भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र, मानिस र मुकुण्डो सात सालको राणाकालीन सामाजिक पृष्ठभूमिमा रचना गरिएका हुन् । यी नाटकहरूको सामान्य परिचयलाई तलको अनुच्छेदमा रहेको छ ।

*भोलि के हुन्छ ?* २०२८ सालमा पत्थरको कथा एकाङ्की सङ्ग्रहमा प्रकाशित नाटक हो । एक एक दृश्य भएका तिन अङ्कमा विभाजित यो नाटक प्रयोगशील नाट्य कृति हो । अदृश्य पात्र, प्रतीक, मिथक, स्वैरकल्पना आदिको प्रयोगले नाटक प्रयोगशील बन्न पुगेको छ । नाटमा राजेन्द्र, आमा, मोहन र सुवर्ण मुख्य चरित्रका रूपमा रहेका छन् भने जज, माधुरी, कामिनी, दुलही, पाले गौण चरित्र हुन् । नाटकमा राजेन्द्र अदृश्य पात्रको रूपमा रहेको छ भने आमा कुनै मानिसकी आमाका रूपमा नभई धरती अर्थात मातृभूमिको प्रतीकका रूपमा उभ्याइएकोले उनी प्रतीकात्मक नारी चरित्रका रूपमा उपस्थित छिन् । नाटकमा रहेको राष्ट्रिय अन्तराष्ट्रिय समस्या, समस्त मानवजातिको भविष्य, आशा नैराश्य र त्रास सन्त्रास जस्ता पक्षहरूले नाटक नेपाली साहित्यको उत्कृष्ट नाटक बन्न पुगेको छ ।

*स्मृतिको पर्खालभित्र* २०४० सालमा प्रकाशित नाटक हो । तिन अङ्कमा विभाजित यस नाटकको पहिलो अङ्कमा दुई दृश्य रहेका छन् भने दोस्रो र तेस्रो अङ्कमा एक एक दृश्य रहेका छन् । नाटकमा महेश्वर र किशोरी मुख्य चरित्रका रूपमा रहेका छन् भने गणेश, सुकुमेल, जमुनी, सेते, भुना, प्रदीप गौण चरित्रका रूपमा रहेका छन् । सात सालको सामाजिक क्रान्तिको पर्यावरण भित्र नाटकको कथावस्तुको संरचना भएको छ । कुनै व्यक्तिको आफूले गरेको कसैको हत्यालाई लुकाउँदा के कस्तो मानसिक पीडा भोग्नु पर्ने हुन्छ भन्ने कुरालाई मार्मिक ढङ्गमा प्रस्तुत गरिएको छ । नाटकमा आफ्नी प्रेमिका भगाई लाने र राणाशासनको विरोध गर्ने सुशीलको हत्या गरी त्यसका छोरा र छोरीलाई महेश्वर आफैले प्रेम गर्न लाग्दा सम्पूर्ण रहस्य खुल्दछ र महेश्वरको जिन्दगी मानसिक यातनाको छटपटीले ग्रस्त देखाईएको छ ।

*मानिस र मुकुण्डो* २०४० सालमा प्रकाशित नाटक हो । एक एक दृश्य भएका जम्मा जम्मी दुई अङ्मा विभाजित छ । नाटकमा सरिता र मनमोहन मुख्य चरित्रका रूपमा रहेका छन् भने उषा, श्याम, आमा, राजु गौण चरित्रका रूपमा रहेका छन् । यस नाटकको कथावस्तु पनि सात सालको सामाजिक परिवेशमा आधारित छ । बाहिरबाट भद्र देखिने सभ्यता र शिष्टताको मुकुण्डो धारण गरेका व्यक्तिहरू कसरी अपराध कार्यमा संलग्न छन् भन्ने कुरालाई नाटकमा देखाइएको छ । यस नाटकमा आमाले पनि सम्पत्तिको स्वार्थमा आफ्नी छोरीलाई कसैकी रखौटी स्वास्नी बन्न प्रेरित गरेकी छ । त्यस्तै नैतिक सभ्यताको आडमा मान्छेहरू कसरी अन्तराष्ट्रिय तस्करहरूको गिरोहद्वारा सञ्चालित हुन्छ र आफ्ना स्वार्थका लागि राष्ट्रिय कला-संस्कृतिका प्रतीक प्राचीन मूर्ति कलाकृतिहरू समेत विदेशीका हातमा कसरी बेचिदिन्छन् भन्ने यथार्थ प्रस्तुत छ । आफ्नो स्वार्थ सिद्धिमा लागेर बहुमूल्य सांस्कृतिक वस्तुहरू विदेशमा पैठारी गर्दा निर्दोश कलाकारको हत्यासम्म गराउन पनि यी तस्करहरू पछि पर्दैनन् भन्ने त्रासदीय घटनाको चित्रण पनि यसमा नाटकमा गरिएको छ ।

## ३.४ *भोलि के हुन्छ ?* नाटकमा सामाजिक व्यवहार

भोलि के हुन्छ ? सामाजिक व्यवहारमा आधारित नाटक हो । एक एक दृश्य भएका तिन अङ्कमा विभाजित यस नाटमा रहेका पात्रहरूले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलापका साथै पात्र-पात्रहरू बिचको अन्तर्क्रियामा सामाजिक व्यवहार पाउन सकिन्छ । सामाजिक व्यवहार मानिसहरूको पारस्परिक अन्रक्रिया हो । नाटकमा रहेका पात्र राजेन्द्र, माधुरी, कामिनी, मोहन, सुवर्ण, आमा, जज आदिको पारस्परिक अन्तर्क्रियाबाट सामाजिक व्यवहार प्रष्ट हुन आएको छ । नाटकमा प्रेमी महेश युद्धमा गएकोमा माधुरीले चिन्ता गर्दा कामिनीले सम्झाउनु, आमालाई मार्ने निर्णय गर्दा दुलहीले दुःख व्यक्त गर्नु, आमाले आफ्ना हत्या नगर्नको लागि पति र देवरलाई सम्झउनु, आमाले आफ्ना सन्तानले बाटो विराउँदा दुःख व्यक्त गर्नुका साथै सही बाटो देखाउन खोज्नु, सुवर्णले आमाको रक्षा गर्नु, माधुरीले आत्महत्या गर्ने निर्णयलाई आमा र कामिनीले रोक्न खोज्ने प्रयास गर्नु आदि जस्ता सामाजिक व्यवहारहरूलाई देख्न सकिन्छ । नाटकमा व्यक्तिहरूले यी सामाजिक व्यवहारहरू सुझाव, सहानुभूति र प्रेरणाले गरेका छन् । त्यसैले आगामी उपशीर्षकमा व्यक्तिहरूले गरेका सामाजिक व्यवहारलाई सुझाव, सहानुभूति र प्रेरणाका माध्यमबाट विश्लेषण गरिएको छ ।

### ३.४.१ सुझाव

भोलि के हुन्छ ? नाटकमा रहेका पात्रहरूको सामाजिक व्यवहार सुझावद्वारा सञ्चालित छ । सुझाव कुनै पनि व्यक्तिको व्यवहार, विचार या अभिवृत्तिमा आवश्यक दिशा तथा मात्रामा परिवर्तन ल्याउनको लागि दिइन्छ । नाटकमा रहेका पात्रहरूको समय र परिस्थिति अनुसार एकले अर्कालाई सुझाव दिएका हुन्छन् जसले गर्दा नाटकमा सामाजिक व्यवहार देख्न सकिन्छ । यसै सामाजिक व्यवहारमा सामूहिक/सामाजिक मनोविज्ञान निहित हुन्छ । नाटकमा माधुरी, मोहन, सुवर्ण, कामिनी, दुलही, जजले एकअर्कालाई सुझाव दिएका छन् । यसरी एकअर्कालाई दिएको सुझावहरू प्रत्यक्ष सुझावका रूपमा रहेका छन् । त्यस्तै नाटकमा राजेन्द्र अदृश्य पात्रको रूपमा रहेको छ । राजेन्द्रले नाटकको अन्तमा समाजमा रहेका व्यक्तिहरूलाई दिएको सुझाव नाटककार स्वयमले दिएको सुझाव हो ।

माधुरीले सपनामा प्रेमी महेशलाई देखेको र आफूहरूको मिलन नभएको कुरा कामिनीलाई बताउँदै युद्धमा गएको व्यक्ति फर्कन्छ भन्ने विश्वास गर्नु आफूलाई ठग्नु र ढाँट्नु हो भन्दछे । महेश युद्ध जितेर फर्केर आएमा पनि ऊ रगतमा मुछिएर आएको हुन्छ, जुन रगत कसैको मरेको मायाको हुन्छ यदि युद्ध हारेर महेश मरे आफ्नो प्रेम मर्ने भन्दै मारेर र मरेर केही फाइदा हुदैँन भन्दै युद्ध सङ्ग्रामविना के जीवन यँहा चल्न सक्दैँन भनेर भनेकी छे । माधुरीका यस्ता कुरा सुनी कामिनीले "कस्तो कल्पना गरिबक्सेको ! भैहाल्यो सवारी हवोस उता, उता खोपीमा जाऔँ ।" (विजय मल्ल, भोलि के हुन्छ ?, पृ.२२) भन्दै अनावश्यक कल्पना नगर्न सुझाव दिएकी छ । कामिनीले माधुरीलाई

प्रत्यक्ष रूपमा सुझाव दिएकी छ जसले उसको सामाजिक व्यवहारलाई देखाउँछ । यस्तै माधुरीले युद्ध नगर्न र सङ्ग्रामविना पनि जीवन चल्न सक्दछ भन्दै अप्रत्यक्ष रूपमा समाजमा रहेका व्यक्तिहरूलाई युद्ध नगर्न सुझाव दिएकी छे । नाटकमा महेशको मृत्युको खबरले माधुरी बहुलाएकी छ जसले गर्दा ऊ आत्महत्या गर्ने निर्णय गर्दछे तब कामिनीले “माधुरी मैसाब, के मर्जी भएको यो ? आत्महत्या महापाप हो ।” (भोलि के हुन्छ ?, पृ. ४६) भन्दै आत्महत्या नगर्न सुझाव दिन्छे ।

मोहन हिसां, क्रुरता र तानाशाही शासक हो । मोहनले सम्पूर्ण पृथ्वीमा एक्लै शासन गर्न चाहेको छ । सम्पूर्ण विश्वलाई भोग्न चाहन्छ । आमाले मेरै ज्युनीमा तिमी र तिम्रा सन्तानले मेरो जायजेथा र सम्पूर्ण सम्पत्ति भोग गर्नु भनेर लेखिदिएको कागतको आधारमा मोहन सम्पूर्ण पृथ्वीमा राज गर्न चाहन्छ । बाजेबराजुका अन्य सन्तानले पनि यस सम्पत्तिमा आफ्नो पनि अधिकार रहेको र आफूले पनि सम्पत्तिलाई भोग्न पाउनु पर्छ भन्दा मोहनले सम्पूर्ण सम्पत्ति भोग गर्न र शासन गर्न नपाए आमालाई नै मारिदिने निर्णय गर्दछ । आमा सुतिरहेको अवस्थामा मोहन र सुवर्णले विहान नहुदैँ आमालाई मारिसक्नुपर्छ भन्दा दुलहीले “बरु मलाई मारिबक्स्योस आमालाई केही नगरीबक्स्योस । मातृहत्या जस्तो महापाप अरु केही छैन” (भोलि के हुन्छ ?, पृ. ४१) भन्दै आमालाई नर्मान सुझाव दिएकी छ । मातृहत्या माहापाप हुने र यो भन्दा ठूलो अरु कुनै पाप नरहेको कुरा बताएकी छ । धन सम्पत्ति आफ्नो हुँदाहुँदै पनि कागत देखाएर अरुले बल र सामर्थ्यले एउटा कोठा सम्म पुऱ्याइसकेको र केही छिनमा आफू पराजय हुने भन्दै महोन विश्वलाई मसान बनाउन चाहन्छ । विश्वको मृत्यु अनि त्यसको साथसाथै आफ्नो पनि मृत्यु चाहेको मोहनलाई आमाले “यो तिम्रो त्रास मात्र हो । जीवन यँहा कहिल्यै हार्दैन जेठा, जेठा तिमीमा जीवन रहुन्जेल बाँच” (भोलि के हुन्छ ?, पृ. ५०) भन्दै जीवन रहँदा सम्म बाँच्न सुझाव दिएकी छ ।

नाटकमा अदृश्य पात्रका रूपमा रहेको राजेन्द्रले समाजलाई सुझाव दिएको छ । राजेन्द्रले दिएको सुझावलाई नाटककार स्वयम्‌को पनि सुझाव हो भन्न सकिन्छ । राजेन्द्र भन्छ-

> पर्ख, त्यो जेठा, त्यो व्यक्ति मरेको छैन । त्यो रक्तबीज हो, सहस्र-सहस्र त्यसबाट फेरि बिउँतेर उठ्छन् र यी ग्रहहरूमा हाहाकार मच्चाउन संहारको बीभत्स खेल खेल्छन्, ग्रहहरूलाई जुधाउँछन्, ग्रहहरूलाई फोड्छन् । ए मेरो युग, भविष्यका अनन्त युगहरूहो, सर्तक होऊ, सजग होऊ !त्यसले बिउँझेर घाँटी अँठ्याउन नपाओस् । ग्रह फोड्न नपाओस् । (भोलि के हुन्छ ?, पृ. ५३)

राजेन्द्रले मोहन आत्महत्या गरी मरे पनि त्यस्ता व्यक्तिहरू समाजमा अरु पनि रहेका र त्यस्ता व्यक्तिहरूले आफ्नो स्वार्थको लागि सम्पूर्ण पृथ्वीलाई नै ध्वस्त पार्दछन् भन्दै आफूले अरुलाई सचेत गराउन आएको कुरा बताएको छ ।

सुझावद्वारा व्यक्तिको व्यवहारलाई एउटा निश्चित दिशा प्रदान गर्न सकिन्छ । यस नाटकमा सुझावहरू प्रत्यक्ष रूपमा दिएका छन् । तर ती सुझावहरू उनीहरूको भाव, विचार, अनुभव

प्रतिकूल रहेका छन् जसको कारणले गर्दा कसैले पनि सुझावलाई स्वीकारेको देखिदैंन भने सुझावकै कारण उनीहरूको व्यवहारमा परिवर्तन पनि आएको छैन । तर सुझावले ती व्यक्तिको समाजिक व्यवहारलाई देखाएको छ ।

## ३.४.२ सहानुभूति

भोलि के हुन्छ ? नाटकमा पात्रहरूको परस्पर अन्तर्क्रियामा एकले अर्काप्रति सहानुभूति व्यक्त गरेका छन् । पात्रहरूको एकअर्का प्रतिको सहानुभूतिले उनीहरूको सामाजिक व्यवहारलाई प्रष्ट पारेको छ । कसैलाई दुःखी देखेर त्यस्तै दुःखको अनुभव गर्नु सहानुभूति हो । नाटकमा माधुरीको दुःखमा कामिनी र आमाले दुःख व्यक्त गर्दै सहानुभूति व्यक्त गरेका छन् भने आमाको दुःखमा सुवर्ण, दुलहीले सहानुभूति व्यक्त गरेका छन् ।

नाटकमा माधुरीले आफ्नो प्रमी महेश लडाइँबाट फर्कदैन, महेशको र आफूको भेट कहिल्यै नहुने भन्दै त्यसैले गर्दा सपनामा पनि महेश र आफ्नो मिलन कहिल्यै नभएको कुरा कामिनीलाई आफ्नो दुःखको कुरा बताउँछे । माधुरीको दुःखको संवेगको प्रत्यक्ष ज्ञान कामिनीलाई हुन्छ किनभने माधुरी सँगको बसाउठ, घुलमिल र नजिकको सम्बन्ध रहेको छ । त्यसैले माधुरीको दुःखलाई आत्मसात गर्दै महेश लडाइँ जितेर फर्कने र भेटहुने सान्तवना दिन्छे । लडाइँमा महेशको मृत्यु भएको खबरले माधुरी बहुलाएकी छ । माधुरी प्रति रहेको माया र स्नेहले गर्दा आमाले “माधुरी, म तिम्री आमा यँहा आऊ, तिम्रो मनको दुःखलाई हटाइदिन्छु । मेरी माधुरी सुन तिमी दुःखी नोहोऊ” (भोलि के हुन्छ ?, पृ. ४५) भनेकी छ । मनको दुःखलाई हटाइदिने र दुःखी नहुन गरेको आग्रहले आमाको माधुरी प्रतिको सहानुभूतिको भावलाई देखाउँछ । महेशको मृत्यु पश्चात आफू बाँच्नुको कुनै अर्थ नभएको भन्दै माधुरी मर्ने निर्णय गरी कौसीबाट हामफालि आत्महत्या गर्दछे । माधुरीले कौसीबाट हामफालि मृत्यु भएको कुरा कामिनीले आमालाई भन्दा आफूले सृष्टि मात्र गर्न जानेको र छोराछोरीको मृत्युको खबर सुन्न नसक्ने भन्दै कामिनीलाई चुपलाग्न भन्नु आमाको छोराछोरी प्रतिको सहानुभूतिको भाव हो ।

दया, माया, प्रेम, नम्रस्वभाव आदिले सहानुभूति उत्पन्न गर्नमा सहयोग गर्दछ । यही स्वभावका कारण आमाले आफ्ना छोराछोरी प्रति र छोराछोरीले आमा प्रति छिटो सहानुभूतिको भाव व्यक्त गर्दछन् । नाटकमा आफूलाई अध्यारो कोठामा कैदगरी राखेको छोरा मोहान र सुवर्णले मार्न आउँदा पनि आमाले “...आज तिमीहरूलाई किन निद्रा परेन ! के ज्यादै चिन्तित छौ ? मलाई भन तिमीहरूलाई के-के चिन्ता छ ? मेरो आमा मनले होउन्जेल म तिमीहरूको कल्याण गर्छु” (भोलि के हुन्छ ?,पृ. ४०) भन्दै आफ्ना सन्तानको दुःख कष्टलाई कम गर्ने प्रयास गरेकी छ । आमाको यो व्यवहार माया र प्रेमबाट सन्तानहरूको दुःख प्रति उत्पन्न भएको सहानुभूतिको भाव हो । त्यस्तै मोहनले माधुरी बहुलाएकी, सुन्दरी मरिसकेकी र कामिनीलाई के हुन्छ भन्न सक्तिनँ भनेर भन्दा आमाले दुःख मानेको र आमाले मानेको दुःखमा सुवर्णले सहानुभूति व्यक्त गरेको छ । यसरी

एकअर्काको सुख दुःखको मानसिक अवस्थालाई बुझेर व्यवहार गर्नु नाटकमा देखिएको सहानुभूति पूर्ण सामाजिक व्यवहार हो ।

नाटकको तेस्रो अङ्कमा मोहनले आमाको हत्या गर्ने प्रयास गर्दा सुवर्णले मोहनलाई कैदगरी राख्दछ र आमालाई मार्न दिदैन । सुवर्णको यो कार्य आमाप्रति सहानुभूति स्वरूप उत्पन्न भएको हो । कैदमा परेको मोहनले कसै सँग पराजय भएर बाँच्नु सट्टा आत्महत्या गर्न वेश भनी आत्महत्या गर्दछ । मोहनको मृत्युमा दुलही रुदै आमा सँग अब म कसरी बाँचु ? मेरो कोही छैनन् भन्दा आमाले "नरोऊ ! धैर्यधारण गर दुलही, म तिम्रो निकट सधै रहुँला, सधै बसुँला, नरोऊ" (भोलि के हुन्छ ?, पृ. ५३) भन्दै दुलहीलाई सान्तवना दिएकी छ । यस्ता सामाजिक व्यवहारहरू प्रत्येक समाजमा रहेका हुन्छन् र प्रत्येक समाजका व्यक्तिहरूले गर्ने गर्दछन् । भोलि के हुन्छ ? नाटकमा रहेका यस्ता साझा सामाजिक व्यवहारहरूमा सामाजिक मनोविज्ञान रहेको छ ।

### ३.४.३ प्रेरणा

व्यक्तिले गर्ने सामाजिक व्यवहार प्रेरणाद्वारा सञ्चालित हुन्छ । भोलि के हुन्छ ? नाटकमा व्यक्तिले गरेका सामाजिक व्यवहारहरू प्रेरणाद्वारा सञ्चालित छन् । प्रेरणा जन्मजात र आर्जित दुई प्रकारको हुन्छ । व्यक्तिले यिनै दुई प्रकारको प्रेरणाको सन्तुष्टिको लागि कार्य गर्दछ । नाटकमा मोहन, सुवर्ण र दुलहीले आर्जित प्रेरणाको सन्तुष्टिको लागि विभिन्न क्रियाकलाप गरेका छन् । प्रेरणाको सन्तुष्टिको लागि गरेको क्रियाकलापले उनीहरूको सामाजिक व्यवहारलाई देखाएको छ ।

भोलि के हुन्छ ? नाटकमा मोहनले समाजमा बसेर गरेका सम्पूर्ण सामाजिक व्यवहारहरू आफ्नो आर्जित प्रेरणाको सन्तुष्टिको लागि गरेको छ । धन, सुरक्षा, मान, प्रतिष्ठा, यश आदि आर्जित प्रेरणाको रूपमा रहेका र मोहन यिनै आर्जित प्रेरणा पाउनको लागि निरन्तर रूपमा कार्य गरिरहेको छ । मोहन सम्पूर्ण पृथ्वीमा राज गर्न चाहन्छ र पृथ्वीको सम्पूर्ण सम्पत्तिलाई एकलौटि भोग्न चाहन्छ । यही आर्जित प्रेरणाको सन्तुष्टिको लागि भाई सुवर्ण र जजसँग आमाको सम्पत्तिलाई कसरी आफ्नो बनाउने भन्ने सरसल्लाह गर्नु, आमासँग पुनः कागतमा अनुमोदनको लागि प्रयास गर्नु मोहनको सामाजिक व्यवहारलाई हो । मोहनमा आर्जित प्रेरणाको सन्तुष्टिको नकारात्मक उत्प्रेरकको भाव उत्पन्न भएको छ । त्यसैले ऊ आफ्नै आमालाई कैद गरी अध्याँरो कोठामा थुनेर राखेको छ । मोहन बाँच्न मात्र नचाहेको र सम्पूर्ण विश्व सहित सम्पत्तिलाई भोग गर्न चाहेको कुराले उसको आर्जित प्रेरणालाई देखाउँछ । मोहन भन्छ- "म बाँच्न मात्र चाहन्नँ आमा, तपाईको सम्पूर्ण सम्पत्तिको भोग गर्न चाहन्छु । सम्पूर्ण विश्वको । एक टुक्रा जमिनको हैन....." (भोलि के हुन्छ ?, पृ. ३९) । यस भनाईबाट मोहनमा रहेको आर्जित प्रेरणाको भावलाई देख्न सकिन्छ । आर्जित प्रेरणाको सन्तुष्टिको लागि मोहनमा उत्पन्न भएको नकारात्मक उत्प्रेक तत्त्वले समाजद्वारा अस्वीकृत व्यवहारहरू गरेको छ । त्यसैले ऊ आफ्नै भाईबाट कैद हुनुपरेको र आत्महत्या गरी मर्नु परेको छ ।

यस्तै नाटकमा सुवर्णको सामाजिक व्यवहार प्रेरणाको सन्तुष्टिको लागि गरेको छ । आर्जित प्रेरणाको सन्तुष्टिको लागि सुरुमा नकारात्मक उत्प्रेरकको भाव उत्पन्न हुन्छ; यसैले मोहनसँग मिलि आमालाई मार्न तयार भएको छ । सुवर्णमा आएको नकारात्मक उत्प्रेरकले गर्दा आमा सुतिरहेको अवस्थामा जुनसुकै पाप पनि सजिलरी गर्न सकिन्छ । त्यसैले आमालाई मार्न नहड्बडाउने र नआत्तिने कुरा यसरी भन्छ "आमा त सुत्नुभए जस्तो छ । यस गाढा निद्रामा हामी जुनसुकै पाप पनि आँखा चिम्लेर गर्न सक्छौं । मलाई अब उत्साह आयो, म अब आमालाई मिल्काउन आत्तिन्न" ( भोलि के हुन्छ ?, पृ. ३३) । सुवर्णमा आएको यो नकारात्मक उत्प्रेरकको भावमा परिवर्तन आएको छ । त्यसैले ऊ आमालाई मार्ने निर्णयबाट पछि हटेको छ । उसमा आएको सकारात्मक उत्प्रेरकको भावले मोहनले आमालाई मार्न लाग्दा मोहनलाई कैद गरी आमाको सुरक्षा गरेको छ ।

सुख, शान्तिसँग पारिवारिक जीवन व्यतित गर्ने प्रेरणाबाट दुलहीको सामाजिक व्यवहार सञ्चालित छ । आफ्नो प्रेरणा सन्तुष्टिको लागि ऊ श्रीमान् र देवरले आमालाई मार्ने भनेर गरेको निर्णयलाई रोक्ने प्रयास गरेकी छ । दुलहीले आफ्ना सन्तानहरू भएको र सुरेशले तपाईलाई कति मन पराउँछ भन्दै त्यसको भविष्य र विश्व भताभुङ्ग नपार्न आग्रह गरेकी छ । दुलहीको यस आग्रहले सामाजिक व्यवहारलाई देखाउँछ जुन आर्जित प्रेरणाको सन्तुष्टिको लागि सञ्चालित छ ।

प्रेरणाको आधारमा व्यक्तिले सबै प्रकारको व्यवहार गर्दछ । नाटकमा रहेका पात्र मोहन र सुवर्णको व्यवहार पनि प्रेरणाको सन्तुष्टिमा क्रियाशील छ । मोहनमा रहेको नकारात्मक उत्प्रेरक तत्त्वले आमाको सुरक्षा गरेको छ ।

## ३.५ *स्मृतिको पर्खालभित्र* नाटकमा सामाजिक व्यवहार

स्मृतिको पर्खालभित्र सामाजिक व्यवहारमा आधारित नाटक हो । तिन अङ्कमा विभाजित यस नाटकमा पात्रहरूको क्रियाकलापमा सामाजिक व्यवहार पाउन सकिन्छ । नाटकमा रहेका पात्र महेश्वर, गणेश, सेते, प्रदीप, किशोरी, जमुनी, सुकमेल र भुनाको क्रियाकलापबाट सामाजिक व्यवहार प्रष्ट हुन आएको छ । किशोरीले महेश्वरलाई रक्सी नखान भन्नु, महेश्वरले साथीको छोराछोरीलाई घरमा ल्याई पाल्नु, सुकुमेलले किशोरीलाई आफ्नो बाबु समान व्यक्तिसँग बिहे नगर्न सल्लाह दिनु आदि जस्ता सामाजिक व्यवहारहरू नाटकमा देख्न सकिन्छ । नाटकमा पात्रहरूले गरेका यी सामाजिक व्यवहारलाई सुझाव, सहानुभूति र प्रेरणाका माध्यमबाट आगामी उपशीर्षकहरूमा विश्लेषण गरिएको छ ।

### ३.५.१ सुझाव

स्मृतिको पर्खालभित्र नाटकमा रहेका पात्रहरूको सामाजिक व्यवहार सञ्चालनमा सुझावको मुख्य भूमिका रहेको छ । सुझाव कुनै पनि व्यक्तिको व्यवहार र अभिवृत्तिमा परिवर्तन ल्याउनको लागि दिइन्छ । नाटकमा रहेका पात्रहरूले एकले अर्कालाई व्यवहार र अभिवृत्तिमा परिवर्तन ल्याउनको लागि प्रत्यक्ष रूपमा सुझाव दिएका छन् । यसरी प्रत्यक्ष रूपमा दिएको सुझावले

नाटकमा पात्रहरूको सामाजिक व्यवहार सञ्चालन गरेको छ । किशोरी र गणेशले महेश्वरलाई, सुकुमेल र महेश्वरले किशोरीलाई दएका सुझाव प्रत्यक्ष सुझाव हुन् ।

किशोरीले महेश्वरलाई रक्सी नखान सुझाव दिएकी छे । महेश्वेर रक्सी खाएर मातेको छ । रक्सीले मातेको बेला महेश्वरले किशोरीमा आफ्नो पूर्व प्रेमिका शर्मिलाको रूप देख्छ र उसले किशोरीलाई नै शर्मिला भनी बोलाउँछ । यस आस्थामा किशोरीले "...हजुरलाई कति चोटि हात जोडेर बिन्ती गरिसकैँ मैले यसरी रक्सी लाग्ने गरी ज्यूनार नहोस भनेर । मानिबक्सन्न । एकदिन यसले हजुरको शरीरलाई सत्यानाश गरी छाड्नेछ हेरिबक्सेला । अनि पछि पश्चाताप गरेर केही फाइदा हुनेछैन । अङ्कल !" (विजय मल्ल, स्मृतिको पर्खालभित्र, पृ. ५) भन्दै रक्सी नखान सुझाव दिएकी छ । रक्सीले शरीरको सत्यानाश गर्ने हुँदा महेश्वरलाई रक्सी नखान दिएको सुझावले किशोरीको सामाजिक व्यवहारलाई देखाउँछ । त्यस्तै सात सालमा वीरगञ्जमा आफ्नै साथी सुशीलको हत्या गरेकोमा महेश्वरमा पश्चाताप र आत्मग्लानि हुन्छ । पश्चाताप र आत्मग्लानिको छटपटीबाट छुटकारा पाउन सुशीलको छोरा र छोरी पाल्ने दिनहुँ रक्सी खाने गर्दछ तर पनि उसको मनले शान्ति पाउँदैन । मनमा शान्ति पाउनको लागि हत्या गरेको स्वीकार गर्नुपर्ने भन्दै गणेशले यसरी "हजुरको अहिले पनि मनमा शान्ति छैन । जब सम्म हत्या गरेको स्वीकार गरिबक्सन्न, त्यस बखत सम्म हजुरलाई त्यसमृत-आत्माले लखेट्छ । याद गरिबक्स्योस" (स्मृतिको पर्खालभित्र, पृ. ४६) भन्दै सुझाव दिन्छ । महेश्वरले मनमा शान्ति पाउन अपराधलाई स्वीकार्नु पर्ने भनी गणेशले दिएको सुझावले सामाजिक व्यवहारलाई देखाउँछ ।

किशोरीले आमालाई घृणा गर्दछे । आमालाई किच्कन्नी बोक्सी भनी सधैं सपनामा आई तर्सासाउने र आफूलाई रातिमा सुत्न नदिएको कुरा गर्दछे । किशोरीका यस्ताकुरा सुनी सुकुमेलले आफूलाई जन्म दिएको आमालाई त्यस्तो नभन्न सुझाव दिएकी छ । महेश्वर पनि सबै कुरा विर्सन भन्दै यो जीवनमा आफूले नसोचेका र नरमाइला घटनाहरू घटी रहन्छ तर पनि ती सबै कुरा बिर्सि जीउन पर्छ भन्दै किशोरीलाई सम्झाउँछ । किशोरीले यो छट्पटीबाट मुक्त हुन र आमाले नभेट्टाउने गरी जोगिन आफूलाई बिहे गर्नको लागि महेश्वरलाई भन्दछे । किशोरीको बिहेको प्रस्ताव महेश्वरले स्वीकार्छ तर समाजले आफूलाई घरमा साथीको छोरीलाई पाल्यो हुर्कायो पछी तरुनी भएपछी आफै बिहे गऱ्यो भनी भन्नेछ भन्दै आफ्नो निर्णयमा सोच विचार गर्न किशोरीलाई महेश्वर यस्तो सुझाव दिन्छ "...म तिम्रो बुबा मुमाको साथी-फेरि तिमी यस्ती भरखकी युवती म अधवैसे बुढो ! यसैले फेरि राम्ररी सोच भनेर तिमीलाई हिजो भनेको" (स्मृतिको पर्खालभित्र, पृ. ३१) । यस भनाईबाट महेश्वरले किशोरीलाई बिहेको लागि सोचेर निर्णय गर्न सुझाव दिएको छ । त्यस्तै किशोरीलाई आफ्नो बाबुको उमेरसँगको व्यक्तिसँग बिहे नगर्न भन्दै सुकुमेलले पनि सुझाव दिएकी छ ।

यसरी नाटकमा समय र परिस्थिति अनुसार एकले अर्कालाई सुझाव दिएका छन् । त्यही सुझावमा उनीहरूको सामाजिक व्यवहारलाई देख्न सकिन्छ । सुझाव अनुसार गरिएका सामाजिक क्रियाकलाप र सामाजिक व्यवहारमा सामाजिक मनोविज्ञान रहेको छ ।

## ३.५.२ सहानुभूति

स्मृतिको पर्खालभित्र नाटकमा पात्रहरूले एकअर्काको दुःखमा सहानुभूति व्यक्त गरेका छन् । सहानुभूतिबाट उनीहरूको सामाजिक व्यवहार सहज र सरल भएको छ । सहानुभूति भावनात्मक प्रक्रिया हो । भावना कै कारण व्यक्तिले कसैलाई सहायता गर्छ अथवा उसप्रति सम्वेदना व्यक्त गर्दछ । नाटकमा महेश्वर, गणेश, सेते, प्रदीप, किशोरी, जमुनी, सुकुमेल, भूनाले परिस्थिति अनुसार एकअर्कालाई सहायता र सम्वेदना व्यक्त गर्दछन् । यसरी व्यक्त गरिएको सहायता र सम्वेदना सहानुभूतिबाट व्यक्त हुन्छ । सहानुभूति स्वरूप गरिएको सहायता र सम्वेदनाले ती व्यक्तिहरूको सामाजिक व्यवहारलाई देखाउँछ ।

नाटकमा महेश्वरका केही सामाजिक व्यवहारहरू सहानुभूतिमा आधारित छ । महेश्वरको किशोरी र प्रदीप प्रति सहानुभूतिको व्यवहारलाई देख्न सकिन्छ । सहानुभूतिकै कारण महेश्वरले आफैले हत्या गरेको साथीको छोरा र छोरीको दुःखलाई देख्न नसकेर घरमा नै ल्यायी पालेको छ । महेश्वरले किशोरी र प्रदीपलाई पाल्नुको मूख्य उद्देश्य पश्चाताप र आत्मसन्तुष्टिको लागि भएता पनि उसको यो सामाजिक व्यवहार सहानुभूतिबाट उत्पन्न भएको हो । महेश्वर भन्छ- “मलाई पनि अत्यन्त अफशोश लागेको छ, दुःख छ, तिमीहरूलाई यहाँ ल्याएर हुर्काए पनि मैले तिम्रो बुबा मुमाहरूले दिएको माया दिन सकेको छैन” (स्मृतिको पर्खालभित्र, पृ. १५) । यस भनाईबाट महेश्वरले विगतमा गरेको कार्यले गर्दा किशोरी र प्रदीपले आमाबाबुको माया गुमाएको भन्दै दुःख व्यक्त गरेको छ । यसरी महेश्वरमा रहेको किशोरी र प्रदीपप्रतिको सहानुभूतिको भावले सामाजिक व्यवहारलाई देखाउँछ ।

किशोरी आफ्नी आमालाई घृणा गर्छे । घृणा स्वरूप ऊ आमालाई किचकन्नी, बोक्सी भन्दछे । किशोरीले यसरी आफ्नाी आमालाई गरेको घृणाबाट सुकुमेल शर्मिला प्रति सहानुभूतिको भाव व्यक्त गर्दै आमालाई त्यसरी जथाभावि केही नभन्न भनेकी छ । छोरा छोरीको निम्ति आमाले धेरै दुःख कष्ट उठाएको आफूले देखेको भन्दै सुकुमेलले शर्मिला प्रति सहानुभूति व्यक्त गर्दछे । किशोरीले आमाको व्यवहारले गर्दा बुबाले घर छाडेर गएको र भाई र आफूले दुःख पाएको भन्दै मनमा अशान्ति हुँदा, दुःख पाउँदा आफूलाई माया गर्ने हातहरू नभएको कुरा गर्दछे । राणाशासनको विरोधमा लागेका बुबाका साथीहरू सबै फर्केर आएको र बुबाका नर्फकेको भाई प्रदीपलाई सधै बुबा फर्किने झुटो आस्वासन दिई फकाएको तर आफूलाई फकाउन नसकेको भन्दै दुःखको कुरा किशोरी सुकुमेल सँग गर्दछे । किशोरीका कुराले सुकुमेलमा सहानुभूतिको भाव जाग्दछ । सुकुमेलमा सहानुभूतिको भाव जाग्नुमा माया र प्रेमको मूख्य भूमिका रहेको छ । किशोरीको संवेगलाई सुकुमेल

सानै देखि अनुभव गर्दै आएकी छ; त्यसैले किशोरीको संवेगको प्रत्यक्ष ज्ञानले सुकुमेलमा सहानुभूतिको भाव उत्पन्न हुन्छ र ऊ भन्छे- "मुमा मात्र यँहा राज भएको हुजुरको यस्तो हालत हुन्थेन" (स्मृतिको पर्खालभित्र, पृ. १२) । यस भनाईबाट सुकुमेलले आमा भएको भए आजको यो हालत नहुने भन्दै किशोरी प्रति सहानुभूति व्यक्त गर्दछे । सुकुमेलको यस सहानुभूति पूर्ण व्यवहारलाई सामाजिक व्यवहार भन्न सकिन्छ ।

### ३.५.३ प्ररेणा

स्मृतिको पर्खालभित्र नाटकमा पात्रहरूले गरेका सामाजिक व्यवहारहरू प्रेरणाद्वारा सञ्चालित छन् । नाटकमा रहेका पात्रहरू किशोरी, महेश्वर, गणेश, प्रदीप, सुकुमेल आदिको सामाजिक व्यवहार जन्मजात र आर्जित प्रेरणाको आधारमा सञ्चालित छन् । व्यक्तिले यिनै दुई प्रकारको प्रेरणाको सन्तुष्टिको लागि कार्य गर्दछ । नाटकमा रहेका पात्रहरूले पनि यिनै दुई प्रकारको प्रेरणाको सन्तुष्टिको लागि सामाजिक व्यवहार गरेका छन् । त्यसैले नाटकमा रहेका पात्रहरूको लागि सामाजिक व्यवहार गरेका छन् । त्यसैले नाटकमा रहेका पात्रहरूको सामाजिक व्यवहारलाई प्रेरणाको आधारबाट विश्लेषण गरिएको छ ।

महेश्वरले जन्मजात र आर्जित दुवै प्रेरणाको सन्तुष्टिको लागि सामाजिक व्यवहार गरेको छ । महेश्वरले प्रेम र यौन सन्तुष्टिको लागि किशोरीको बिहे गर्ने प्रस्तावलाई स्वीकारेको छ जुन उसको जन्मजात प्रेरणाको सन्तुष्टिको लागि हो भने किशोरी र प्रदीपलाई घरमा ल्याई पाल्नु आर्जित प्रेरणाको सन्तुष्टिको लागि गरेको कार्य हो । महेश्वरमा शर्मिला प्रति रहेको प्रेम र यौनको आवश्यकता पुरा गर्न उसले आफ्नो छोरी समान किशोरीले राखेको बिहेको प्रस्तावलाई स्वीकारेको छ । आफ्नो उक्त प्रेरणामा गणेशले बाधा पुऱ्याउने देखि सुरुमै किशोरीलाई सचेत गराउनु र गणेशको विरुद्धमा उभ्याउनुले जन्मजात प्रेरणाको सन्तुष्टिको लागि गरेको सामाजिक व्यवहार हो । समाजमा इज्जत, मान, प्रतिष्ठा, पाउनको लागि आफैले हत्या गरेको मित्रका छोराछोरीलाई घरमा ल्याई आमाबाबुको माया दिई हुर्काएको छ । महेश्वरको यो कार्य समाजमा मान, प्रतिष्ठा र इज्जत पाउनको लागि गरेको सामाजिक व्यवहार हो । आफैले पालेको हुर्काएको छोरी समान किशोरीले बिहेको प्रस्ताव राख्दा समाजले के भन्ला भन्दै किशोरीलाई एकचोटी सोच विचार गर्न भन्नु समाजमा रहेको इज्जत र प्रतिष्ठालाई बनाई राख्न गरिएको सामाजिक व्यवहार हो ।

बाबुको मृत्यु र आमाको दुश्चरित्रताले गर्दा किशोरीमा असुरक्षाको भावना पैदा हुन्छ । किशोरी आमालाई किचकन्नी भन्दछे । सपनामा सधै आमाले लखटी राख्ने र दिउँसामा बैचैन तुल्याएर सताइरहने भन्दै आफ्नो सम्पूर्ण कार्यमा बाधा पुऱ्याएकाले किशोरीमा असुरक्षाको भावना पैदा हुन्छ । यही असुरक्षाबाट बँच्नको लागि किशोरी आफूलाई पालेको हुर्काएको आफ्नो बुबाको उमेर बराबरको व्यक्तिसँग बिहे गर्ने निर्णय गर्दछे (रेग्मी, २०४१ : २८) । किशोरीले महेश्वर सँग बिहे गर्ने निर्णय गर्नुमा सहानुभूतिको मुख्य हात रहेको छ । महेश्वरको साहनुभूतिबाट किशोरीमा

सुरक्षाको भाव जागृत हुन्छ । यही सुरक्षाको प्रेरणाको सन्तुष्टिको लागि गणेशको प्रेमलाई त्यागन्, सुकुमेलले भनेको नमान्नु, भुना र सेतेलाई बिहेको लागि घरको सरसफाई गर्न भन्नु आदि जस्ता सामाजिक व्यवहार गर्दछे । किशोरीका यी सामाजिक व्यवहारहरू आर्जित प्रेरणाबाट सञ्चालित छन् ।

गणेश आफ्नो मान, प्रतिष्ठा र इज्जतमा बस्दछ । ऊ अपमान सहन सक्दैंन । गणेश किशोरीलाई प्रेम गर्दछ र बिहे गर्ने निर्णय सुनाउँछ । गणेशको निर्णयलाई किशोरीले अस्वीकार गर्दछे र अपमान गरी घरबाट निकाल्दछे । किशोरी भन्छे- "गणेश ! ! यो तिम्रो कस्तो घृष्टता हो । जाऊ यँहाबाट तिमी निस्क-तिमीतिमी .......तिमीलाई मसँग यस्तो व्यवहार गर्न लाज छैन । जाउ भनेको" (स्मृतिको पर्खालभित्र, पृ. २४) । किशोरीको यस्तो अपमानले गणेशमा बदलाको भाव पैदा हुन्छ । त्यसैले ऊ महेश्वरको कुकृत्यलाई प्रर्दाफास गर्ने, प्रदीपसँगको सम्बन्ध बढाउनु, किशोरीको बिहेलाई रोक्ने प्रयास गर्नु जस्ता क्रियाकलाप सामाजिक व्यवहारमा आधारित छन् । गणेशले यी सबै समाजिक व्यवहारहरू आर्जित प्रेरणाको सन्तुष्टिको लागि गरेको छ ।

प्रेरणाको आधारमा व्यक्तिले सबै प्रकारको व्यवहार गर्दछ । नाटकमा रहेका पात्र महेश्वर, किशोरी, गणेश, सुकुमेल, भुना, सेतेको व्यवहार पनि प्रेरणाको सन्तुष्टिमा क्रियाशील छ । त्यसैले उनीहरूको सामाजिक व्यवहार प्रेरणाद्वारा सञ्चालित छ ।

## ३.६ *मानिस र मुकुण्डो* नाटकमा सामाजिक व्यवहार

मानिस र मुकुण्डो नाटकमा पात्रहरूले गरेको पारस्परिक अन्तर्क्रियामा सामाजिक व्यवहार पाउन सकिन्छ । दुई अङ्कमा विभाजित यस नाटकका पात्रहरू श्याम, मनमोहन, राजु, सरिता, उषा र आमाको पारस्परिक अन्तरक्रियाबाट सामाजिक व्यवहार प्रष्ट हुन आएको छ । आमाले रत्नदास साहूलाई घरमा ल्यायी सरितालाई देखाउनु, सरिताले रखौटी स्वास्नी बन्न इन्कार गर्नु, उषाले बिहे र छोराछोरी भएको थाहा पाएपछी कसैको सौता हुन्न भनी प्रेमीलाई छोड्नु, मनमोहन केही विशेष काम गर्छु भन्दै विभिन्न पेशा अँगाल्नु, राजुले रत्नदास साहूको वास्तविक रूप थाहा पाएपछि झगडा गर्न जानु आदि जस्ता सामाजिक व्यवहारहरू नाटकमा पात्रहरूले गरेका छन् । यी र यस्ता अन्य सामाजिक व्यवहारहरू पात्रहरूले सुझाव, सहानुभूति र प्रेरणाबाट गरेका छन् । पात्रहरूले गरेका यस्ता सामाजिक व्यवहारहरूलाई आगामी उपशीर्षकहरू सुझाव, सहानुभूति र प्रेरणामा विश्लेषण गरिएको छ ।

### ३.६.१ सुझाव

मानिस र मुकुण्डो नाटकमा रहेका पात्रहरूको सामाजिक व्यवहार सञ्चालनमा सुझावको मूख्य भूमिका छ । सुझाव कुनै पनि व्यक्तिको व्यवहार र विचारमा परिवर्तन ल्याउनको लागि दिइन्छ । नाटकमा रहेका पात्रहरूले समय र परिस्थि अनुसार एकले अर्कालाई सुझाव दिएका छन् । त्यही सुझावका आधारमा व्यक्तिको व्यवहारमा आएको परिवर्तनलाई पनि देख्न सकिन्छ । सरिता,

मनमोहन, उषा, आमा, श्याम, राजु आदिले एकअर्कालाई सुझाव दिएका छन् । यसरी दिएको सुझावमा तिनीहरूको सामाजिक व्यवहार सञ्चालन रहेको छ ।

आमाले सरितालाई रत्नदास साहू सँग बिहे गर्नको लागि सुझाव दिएकी छ । धनाढ्य रत्नदास साहू सँग बिहे गरे जीवनमा सुख पाउने, करोडौं सम्पत्तिको मालिक्नी भएर बस्न पाउने, भाई राजु पनि हाकिम हुने र एकाध वर्षमा घर लान्छु भनेकोले बिहे गर्नको लागि सुझाव दिएकी छ । आमाले दिएको सुझाव सरिताको विचार र मनोवृत्तिको प्रतिकूल भएकोले त्यो सुझावलाई स्वीकार गर्दैने । बिहेको लागि दिएको सुझाव र सल्लाहमा आमाले रत्नदास साहूलाई घरमा ल्यायी सरितालाई देखाउनु, सरिताले बिहे गर्न नमान्नु, सरितासँग आमा रिसाउनु आदि जस्ता सामाजिक व्यवहारहरू भएका छन् । सरिता आफू रखौटी स्वास्नी बन्न नचाहेको मुख्य कुरा अप्रत्यक्ष रूपमा रत्नदास र आमालाई सुझावका माध्यमबाट भन्दछे । सरिताले रत्नदास साहूलाई अप्रत्यक्ष रूपमा यसरी सुझाव दिन्छे-

> .....एउटा चश्मा किनी दिनोस । के यति थोरै मूल्य पनि चुकाउन सक्नुहुन्न तपाई । पहिले आमालाई एउटा चश्मा किनी दिनोस् । ....उहाँको धेरै वर्षदेखिन्को आँखाको रोग छ । उँहा पटक्क देख्नुहुन्न । ....उहाँको आँखामा जालो आएको छ । फुलो परेको छ । नपत्याए हेर्नोस् न राम्ररी आँखामा । .... लौ भन्नुस् साहूजी ! अन्धीले छानेको लोग्ने मानिसको म रखौटी कसरी बन्न सक्छु, तपाई नै भन्नोस् । उ हड्वडाएर बाहिर निस्कँदै थियो । मैले भने साहूजी ! मेरी आमाले आँखाले देखेपछि फेरी आउनोस्, म तपाईको राम्ररी सत्कार गर्छु । (विजय मल्ल, मानिस र मुकुण्डो, पृ. ६०)

सरिताले आमाको आँखामा जालो लागेको छ, फुलो परेको छ, आमाले नदेख्ने भन्दै रत्नदासलाई चश्मा किनीदिन सुझाव दिएकी छ जुन सुझाव सरिता बिहे नगर्ने मूख्य विचारलाई अलग रूपबाट प्रस्तुत गरिकी छे । सरिताले दिएको सुझावले रत्नदास र आमाको व्यवहारमा परिवर्तन आएको छ जसले गर्दा रत्नदासले पुनः बिहेको लागि कुरा उठाएको छैन भने आमाले पनि जेसुकै गर भन्दै बिहेको लागि दवाव दिएकी छैन ।

मनमोहनलाई सरिताले सुझाव दिएकी छ । सरिताले कुनै एक पेशामा टिकेर काम गर्न दिएको सुझावले मनमोहन विदेशमा नेपाली कला-प्रदर्शनीको माध्यमबाट समाजका भद्र भलाद्मीहरूले प्राचीन मूर्तिहरूको चोरी गरी बेचबिखन गरेको थाहा पाउँछ । कला-प्रदर्शनीबाट आफू मूर्ति चोरीहरूको आपराधिक गुटमा फसेको भन्दै आफ्नो जुनसुकै बेला हत्या हुनसक्ने कुराले मनमोहन आत्तिएको छ । मनमोहनको कुरा सुनी सरिताले “यसरी निराश भएर काम चल्दैन मोहन ! तिमीले मेरो निम्ति भए पनि बाँच्नैपर्छ । तिमीले बचाउनैपर्छ आफूलाई कुनै उपाय सोच मोहन ! सोच विचार गर” (मानिस र मुकुण्डो, पृ. ८७) भन्दै सुझाव दिएकी छ । निराश नहुन, आफ्नो लागि

भए पनि बाँच्न र कुनै उपाय सोच विचार गर्न भनेको सुझावले सरिता र मनमोहन बिचको सामाजिक व्यवहार सञ्चालन गरेको छ ।

नाटकमा समय र परिस्थिति अनुसार एकले अर्कालाई दिएको सुझावबाट सामाजिक व्यवहार सञ्चालन भएको छ । सुझावले नाटकमा रहेका पात्रको व्यवहारलाई एउटा निश्चित दिशा प्रदान गरेको छ । नाटकमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा दिएको सुझावका माध्यमबाट गरेका सामाजिक क्रियाकलापले सामाजिक व्यवहारलाई प्रष्ट पारेको छ ।

### ३.६.२ सहानुभूति

मानिस र मुकुण्डो नाटकमा पात्रहरूको सामाजिक क्रियाकलाप र व्यवहारमा सहानुभूतिलाई देख्न सकिन्छ । नाटकमा पात्रहरूको संवादबाट सहानुभूति प्रष्ट हुन आएको छ । दया, माया, प्रेम, नम्रस्वभाव आदिले सहानुभूति उत्पन्न गर्नमा सहयोग गरेको छ । आमाले सरिता र राजुको लागि र सरिताले मनमोहन प्रति गरेको कार्य सहानुभूति स्वरूप गरिएका कार्य हुन् ।

आमाको केही सामाजिक व्यवहार सहानुभूतिमा आधारित छ । छोरी सरितालाई रत्नदास सँग बिहे गरिदिए सुख सँग जीवन बिताउने र छोरा पनि हाकिम हुने भन्दैँ दुवैले दुःख पाउने थिएनन् भन्दै सरिताको बिहे गरिदिन खोज्नु साहानुभूति स्वरूप गरिएको कार्य हो । सरिता प्रति उषा र श्यामको पनि सहानुभूति पूर्ण व्यवहार रहेको छ । रत्नदास साहूले आफूलाई रखौटी स्वास्नी बनाउन चाहेको कुरा सरिताले उषालाई भन्दछे । सरिताको कुरा सुनि उषाले “सरिता ! के तिमीले त्यस साहूलाई आफ्नो खुट्टाको चप्पलले ठोकेर पठाइनौ ?” (मानिस मुकुण्डो, पृ. ५९) भन्ने भनाईबाट सरिता प्रति दया, मायाको भावले सहानुभूति प्रकट गरेकी छ भने रत्नदास प्रति घृणाको भाव व्यक्त गरेकी छ । त्यस्तै रत्नदास साहूले आफूलाई रक्सीको सुरमा बेसरी पिटेर थिलोथिलो पाऱ्यो भने के गर्छौ श्याम भनी सरिताले सोद्धा श्याम भन्छ “हेर्नोस यही राक्षसको मुकुण्डो लगाएर त्यसको घिच्रो निमोठ्न आइपुग्छु” (मानिस र मुकुण्डो, पृ. ५८) । श्यामको यस भनाईले सरिता प्रतिको सहानुभूति पूर्ण व्यवहारलाई देखाउँछ । श्यामले सरिताको दुःखको संवेगलाई छिटो प्रत्यक्षीकरण गरेको छ जसले गर्दा सरिता प्रति सहानुभूति प्रकट गरी रत्नदासको घिच्रो निमोठ्ने कुरा गर्दछ ।

मनमोहनको सामाजिक व्यवहार सञ्चालनमा सरिताको सहानुभूतिको मूख्य भूमिका रहेको छ । सरिता मनमोहनलाई प्रेम गर्दछे र उसै सँग बिहे गर्ने निर्णय पनि गरेकी छ । सरितालाई मनमोहनको दुःख कष्टको अनुभव छिटो हुन्छ । त्यसो हुनुमा सरिताको मनमोहनसँगको घुलमिल र बसाउठले संवेगको प्रत्यक्ष ज्ञान सरितालाई हुन्छ । त्यसैले मनमोहनको दुःख कष्टमा सरिताले छिटो सहानुभूति व्यक्त गर्दछे । मनमोहनसँग पैसा नहुँदा पैसा दिने, बिरामी हुँदा हेरचाह गर्ने, हस्पिटलको बिल तिरिदिने जस्ता कार्यहरू सरिताका सहानुभूति स्वरूप गरिएका कार्य हुन् । सरिताको सहानुभूति पूर्णकार्यले मनमोहन समाजको लागि केही राम्रो काम गर्ने, राक्षस पनि नबन्ने र कुकर्म पनि नगर्ने

कुरा यसरी भन्छ- "....म केही निर्माण गरिछाड्छु यस देशमा पूरा होस् या नहोस् । म राक्षस बन्न सक्तिनँ सरिता । म कुर्कम गर्न सक्तिनँ । म आर्टिष्ट हु, पेन्टर हुँ । सबभन्दा बढी म मानिस हुँ" ( मानिस र मुकुण्डो, पृ. ६६) । यस भनाईबाट सहानुभूति पूर्ण कार्यले मनमोहनलाई कुबाटोमा नहिडाली सुबाटोमा हिडाली मानिस हुनुको दायित्व बोध गराएको छ ।

यसरी सहानुभूति स्वरूप गरिएका सामाजिक व्यवहारले नाटकमा दुई व्यक्ति र परिवारमा मैत्रि पूर्ण व्यवहार विकसित गरेको छ । यसले समाजका व्यक्तिहरूलाई एकअर्कामा बाध्ने काम पनि गरेको छ । यसैबाट उनीहरूको सामाजिक व्यवहार सरल र सहज भएको छ ।

### ३.६.३ प्रेरणा

मानिस र मुकुण्डो नाटकमा पात्रहरूले सामाजिक व्यवहार प्रेरणाद्वारा गरेका छन् । सरिता, उषा, मनमोहन, आमा, श्याम, राजु आदिले सामाजिक व्यवहार प्रेरणाको सन्तुष्टिको लागि गरेका छन् । यी पात्रहरूको प्रेरणा जन्मजात र आर्जित दुई प्रकारको रहेको छ । यिनै दुई प्रकारको प्रेरणाको सन्तुष्टिको लागि पात्रहरूले सामाजिक व्यवहार गरेका छन् । मुख्यतः आर्जित प्रेरणाको सन्तुष्टिको लागि नाटकमा रहेका पात्रहरूको सामाजिक व्यवहार सञ्चालित छ ।

प्रेरणाको सन्तुष्टिको लागि सरिताको सामजिक व्यवहार सञ्चालित छ । सरिता समाजमा इज्जत, मान प्रतिष्ठामा बस्न चाहन्छे । सरिताले समाजको महत्त्वलाई बुझ्केकी छ; त्यसैले उसमा इज्जत, मान प्रतिष्ठाको प्रेरणा शक्तिशाली भएर आएको छ । रत्नदासको रखौटी श्रीमती बनि धन सम्पत्तिमा मोज मस्ति गर्नु भन्दा आफैले दुःख गरी कमाएको पैसामा इज्जतका साथ बस्नु बेस भन्छे । सरितामा रहेको इज्जत र मान प्रतिष्ठा आर्जित प्रेरणा हो । यही आर्जित प्रेरणाको सन्तुष्टिको लागि रत्नदाससँग बिहे नगर्नु, आमाको कार्यलाई षडयन्त्र पूर्वक हेर्नु, मनमोहन सँग बिहे गरी बस्न खोज्नु, राजुलाई रत्नदासको वास्तविक रूप देखाउँनु आदि जस्ता सामाजिक व्यवहारहरू सञ्चालन भएका छन् ।

उषा जीवन जीउने प्रेरणाबाट समाजमा नर्स र आर्टिष्टको काम गरेकी छ । यसले मनमोहन, सरिता, श्याम आदि सँगको सामाजिक सम्बन्धलाई बढाएको छ । त्यही सामाजिक सम्बन्धमा सामाजिक व्यवहार पनि निहित रहेको छ । उषामा नैतिक चरित्र, इज्जत, मान प्रतिष्ठाको प्रेरणा पाउन सकिन्छ । यी सबै उषाका आर्जित प्ररेणा हुन् । यही प्रेरणाको सन्तुष्टिको लागि उषा बिहे र छोराछोरी भएको चरित्रहीन व्यक्तिसँग बिहे नगर्ने र कसैको सौता हुन पनि नजाने निर्णय गर्दछे । उषा भन्छे- "अहो कसरी सौता हुन जान सक्नु कसरी ! (मानिस र मुकुण्डो, पृ. ५५) । उषाको यस भनाईले समाजमा इज्जतका साथ बस्न चाहेको कुरालाई देखाउँछ । यसैमा उषाको सामाजिक व्यवहार सञ्चालन भएको छ ।

आर्जित प्रेरणाको सन्तुष्टिको लागि मनमोहनको सामाजिक व्यवहार सञ्चालित छ । समाजको महत्त्वलाई बुझ्केकाले समाजमा मान, प्रतिष्ठा, इज्जत पाउनको लागि अन्तराष्ट्रिय व्यपार-

प्रवद्धनमा नेपाली कलालाई विश्वसामु चिनाउने काम गरेको छ । मनमोहनले “मैले यस देशमा केही विशेष काम गरेर देखाउनु छ । त्यसकै खोजीमा म छु” (मानिस र मुकुण्डो, पृ. ६३) भन्दै कहिले आर्टिष्ट, कहिले टिचर, कहिले पेन्टर, कहिले विजिनेस म्यान बनेको छ । यी सबै काम विशेष काम गरी समाजमा इज्जत र सम्मान पाउने आर्जित प्रेरणाबाट सञ्चालित छ । यसैबाट उसको सामाजिक व्यवहार पनि सञ्चालित भएको छ ।

नाटकमा आमाले धन, यश, आराम जस्ता आर्जित प्रेरणाको सन्तुष्टिको लागि छोरी सरितालाई रत्नदासको रखौटी स्वास्नी बनाउन चाहेकी छ । रत्नदासलाई घरमा ल्याई सरितालाई देखाउँनु, सरितालाई बिहेको लागि कर गर्नु आदि जस्ता सामाजिक व्यवहारहरू आमाको आर्जित प्रेरणाबाट सञ्चालित छन् । श्यामले जीवन जीउने प्रेरणाको लागि कलाकारीताको पेशा अँगालेको छ । यस कार्यले उसको सरिता, उषा, आमा, मनमोहनसँग विभिन्न सामाजिक व्यवहारहरू भएका छन् ।

## ३.७ निष्कर्ष

व्यक्तिले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलाप सामाजिक व्यवहार हो । भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र तथा मानिस र मुकुण्डो नाटकमा रहेका पात्रहरूले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलापका साथै पात्र पात्रहरू बिचको अन्तर्क्रियामा सामाजिक व्यवहार रहेको छ । नाटकमा रहेका पात्रहरुले सामाजिक व्यवहार सुझाव, सहानुभूति र प्रेरणाद्वारा गरेका छन् । सुझाव कुनै पनि व्यक्तिको व्यवहार र विचारमा परिवर्तन ल्याउनको लागि दिइन्छ । नाटकमा रहेका पात्रहरूले समय र परिस्थिति अनुसार एकले अर्कालाई दिएको सुझावमा सामाजिक व्यवहार रहेको छ  कसैलाई दुःखी देखेर त्यस्तै दुःखको अनुभव गर्नु सहानुभूति हो । सहानुभूति भावनात्मक प्रक्रिया हो । नाटकमा एक व्यक्तिको अर्को व्यक्तिप्रति रहेको दया, माया, प्रेम, नम्र स्वभाव आदिले सहानुभूति उत्पन्न गर्नमा सहयोग गरेको छ । नाटकमा यही सहानुभूतिकै कारण एकले अर्कालाई सहयोग गरेका छन् भने एकअर्काको दुःखमा सहानुभूति व्यक्त गरेका छन् । यही सहानुभूतिमा उनीहरूको सामाजिक व्यवहार सरल र सहज भएको छ जसले उनीहरूको सामाजिक व्यवहारलाई देखाउँछ । व्यक्तिले समाजमा बसेर गर्ने सामाजिक व्यवहार प्रेरणाद्वारा सञ्चालित हुन्छ । नाटकमा रहेका पात्रहरूले पनि सामाजिक प्रेरणाद्वारा गरेका छन् । प्रेरणा जन्मजात र आर्जित गरी दुई प्रकारको सन्तुष्टिमा हुन्छ । नाटकमा रहेका पात्रहरूले यिनै दुई प्रकारको प्रेरणाको सन्तुष्टिको लागि गरेको कार्यले उनीहरूको सामाजिक व्यवहारलाई देखाएको छ । भोलि के हुन्छ ? नाटकमा महेश युद्धमा गएकोमा माधुरीले चिन्ता गर्दा कामिनीले सम्झाउनु, आमालाई मार्ने निर्णय गर्दा दुलहीले दुःख व्यक्त गर्नु, आमाले आफ्ना सन्तानले बाटो विराउँदा दुःख व्यक्त गर्नु, माधुरीले आत्महत्या गर्ने निर्णयलाई आमा र कामिनीले रोक्न खोज्नु आदि । स्मृतिको पर्खालभित्र नाटकमा किशोरीले महेश्वरलाई रक्सी नखान भन्नु, महेश्वर साथीको छोराछोरीलाई घरमा ल्याई पाल्नु, सुकुमेलले किशोरीलाई आफ्नो बाबु समान व्यक्तिसँग बिहे नगर्न सल्लाह दिनु आदि । मानिस र मुकुण्डो

नाटकमा आमाले रत्नदास साहूलाई घरमा ल्यायी सरितालाई देखाउनु, सरिताले रखौटी स्वास्नी बन्न इन्कार गर्नु, मनमोहन केही विशेष काम गर्छु भन्दै विभिन्न पेशा अँगाल्नु, मनमोहनसँग पैसा नहुँदा सरिताले पैसा दिनु, बिरामी हुँदा हेरचाह गर्ने, हस्पिटलको बिल तिरिदिने जस्ता कार्यहरुले नाटकमा रहेका पात्रहरूकोक सामाजिक व्यवहारलाई देखाउँछ । नाटकमा रहेका यस्ता सामाजिक व्यवहारहरू पात्रले सुझाव, सहानुभूति र प्रेरणाले गरेका छन् ।

परिच्छेद चार

# सामाजीकरणका आधारमा विजय मल्लका दोस्रो चरणका नाटक

## ४.१ विषय परिचय

सामाजीकरण प्रक्रियामा समाज जस्तो छ व्यक्तिको विकास पनि त्यही अनुसार हुन्छ । सामाजीकरण प्रक्रियाले व्यक्तिलाई समाजको सदस्य बनाउनुका साथै समाजमा समायोजित पनि गर्दछ । विजय मल्लको दोस्रो चरणका नाटक भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र र मानिस र मुकुण्डो मा पनि पात्रहरू सामाजीकरण प्रक्रियाद्वारा नाटकीय समाजमा समायोजित हुनुका साथै त्यही समाजका सदस्य पनि भएका छन् । सामाजीकरण प्रक्रियामा व्यक्ति सामाजिक समूहको सदस्य हुँदा उसलाई सामाजिक नियमले प्रभावित पार्नुका साथै व्यक्तिमा अहम् र पूर्वाग्रहको विकास गराएको हुन्छ । मल्लका दोस्रो चरणका नाटकमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियालाई पनि सामाजिक नियमले प्रभावित पार्नुका साथै अहम् र पूर्वाग्रहको विकास गराएको छ जसलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ४.२ *भोलि के हुन्छ ?* नाटकमा सामाजीकरण

भोलि के हुन्छ ? नाटकमा रहेका पात्रहरूको मूल्य मान्यता आदर्श परम्परा नैतिकता अहम्को विकास पूर्वाग्रह आदिले उनीहरूको सामाजीकरण प्रक्रियालाई देखाउँछ । सामाजीकरण प्रक्रियामा समाज जास्तो छ व्यक्तिको विकास पनि त्यसै अनुसार हुन्छ । यस नाटकका पात्रहरू पनि नाटकीय समाज अनुसार समाजमा सामाजीकरण भएका छन् । माधुरीले जन्मे पछि बाँच्न पाउनु पर्ने अधिकार खोज्नु, युद्ध सम्बन्धी कुरा गर्न भवनमा निषेध गरिनु, मोहनले सम्पूर्ण विश्वमा राज गर्न खोज्नु, शक्तिद्वारा सबै कुरा प्राप्त गर्न सकिन्छ भन्नु आमालाई कैद गरी मार्ने निर्णय गर्नु, दुलहीले मातृहत्यालाई महापाप सम्झनु, न्याधिसले कुनै पनि निर्णय गर्न नसक्नु आदि जस्ता कार्यले नाटकमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियालाई देखाउँछ । यस नाटकमा पात्रहरूको सामाजीकरण प्रक्रियालाई सामाजिक नियमले प्रभावित पारेको छ भने अहम् र पूर्वाग्रहको विकास पनि गराएको छ । पात्रहरूको सामाजीकरण प्रक्रियालाई सामाजिक नियम अहम्को विकास र पूर्वाग्रहको विकासका आधारमा तलको उपशीर्षक विश्लेषण गरिन्छ ।

### ४.२.१ सामाजिक नियम

भोलि के हुन्छ ? नाटकमा नाटकीय समाजको सामाजिक नियम रहेको छ । नाटकमा पात्रहरूको संवाद र व्यवहारले सहरीया समाज अन्तर्गतको दरवारीया परिवेशलाई देखाउँछ । नाटकमा । रहेका पात्रहरू कामिनी, माधुरी, दुलही, सुवर्ण, मोहन, जज, आमा, आदिको संवादबाट दरवारीया सामाजिक नियमलााई देख्न सकिन्छ । माधुरी, कामिनी, दुलही, सुवर्ण, जज, आमा,

समाजका असल चरित्रका व्यक्ति हुन् जसले समाजको नियमलाई स्वीकारेको देखिन्छ । मोहन खराब चरित्रको व्यक्ति हो, त्यसैले उसले सामाजिक नियमलाई स्वीकारेको छैन ।

नाटकको सुरुवात माधुरी र कामिनीको संवादबाट भएको छ । यी दुईको संवादमा माधुरीले कामिनीलाई त, तिमी भन्दै कुरा गरेको र कामिनीले माधुरीलाई हजुर, बिर्सिबक्स्योस भन्दै उच्चआदरार्थी शब्दको प्रयोग गरी कुरा गरेकी छ । यसले दरवारीया समाजको उच्च वर्ग र निम्न वर्गले बोल्ने भाषिक नियमलाई देखाएको छ । यस्तै माधुरीले आफ्नो प्रेमी महेश युद्ध जितेर फर्केमा पनि रगतमा मुछिएर आएको हुने र कसैको मायालाई मारेको हुन्छ । युद्ध हारे आफ्नो प्रेम मरेको हुन्छ भन्दै मारेर वा मरेर केही फाइदा नहुने भन्दा कामिनीले "यस्तो कुरा हजुरलाई समेत उच्चारण गर्न यस भवनमा निषेध छ । कमजोरीमा पनि नबोलिबक्स्योस् सपनामा पनि नबरबराई बक्स्योस । यहाँ यही निषेध छ" (भोलि के हुन्छ ?, पृ. २३) भन्दछे । कामिनीको यस भनाईबाट दरवार अथवा भवनमा जहाँ मनलाग्यो त्यही सबै कुरा गर्न निषेध गरिएको दरवारीया समाजको नियमलाई देखाउँछ । यस नियमले माधुरीलाई स्वतन्त्र भएर बोल्न र आफ्ना कुराहरू राख्न रोकेको छ ।

सामाजिक नियमले समाजका सदस्यको व्हारलाई अनुशासित गराउँछ । समाजमा रहेका नीति नियमले गर्न हुने र गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको हुन्छ । सुवर्ण, दुलही, जज, आमाको व्यवहारलाई सामाजिक नियमले अनुशासित गराएको छ भने मोहानले समाजको नियम विपरीत कार्य गरेको छ । मोहनले समाजको नियम विपरीत आफ्नै आमालाई कैद गरी अध्याँरो कोठामा थुनेर राखेको छ । सम्पूर्ण विश्वमा एक्लै राज गर्न चाहेको र आमाको सम्पत्ति एक्लै भोग गर्न चाहेको मोहन सम्पूर्ण पृथ्वी र सम्पत्तिमा भोग गर्न नपाए पृथ्वीलाई नै ध्वस्त पारी मसान बनाउने भन्दै आमाको हत्या गर्ने निर्णय गर्दछ । मोहनको उक्त निर्णय सामाजिक नियम विपरीत भएकोले उसलाई दुलहीले ".... मातृहत्याजस्तो महापाप अरु केही छैन" (भोलि के हुन्छ ?, पृ. ४१) भन्दै सामाजिक नियम विपरीत कार्य नगर्न सचेत गराएकी छ । यस्तै सामाजिक नियमले सुवर्णलाई अनुशासित गराई मोहनलाई आमाको हत्या गर्न दिएको छैन र मोहनलाई नै कैद गरी राखेको छ । यसरी सामाजीकरण प्रक्रियामा सामाजिक नियमले अलग-अलग रूपबाट व्यक्तिको जीवनलाई प्रभावित पारेको छ ।

## ४.२.२ अहम्को विकास

भोलि के हुन्छ ? नाटकमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियामा अहम्को विकास भएको छ । अहम् जन्मजात नभएर सामाजिक अन्तरक्रिया फलस्वरूप सामाजीकरणबाट उत्पन्न हुन्छ । नाटकमा व्यक्तिले जुनसुकै कुरा आफ्नो बारेमा सम्झन्छन्, भन्छन् ती सबै उनीहरूको अहम् अभिवृत्ति सँग जोडिएर रहेको छ । नाटकमा माधुरी, सुवर्ण, मोहन, आमा, दुलहीमा पनि सामाजीकरण प्रक्रियाले अहम्को विकास भएको छ ।

माधुरीमा अहम्को विकास सामाजीकरण प्रक्रियाबाट भएको छ । जुन समाज र घर परिवारको सदस्यमा माधुरीको विकास भएको छ त्यसैमा उसको अहम्को पनि विकास भएको छ । माधुरी युद्ध मन पराउँदिन । युद्धमा मरेर र मारेर केही फाइदा नहुने भन्दै आफू शान्ति सँग जीवन बिताउन चाहेको कुरा व्यक्त गर्दछे । युद्ध बिना पनि जीवन चल्न सक्ने भन्दै महेश युद्धमा गएको, दाजु मोहनले गरेको युद्धलाई मन पराउँदिन । माधुरीले आफूलाई किन राम्रो सँग बाँच्न दिदैनन् भन्दै बुबाले आफूलाई जन्म दिसकेपछि आफू स्वतन्त्र भएर बाँच्न पाउनु पर्छ भन्नु सामाजीकरणबाट माधुरीमा विकास भएको अहम् हो ।

सामाजीकरण प्रक्रियामा मोहनमा अहम्को विकास भएको छ । विश्वलाई सबैले भोग्न चाहेको, एकलेआर्कालाई मारी राज्य आफ्नो हातमा लिई शक्तिशाली बन्न चाहेको, परिवेशमा मोहनको विकास भएकोले उक्त भावना मोहनमा पनि आएको छ । बाजेवराजुको पालामा नै आमाले आफ्नो सम्पूर्ण सम्पत्तिको भोग गर्नु भनी कागत लेखिदिएकोले मोहन जन्मदेखि नै शक्तिशाली भएको छ र सम्पूर्ण सम्पत्ति भोग चलन गर्दै आएको छ । जन्मदै शक्तिशाली भएकोले मोहनमा शक्तिको अहम्भाव विकास भएको छ । शक्तिको अहम्मा मोहनले साँचो झुटो र झुटो साँचो हुन्छ भन्दै सम्पूर्ण पृथ्वीमा शासन गर्न आमाबाट कागतमा पुनः अनुमोदन हुनुपर्छ भनी जजले भन्दा “अनुमोदनको निम्ति हामी आमाको पछि किन लागौँ” (भोलि के हुन्छ ?, पृ. २७) भनेर कागतको कुनै मतलब नराखि शक्तिकै आडमा सम्पूर्ण पृथ्वीमा राज गर्न चाहन्छ । आनन्द र सन्तोष भन्ने कुरा पनि आफ्नै बाहुबलबाट कमाइने कुरा हो । आफू पराक्रमी भएकोले सन्तुष्ट र कहिल्यै पराजित नभएको भन्दै आफू कहिल्यै हार्न नचाँहने, विश्वसम्पत्ति आफूले मात्र भोग गर्ने कुरा गर्नु सामाजीकरण प्रक्रियाबाट मोहनमा विकास भएको अहम् हो ।

### ४.२.३ पूर्वाग्रहको विकास

भोलि के हुन्छ ? नाटकमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियामा पूर्वाग्रहको विकास भएको छ । समाज वा समूहमा व्यक्ति समायोजन हुँदा पूर्वाग्रहको विकास हुन्छ । नाटकमा रहेका पात्रहरूको पूर्वाग्रह जन्मजात नभएर समाज वा समूहबाट उत्पन्न भएको हो । पूर्वाग्रह एउटा अपरिपक्व छिटो लिइएको निर्णय हो जसमा प्रतिकूल अभिवृत्ति पनि हुन्छ । नाटकमा सुवर्ण, मोहन, माधुरीमा पूर्वाग्रहको रूपलाई देख्न सकिन्छ ।

सामाजीकरण प्रक्रियाले मोहनलाई विनाशकारी, जिद्धि र हठी स्वभावको बनाएको छ । मोहन यस पृथ्वीलाई आफूले मात्र भोग्न पाउनुपर्छ । यसमा आफ्नो मात्र अधिकार रहेको भन्दै आफ्नो बाजेबराजुको पालामा आमाले लेखिदिनु भएको कागत आफू सँग मात्र रहेको भन्दै सम्पूर्ण पृथ्वीमा राज गर्न खोजिरहेको छ । मोहनले देखाएको जस्तै कागत अरुले पनि देखाएको र यस पृथ्वीलाई सबैले भोग्न पाउनु पर्ने भनी दावि गरिरहँदा मोहनमा आमा प्रति पूर्वाग्रहको विकास हुन्छ । पूर्वाग्रहमा अपरिपक्व र छिटो लिइएको निर्णय हुन्छ । मोहनले पनि पूर्वाग्रह स्वरूप आमालाई कैद

गरी अँध्यारो कोठामा थुनेर राख्ने निर्णय गर्नुका साथै यदि कसैले आमाले लेखिदिएको कागत आफूसँग पनि छ भनी दावि गरी पृथ्वीमा राज गर्न चाहे आमालाई स्वर्गगङ्गामा मिल्काउने निर्णय गर्छ । मोहन भन्छ "..... आमालाई स्वर्गगङ्गामा मिल्काइदिनेछु यस रात नै । अनि मसानमा रजाँइ गरुन उनीहरू तिमी के भन्छौ यसमा ? अनि कसरी साबित गर्लान कसको कागत साँचो वा कसको भूटो । आमालाई आजको रातिनै मिल्काइदिने मारिदिने मेरो अन्तिम फैसाला यही हो" (भोलि के हुन्छ ?, पृ. २८) । मोहनको यो निर्णय अपरिपक्व छिटो लिइएको निर्णय हुनका साथै प्रतिकूल अभिवृत्तिमा आधारित छ । यसले उसको पूर्वाग्रहको रूपलाई देखाउँछ ।

सुवर्ण सुरुमा दाजुसँग सँगै पृथ्वीको सम्पूर्ण सम्पत्तिको भोग गर्ने र सम्पूर्ण पृथ्वीमा राज गर्ने निर्णय गर्दछ । आमाले स्पष्ट र दोहोरो अर्थ नलाग्ने गरी मेरै ज्युनीमा तिमी र तिम्रा सन्तानले मेरो जायजेथा र सम्पूर्ण सम्पत्ति भोग गर्नु भनेर कागत लेखिदिएको र त्यसमा कुनै शङ्का गर्ने ठाँउ नरहेको यदि कसैले शङ्का गर्छ भने कागत देखाएर बलपूर्वक पृथ्वीलाई भोग्ने कुरा सुवर्णले गर्दछ । अरु कसैले आमाको जायजेथा र सम्पत्तिमा अधिकार खोज्दा सुवर्णमा पनि आमा प्रति पूर्वाग्रहको विकास भएको छ । फलस्वरूप दाजुले आमालाई मार्ने भनेर गरेको निर्णयलाई सुवर्णले स्वीकार गरी यस्तो भन्छ-"आमा त सुत्नु भएजस्तो छ । यस गाढा निद्रामा हामी जुनसुकै पाप पनि आँखा चिम्लेर गर्न सक्छौं । मलाई अबउ त्साह आयो, म अब आमालाई मिल्काउन आत्तिन्नँ" (भोलि के हुन्छ ?, पृ. ३३) । सुवर्णले आमालाई मार्न तयार हुनु पूर्वाग्रह स्वरूप गरिएको कार्य हो । सुवर्णको यस पूर्वाग्रह स्वरूप लिइएको निर्णयमा परिवर्तन आएको छ । पूर्वाग्रहमा आएको परिवर्तनले दाजुलाई आमाको हत्या गर्न नदिई सुरक्षा गरेको छ भने दाजुलाई कैद गरी बन्दी बनाएको छ ।

जुन समाज र घरपरिवारमा माधुरीको विकास भएको छ त्यसले उसमा पूर्वाग्रहको विकास गराएको छ । माधुरी शान्तिपूर्ण जीवनयापन गर्न चाहन्छे । महेश युद्धमा गएको मन पराउदिन भने धरतीमा भइरहेको युद्धलाई घृणा गर्छे । युद्धमा महेश्वरको मृत्युको खबरले पागल बनेकी माधुरीले आमा र बाबुले उचित जिम्बेवारी ननिभाउँदा आफ्नो प्रेमको मृत्यु भएको ठान्छे । माधुरीले "साँच्चीकैको आमा भए मेरो मायालाई हुर्कने मौका दिनु पर्थेन ? साँच्चीकैको बुबा भए मेरो महेशलाई बचाउनु पर्थेन ? (भोलि के हुन्छ ?, पृ. ४५) भन्दछे । यसरी आमाबाबुलाई दोष लाउनु माधुरीको आमाबाबु प्रतिको पूर्वाग्रह हो भने यही पूर्वाग्रह स्वरूप आतमहत्या गर्ने निर्णय गर्नु अपरिपक्व र छिटो लिइएको निर्णय हो ।

## ४.३ *स्मृतिको पर्खालभित्र* नाटकमा सामाजीकरण

स्मृतिको पर्खालभित्र नाटकमा पात्रहरू समाजमा सामाजीकरण भएका छन् । सामाजीकरणद्वारा कुनै पनि व्यक्ति कुनै सामाजिक समूहको सदस्य बन्दछ । नाटकमा किशोरी,

गणेश, महेश्वर, सुकुमेल, प्रदीप आदि नाटकीय समाजका सदस्य भएका छन् । सामाजीकरण प्रक्रियामा समाज जस्तो छ व्यक्तिको विकास पनि त्यही अनुसार हुन्छ । किशोरीले महेश्वरसँग बिहे गर्ने निर्णय गर्नु, महेश्वरले साथीको हत्या गर्नु, साथीको श्रीमतीलाई आफ्नो बनाउने प्रयास गर्नु, सुकुमेल किशोरी र महेश्वरको बिहे गर्ने निर्णयबाट खुसी नहुनु, गणेशले किशोरीको बिहे रोक्नु, सेते महेश्वर प्रति बफादार रहनु आदि कार्यले नाटकमा पात्रहरूको सामाजीकरण प्रक्रियालाई देखाउँछ । यस नाटकमा पात्रहरूको सामाजीकरण प्रक्रियालाई सामाजिक नियमले प्रभावित पारेको छ भने अहम् र पूर्वाग्रहको विकास पनि गराएको छ । पात्रहरूको सामाजीकरण प्रक्रियालाई सामाजिक नियम, अहम्‌को विकास र पूर्वाग्रहको विकासका आधारमा तलको उपशीर्षकमा विश्लेषण गरिन्छ ।

### ४.३.१ सामाजिक नियम

स्मृतिको पर्खालभित्र नाटकमा रहेको सामाजिक नियमले पात्रहरूको सामाजीकरण प्रक्रियामा प्रभाव पारेको छ । नाटकको नाटकीय समाजमा रहेको नीतिनियमले पात्रहरूलाई के गर्न हुने र, के गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको छ । नाटकमा रहेका पात्र महेश्वर र किशोरीले सामाजिक मूल्य मान्यता नीतिनियमलाई मानेको देखिदैँन भने गणेश, प्रदीप, सुकुमेल, भुना आदि पात्रले सामाजिक नीतिनियमलाई मानेको देखिन्छ ।

महेश्वरको सामाजीकरण प्रक्रियामा सामाजिक नियमको प्रभावलाई देख्न सकिन्छ । महेश्वर समाजमा रहेको सामाजिक नियमलाई पूर्ण रूपमा आत्मसात पनि गर्दैन भने त्याग्न पनि सक्दैन । त्यसैले ऊ पहिले निर्णय गर्ने र पछि समाजले के भन्ला भन्ने दोहोरो मानसिकता देखाउँछ । महेश्वर सामाजिक नियम विपरीत अनमेल विवाह गर्न खोजेको छ । आफैले पालेको हुर्काएको साथीको छोरीले गरेको विवाहको प्रस्तावलाई स्वीकार्छ । तर समाजले आफूलाई घरमा आफ्नो साथीको छोरीलाई पाल्यो हुर्कायो, पछि तरुनी भएपछि आफैले बिहे गऱ्यो भनी आरोप लाउँछन् भन्दै समाजका व्यक्ति र सामाजिक नियम देखि डराएको छ । यसरी महेश्वरमा किशोरी सँग बिहे गरी बस्ने इच्छामा सामाजिक नियम र समाजका व्यक्तिले प्रभाव पारेको देखिन्छ ।

किशोरी समाजको अनुशासनहीन र सामाजिक नियमलाई कुनै वास्ता नगर्ने केटी हो । सामाजिक मूल्य मान्यताका साथै संस्कारको अनुसरण गर्न नमान्ने, आमालाई ज्यादै घृणा गर्ने र सामाजिक नियम विरुद्ध अनमेल प्रेम र विवाह गर्न खोज्दछे । आफूलाई पालेको हुर्काएको बुबाको साथी जसलाई ऊ अङ्कल समेत भन्छे उसै सँग बिहे गर्ने निर्णय गर्छे । एकातिर अङ्कल भन्ने अर्कोतिर विवाह गर्न चाहने यी दुवै मूल्यहरू परस्पर विरोधी कार्य भएकाले सामाजिक नियम विपरीत देखिन्छ । घरमा लोग्ने हुँदाहुँदै बाहिरी व्यक्ति सँग प्रेम गरेको भन्दै आमाको कार्य सामाजिक नियम विरुद्धको कार्य हो भनी घृणा गर्दछे भने आफूले पनि प्रेम एकजना सँग गर्ने र बिहे अर्को सँग गर्ने निर्णय गर्दछे । यसरी सामाजिक नियमले आफूले चाहेको व्यक्तिसँग बिहे गर्नको

लागि बाधा उत्पन्न गर्नु र सामाजिक नियम विरुद्धको कार्य भनी आमालाई घृणा गर्नु किशोरीको सामाजीकरणमा सामाजिक नियमले पारेको प्रभाव हो ।

सुकुमेल सामाजिक नियम र मूल्य मान्यतालाई मान्दछे । किशोरीले आमालाई गरेको घृणा र महेश्वर सँग बिहे गर्ने बिहे भनेर गरेको निर्णयलाई सुकुमेल राम्रो मान्दिन । आफूलाई जन्मदिने आमालाई किच्कन्नी र बोक्सी भन्नु र बुबा समान व्यक्तिसँग विवाह गर्ने किशोरीको निर्णयलाई सुकुमेल सामाजिक नियम विपरीतको कार्य हो भन्दछे । यसरी आफैले हुर्कएकी किशोरीबाट सामाजिक नीति नियमलाई नमानेको देख्दा सुकुमेलमा तनावको स्थिति पैदा हुनु सामाजीकरण प्रक्रियामा सामाजिक नियमले पारेको प्रभाव हो ।

### ४.३.२ अहम्को विकास

स्मृतिको पर्खालभित्र नाटकमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियामा अहम्को विकास भएको छ । नाटकमा व्यक्तिले जुनसुकै कुरा आफ्नो बारेमा सम्भन्छन् अथवा भन्छन् ती सबै उनीहरूको अहम् अभिवृत्तिसँग जोडिएर रहेको छ । अहम् जन्मजात नभएर व्यक्तिको सामाजीकरणबाट विकास हुन्छ । नाटकमा महेश्वर, किशोरी, गणेश, सुकुमेल, सेते, जमुनी आदिमा सामाजीकरण प्रक्रियाबाट अहम्को विकास भएको छ ।

नाटकीय समाज सात सालको नेपालको राणाकालीन समाज हो जतिबेला पद र शक्तिमा भएका व्यक्तिहरूले आफ्नो पदको दुरूपयोग गरी आफ्नो स्वार्थपूर्ति गर्ने गर्थे । त्यही समाजमा महेश्वरको पनि विकास भएको छ । महेश्वर पनि पद र शक्तिमा सबै कुरा प्राप्त गर्न सकिन्छ भन्ने अहम्को विकास भएको छ । आफू सँग प्रेम गरेको भन्ने थाँहा हुँदाहुँदै पनि शर्मिलालाई सुशीलले भगाएर लगेपछि महेश्वरमा शर्मिला आफ्नो बनाउने अहम्को विकास हुन्छ । शर्मिला आफूको मात्र भएको र अरु कसैको हुनु हुदैंन भन्ने भावना महेश्वरको अहम् हो । यही अहम्ले महेश्वर आफ्नो पद शक्तिको दुरूपयोग गर्दै बन्दीमा परेको सुशीललाई हत्या गरी शर्मिलालाई आफ्नो बनाउने प्रयास गर्छ । महेश्वरमा भएको अहम् अधबैसे बूढो अवस्थामा पनि कायमै छ । आफ्नो छोरी समान किशोरीले बिहे गर्न भनी राखेको प्रस्तावमा तयार हुन्छ । आफ्नो बिहेलाई गणेशले हुन नदिने प्रयास गरिरहेको र यदि उसले यस्तो काम गरे उसलाई पनि बाँच्न नदिने भन्दै महेश्वर भन्छ-"हो किशोरी मैसाबलाई मैले बिहे गर्न लागें । के तिमी यसलाई रोक्ने साहस गर्छौं । के तिमी यसलाई विथोल्ने चेष्टा गर्छौं । यस सम्बन्धमा एक लवज बढ्ता बौल्यौ भने, तिमी बचेर निस्कन पाउन्नौ यँहाबाट बुझ्यौ" (स्मृतिको पर्खालभित्र, पृ. ४६) । किशोरीलाई आफ्नो बनाउन खोज्नु र आफ्नो मात्रै सोच्नु महेश्वरको अहम् हो । सामाजीकरणबाट विकास भएको अहम्मा महेश्वर प्रेमको नशामा रङ्गिएको छ ।

किशोरीमा अहम्को रूप देख्न सकिन्छ । किशोरीमा अहम् सामाजीकरणबाट विकास भएको हो । बाल्यकालीन अवस्थाका केही समय अपर्याप्तता र अभावहरूमा बिताएकी किशोरीको अरु

समय सुख सँग महेश्वरको उच्चवर्गीय घर परिवारमा बितेको छ । आधुनिक र कुत्सित वातावरणमा पालिएकी किशोरी महेश्वर जस्तो पितातुल्य व्यक्तिसँग प्रेम र विवाहको प्रस्ताव राख्दछे । महेश्वरले बिहेको प्रस्तावलाई स्वीकार गरे पनि समाजले आफूलाई साथीको छोरी पाली तरुनी बनाएर बिहे गऱ्यो भन्ने दोष लाउँदछ भन्दै समाज देखि डराउँदा किशोरी भन्छे-"तर म चाहीँ डराउन्न कसैको भनइसँग डराउन्नँ । म पाप गर्न लागेकी छैन प्रेम गर्न लागेकी छु" (स्मृतिको पर्खालभित्र, पृ. २०) । किशोरीले आफूले पाप गर्न नलागेको प्रेम गर्न लागेको भन्दै आफ्नो कार्य सही देख्नु अहम् हो । किशोरीमा महेश्वरको घरको उच्चवर्गीय घरपरिवारको अहम्को विकास भएको छ । महेश्वरले कुनै समय गणेशलाई अर्दली राखेको थियो । त्यसैका आधारमा गणेशलाई सधै अर्दली सम्भनु किशोरीको अहम् हो । यसरी आधुनिक पारिवारिक वातावरणमा सामाजीकरणबाट किशोरीमा अहम्को विकास भएको छ ।

गणेश समाजको सदस्य हुँदा उसमा अहमको विकास भएको छ । गणेश सैनिक पेशामा लागेको व्यक्ति हो । सुरुमा महेश्वरको अर्दली भई काम गरेता पनि पछि क्याप्टेनको पद सम्म पुगेको छ । गणेश आत्मसम्मान बचाई राख्ने अपमान सहन नसक्ने व्यक्ति हो । किशोरीले आफ्नो प्रेमको अपमान गरेकोमा त्यसलाई बनाई राख्न गणेशले सातसालमा महेश्वरले किशोरीको बुबाको हत्या गरेको प्रमाणित गरी किशोरीलाई आफ्नो बनाउने प्रयास गर्दछ । किशोरीलाई आफ्नो मात्र सोच्नु, अपमान सहन नसक्नु, गणेशमा सामाजीकरण प्रक्रियामा विकास भएको अहम् हो । यस्तै नाटकमा जरसाहेबको नोकर भएर काम गर्नुमा ठूलो सम्भी गणेशलाई सधै अर्दली सम्भनु जमुनी र सेतेको अहम् हो । आफूलाई भून्टी भनेर बोलाएको मन नपराउँनु, आफूको मनले खायो भने जस्तो निर्णय पनि ठीक भन्ने भूनाको अहम् हो । यसरी नाटकमा सामाजीकरण प्रक्रियाबाट पात्रहरूमा विकास भएको अहम्लाई देख्न सकिन्छ ।

### ४.३.३ पूर्वाग्रहको विकास

स्मृतिको पर्खालभित्र नाटकमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियामा पूर्वाग्रहको विकास भएको छ । सामाजीकरण प्रक्रियाले व्यक्तिलाई थाही नदी पूर्वाग्रहीत बनाउँछ । नाटकमा रहका पात्रहरू पनि नाटकीय समाजमा समायोजन हुँदा एकअर्का प्रति पूर्वाग्रहको विकास भएको छ । किशोरीमा आफ्नी आमा प्रति, महेश्वरमा आफ्नो साथी प्रति, गणेशमा महेश्वर प्रति, सेते जमुनीमा गणेश प्रति पूर्वाग्रहको भावलाई देखिन्छ ।

महेश्वरको पूर्वाग्रहको विकासमा उसको सामाजीकरण र अहमवृत्तिको मूख्य भूमिका रहेको छ । महेश्वर सामाजीकरणबाट आफू बसेको समाजको सदस्य बनेको छ । महेश्वरको समाज पद र शक्तिद्वारा सबै आफ्नो बनाउन सकिन्छ भन्ने मानसिकताको रहेको छ । त्यही मानसिकताको विकास महेश्वरमा पनि भएको छ । पद र शक्तिद्वारा सबै कुरा आफ्नो बनाउन सकिन्छ भन्ने सोच्नु महेश्वरको अहम् हो । यही दुई कुराले महेश्वरलाई आफ्नो साथी सुशील प्रति पूर्वाग्रहीत बनाएको छ

। आफूको प्रेमीका भन्ने थाहा हुँदाहुँदै पनि सुशीलले भगाएर लगेको भन्दै महेश्वरले सातसालको शासनको विरोध गर्दा कैदमा परेको साथी सुशीललाई पद र शक्तिको आडमा हत्या गर्दछ जुन महेश्वरको पूर्वाग्रह स्वरूप लिएको निर्णय हो । महेश्वर भन्छ-"...तिम्रो बुबालाई त्यो कुरा थाहा हुँदाहुँदै तिम्रो मुमालाई तिम्रो बुबाले भगाएर लगे देखिन् मेरो अन्तरात्मामा त्यसले अत्यन्त आघत पुऱ्याएको हुन सक्छ । त्यसकै कारणले गर्दा तिम्रो बुबालाई बीरगञ्जमा पक्रेर ल्याएपछि मेरो मनमा अकस्मात बदलाको भावना अत्यन्त प्रबल भएको हुन सक्छ र त्यसले गर्दा मैले तिम्रो बुबाको हत्या गरेको हुन सक्छ...." (स्मृतिको पर्खालभित्र, पृ. ४९) । यसबाट महेश्वरले शर्मिलालाई आफ्नो मात्र सोच्नु, शक्तिले प्राप्त गर्न सक्छु भन्ने अहम्को भावनाले सुशील प्रति पूर्वाग्रही बनाएको छ । पूर्वाग्रह स्वरूप गरेको कार्यबाट हिनमानोग्रथीले पश्चातापमा पिल्सिएको छ ।

सामाजीकरण प्रक्रियाले किशोरीमा आफ्नो आमा र गणेश प्रति पूर्वाग्रहको विकास भएको छ । सामाजिक नियम विरुद्धको दुश्चरित्रले किशोरी आमा प्रति पूर्वाग्रही भएकी छे । केटाकेटी छँदा आमाबुबाको झगडामा आमाले बुबालाई "....हो अझै गर्छु उसलाई प्रेम । उसैसँग सधैं भेट्न जान्छु, उसैसँग बस्छु, उठ्छु । सुन्न सकिबक्सन्छ यी दुवै बच्चाहरूमध्ये एउटा उसैको हो" (स्मृतिको पर्खालभित्र, पृ. १८) भनेको सुन्दछे । यस भनाईले किशोरीमा आमाप्रति घृणाको भाव जग्दछ । यही घृणा स्वरूप आमालाई पछि किचकन्नी बोक्सी भन्दछे । यो भनाईले किशोरीको आमाप्रतिको पूर्वाग्रहलाई देखाउँछ । किशोरी जरसाहेबको लालन पालनमा हुर्किएकी छ । त्यसैले उसमा उच्चवर्गीय अहम्पना छ । यही अहम्को भावले गणेशलाई सधैं अर्दली सम्झन्छे । गणेश किशोरीलाई प्रेम गर्ने र बिहे गर्ने निर्णय सुनाउँछ । किशोरीले जरसाहेबको पहिलेको अर्दलीसँग बिहे गर्दिन भन्नु पूर्वाग्रह स्वरूप लिईएको निर्णय हो ।

गणेशलाई असफलताले पूर्वाग्रही बनाएको छ । किशोरी मैसाहेब सँगको प्रेममा सफलता प्राप्त गर्न नसकेपछि गणेशमा पूर्वाग्रहको विकास भएको छ । असफलताको मूख्यदोष गणेश महेश्वरलाई लाउँछ । फलस्वरूप गणेश किशोरी र महेश्वरको बिहेलाई रोक्न लागि पर्दछ । सात सालमा वीरगञ्जमा कैदमा परेको किशोरीको बुबाको हत्या महेश्वरले गरेको कुकृत्यको पर्दाफास गरी बिहे रोक्दछ । गणेशको यो कार्य असफलता स्वरूप गरेको हो जसले उसको पूर्वाग्रहलाई देखाउँछ । त्यस्तै नाटकमा किशोरीले महेश्वरसँग बिहे गर्ने निर्णय गरेबाट सुकुमेलमा महेश्वर प्रति पूर्वाग्रहको विकास भएको छ । क्याप्टेन भइसकेको गणेशलाई सुरुमा जरसाहेबको अर्दली भएर काम गरेको व्यक्ति भन्दै सधैं अर्दलीको रूपमा हेर्नु सेते र जमुनीको गणेश प्रतिको पूर्वाग्रह हो । यसरी नाटकमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियामा पूर्वाग्रहको विकास भएको छ ।

## ४.४ *मानिस र मुकुण्डो* नाटकमा सामाजीकरण

मानिस र मुकुण्डो नाटकमा रहेका पात्रहरूको मूल्यमान्यता, आर्दश, नैतिकता, अहम्, पूर्वाग्रहको विकास आदिले सामाजीकरण प्रक्रियालाई देखाउँछ । सामाजीकरणद्वारा कुनै पनि व्यक्ति

कुनै सामाजिक समूहको सदस्य बन्दछ । यस नाटकमा रहेका पात्र सरिता, उषा, श्याम, मनमोहन आदि पनि नाटकीय समाजका सदस्य भएका छन् । सरिताले रत्नदासलाई घृणा गर्नु, आमाको कार्यलाई षडयन्त्र पूर्वक हेर्नु र मनमोहन सँग जीवन बिताउन खोज्नु, उषा कसैको सौता हुन नखोज्नु, मनमोहन समाजको लागि केही उत्कृष्ट कार्य गर्न खोज्नु आदि जस्ता कार्यहरू व्यक्तिमा सामाजीकरण प्रक्रियाबाट भएका छन् । सामाजीकरण प्रक्रियामा समाजमा रहेको सामाजिक नियमले व्यक्तिलाई प्रभावित पारेको हुन्छ भने यसले व्यक्तिमा अहम् र पूर्वाग्रहको विकास गरेको हुन्छ । यस नाटकमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियालाई सामाजिक नियम, अहम्को विकास र पूर्वाग्रहको विकासका माध्यमबाट आगामी उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### ४.४.१ सामाजिक नियम

मानिस र मुकुण्डो नाटकमा सामाजिक नियम रहेको छ । नाटकमा पात्रहरूको संवादबाट नाटकीय समाजको सामाजिक नियमलाई देख्न सकिन्छ । यी सामाजिक नियमले नाटकमा रहेका पात्र सरिता, उषा, मनमोहन, आमा, श्याम आदिको व्यवहारलाई अनुशासित बनाएको छ भने समाजको नियमबाट निरन्तर प्रभावित पनि भइरहेका छन् । नाटकमा रहेका यी पात्रहरूको संवाद र व्यवहारबाट सहरीया सामाजिक परिवेश देखिन्छ । त्यही सामाजिक परिवेशमा रहेका सरिता, उषा, मनमोहन, राजु आदि शिक्षित आधुनिक रीतिरिवाज र परम्परालाई मान्दछन् भने सरिताकी आमा जस्ता व्यक्तिले समाजको पुरातन रीतिरिवाज र धर्म संस्कृतिलाई मान्दछन् ।

सरिताको सामाजीकरण प्रक्रियामा सामाजिक नियमले अनुसासित बानाएको छ भने समाजको मूल्यमान्यता एवम् संस्कार जस्ता सामाजिक नियमलाई मानेको देखिदैन । आमाबुबाले जस्तो केटालाई खोजेर बिहे गरिदिन्छन् त्यस्तै केटासँग छोरीले बिहे गर्नुपर्छ भन्ने सामाजिक मूल्य मान्यतालाई स्वीकार गर्दिन । धनाढ्य रत्नदासकी रखौटी बन्नका लागि आमाले भरमग्दुर प्रयास गर्दा पनि त्यसलाई बेवास्ता गर्दै पैसा र सुख सुविधाका लागि स्त्रीलम्पट रत्नदास साहूकी रखौटी बन्न अस्वीकार गरेबाट पनि चुपचाप बिहे गर्न मान्ने खालकी युवती होइन । यसबाट पनि ऊ सामाजमा स्थापित मूल्यमान्यतालाई स्वीकार नगर्ने युवतिका रूपमा देखार्पछ । यसरी समाजमा स्थापित मूल्य मान्यता आफूलाई सही नलाग्दै पनि आमाले बिहेको लागि केटो खोजिदिनु जस्ता कार्यले सरिताको सामाजीकरणमा सामाजिक नियमको प्रभावलाई देख्न सकिन्छ ।

सामाजीकरण प्रक्रियामा उषालाई सामाजिक नियमले अनुशासित एवम् सस्कारी व्यक्ति बनाएको छ । एकजना केटासँग प्रेम सम्बन्धमा बाँधिएकी भए पनि पछि उसको बिहे भइसकेको कुराको जानकारी पाएपछि कसैकी सौता भएर बस्न नसक्ने बुझेर प्रेमीलाई चटक्कै त्यागेकी उषा सामाजिक मर्यादालाई राम्ररी बुझेको पाइन्छ । यसबाट उषालाई सामाजिक नियमले अनुशासित बनाएको देखिन्छ । पुरुषहरूले जति बिहे गरे पनि हुने महिलाहरूको समाजमा केही पनि इज्जत नभएको समाजको सामाजिक मूल्य मान्यताले उषा आफूलाई कहिले काही मासुको डल्लोको

भकुण्डो सम्झन्छे, जसले जताबाट जति हाने पनि हुने । उषा भन्छे "हामी मासुका डल्ला हौँ । डल्लालाई, भकुण्डोलाई जस्तो जता हाने पनि भयो । जे गरे पनि भयो" (मानिस र मुकुण्डो, पृ. ५७) । यस अभिव्यक्तिले सामाजीकरण प्रक्रियामा सामाजिक नियमले उषामा हीनताको भाव र विसङ्गतिको भावना पैदा गरेको छ ।

सामाजीकरण प्रक्रियाले मनमोहन सामाजिक नीति नियम भित्रै रही देशमा केही विशेष काम गर्न चाहने व्यक्ति बन्दछ । त्यसैले ऊ कहिले टिचर, पेन्टर, आर्टिष्ट, विजिनेसम्यान जस्ता सामाजिक कार्यहरूगरेको छ । केही विशेष काम गर्ने सन्दर्भमा मनमोहन प्राचीन मूर्तिचोरहरूको गुटमा फस्दछ । चोरीका प्राचीन मूर्तिहरूको बेचबिखनलाई मनमोहन सामाजिक नियम विरुद्धको कार्य सम्झन्छ । यदि आफूले समयमै मूर्तिचोरी सम्बन्धी केही सूचनाहरू थाहा पाएको भए समाजमा ती सबै कुराहरू पर्दाफास गरिदिन्थे भन्ने मनमोहनको भनाईले सामाजिक नियम विरुद्ध कुनै पनि कार्य गर्न नचाहेको कुरालाई देखाउँछ । सामाजिक नियम विपरीत गरेको कार्यले मनमोहनको हत्या समेत हुन्छ । यसरी सामाजीकरण प्रक्रियामा मनमोहनमा सामाजिक नियमले पारेको प्रभाव हो ।

### ४.४.२ अहम्को विकास

मानिस र मुकुण्डो नाटकमा रहेका पात्रहरूको सामाजीकरण प्रक्रियाले उनीहरूमा अहम्को विकास गराएको छ । नाटकका पात्रहरूमा देखिएको अहम् जन्मजात नभएर सामाजीकरणबाट विकास भएको हो । नाटकमा रहेका पात्र सरिता, उषा, मनमोहन आदिको अहम् विकासमा उनीहरू बसेको सामाज, पालन पोषण भएको परिवार, सामाजिक नियम आदि जस्ता पक्षको मूख्य भूमिका रहेको छ ।

सामाजीकरणले सरितामा अहम्को विकास भएको छ । सरिताको अहम् विकासमा समाज र परिवारको मूख्य भूमिका रहेको छ । सरिताको पालन पोषण जुन परिवार र समाजमा भएको छ; त्यसले उसमा मेरो अथवा आफ्नो भन्ने भावनाको विकास गराउँछ । मेरो अथवा आफ्नो भन्ने भावना नै सरिताको अहम् हो । जुन परिवारमा सरिताको पालान पाषण भएको छ; त्यसले उसलाई शिक्षित बनाउनुका साथै समाजमा पनि समायोजित गराएको छ । समाजमा सरिता कलाकारिताको पेशा गर्दछे जसबाट उसको जीविकोपार्जन पनि भएको छ । सरिताको अहम् आफ्नो कलाकारिताको पेशा प्रति रहेको छ । कलाकारिताको पेशाबाट कमाएको पैसाले घरपरिवार चलाउनुका साथै प्रेमी मनमोहनको पैसाको अभावलाई समेत पूर्ति गर्दछे । सरिताले मनमोहनलाई "...म मेरो कमाइले घर बनाउन सक्छु । म मरो कमाइले आफूलाई र तिमीलाई पाल्न सक्छु" (मानिस र मुकुण्डो, पृ. ६७) भन्नु पेशा प्रतिको अहम् हो । यसरी सरितामा सामाजीकरणबाट अहम्को विकास हुन्छ ।

मनमोहनको अहम् इज्जत र मान प्रतिष्ठामा रहेको छ । मनमोहन सामाजिक नियम विपरीत कुनै पनि कार्य नगरी अनुशासित व्यक्तिको रूपमा रहेको छ । समाज र सामाजिक नियमले

मनमोहनमा अहम्‌को विकास गराउँछ । समाजमा आफ्नो मान प्रतिष्ठा र इज्जत बनाइराख्न केही नौलो र विशेषकाम गरेर बस्न खोजेको मनमोहन प्राचीन मूर्तिहरूको चोरीको बेचबिखनमा फस्दछ । अपराधै नगरी आफू अपराधीको फन्दामा फसेको, आफू कलाको पुजारी भएकोले कलाकै हत्या गर्न नसक्ने भन्दै मनमोहन अपराधलाई स्वीकार्दैन । अपराधलाई स्वीकारे समाजमा रहेको इज्जत र मान प्रतिष्ठा गुम्ने डरमा मनमोहन भन्छ "... म आफूलाई हत्या गर्न सक्छु, यस्तो अपराधलाई स्वीकार गर्न सक्तिनँ" (मानिस र मुकुण्डो, पृ. ८७) । यसरी समाजले दिएको इज्जत र मान प्रतिष्ठा सामाजिक नियम विरुद्ध गरेको कार्यबाट गुम्ने भन्दै मनमोहनले आफ्नो हत्या गर्ने बरु अपराध स्वीकार नगर्ने भन्नु सामाजीकरणबाट विकास भएको अहम्‌ हो ।

सामाजीकरणले उषालाई समाजको सदस्य बनाएको छ । उषामा भएको अहम्‌को विकास सामाजिक अन्तर्क्रियाको परिणाम हो । सामाजिक अन्तर्क्रियाले उषालाई समाजका विभिन्न व्यक्तिसँग मात्र नभएर आफ्नो बारे सोच्ने, आन्तरिक विचार तथा भावना प्रति अन्तर्क्रिया गर्ने बनाएको छ । फलस्वरूप ऊ समाजमा आफ्नो जीवन निर्वाहको लागि नर्स का साथ-साथै कलाको पेशा अँगालेकी छ जसलाई ऊ महत्वपूर्ण र मूल्यमान पनि सम्भन्छे । नर्स र कलाको पेशाले उषालाई सामाजिक नियम र मर्यादा भित्र राखेको छ । त्यसैले ऊ बिहे भइसेको भन्ने थाहापाए पछि आफूले प्रेम गरेको केटालाई छाड्दछे । नर्स र कलाकारिताको पेशाले उषा समाजका चरित्रहीन र भ्रष्ठ व्यक्तिलाई घृणा गर्दछे भने आफूले गरेको काम र  सेवा प्रति अहम्‌ प्रकट गर्छे । उषा भन्छे "हामी काम गर्छौं, सेवा गर्छौं चाहे जस्तो सुकै सानो काम किन नहोस्‌ हामीलाई सानो सम्भने कसैलाई के खाँचो के हक !" (मानिस र माकुण्डो, पृ. ५६) । उषाको यस भनाईबाट आफूले गरेको कामलाई महत्वपूर्ण र मूल्यवान सम्भनु सामाजीकरणद्वारा भएको अहम्‌को विकास हो ।

### ४.४.३ पूर्वाग्रहको विकास

मानिस र मुकुण्डो नाटकमा रहेका पात्रहरूमा सामाजीकरणले पूर्वाग्रहको विकास भएको छ । नाटकमा रहेका पात्रहरूको पूर्वाग्रह जन्मजात नभएर समाज वा समूहबाट विकास भएको हो । पूर्वाग्रह एउटा अपरिपक्व छिटो लिइएको निर्णय हो जसमा प्रतिकूल अभिवृत्ति पनि हुन्छ । नाटकमा रहेका पात्रहरू सरिता, मनमोहन, उषा, आमा आदिमा पनि सामाजीकरणबाट पूर्वाग्रहको विकास भएको छ । यसैले गर्दा उनीहरूको निर्णयमा अपरिपक्वता र प्रतिकूल अभिवृत्तिलाई देख्न सकिन्छ ।

सरितामा पूर्वाग्रहको विकास घरपरिवार र समाजबाट भएको छ । आफ्नै आमाले धनपैसाको लोभमा रत्नदास साहूको रखौटी स्वास्नी बनाउँन गरेको प्रयासले सरितामा आमाप्रति पूर्वाग्रहको विकास हुन्छ । भाई राजुलाई हाकिम बनाइदिने, रखौटी स्वास्नी राखे पनि नयाँ घरमा स्ट्यान्र्डड र बन्दोबस्त सँग राख्ने र धेरै गरगहना दिने भन्दै आमाले सरितालाई रत्नदाससँग बिहे गर्न भन्दछे । आमाको यस कार्यलाई सरिताले षडयन्त्रको रूपमा हेर्दै रत्नदास घरमा हेर्न आएको बेला "अन्धीले

छानेको लोग्ने मानिसको म रखौटी कसरी बन्न सक्छु, तपाई नै भन्नोस्" (मानिस र मुकुण्डो, पृ. ६०) भनी भन्दछे । सरिताले आमाको कार्यमा षडयन्त्र देख्नु, आमालाई अन्धी भनी बेइजत गर्नुले सरितामा विकास भएको पूर्वाग्रह हो । समाजमा पुरुषहरूले महिलालाई कमजोर र मासुका लाम्टा बाहेक केही नदेख्ने सोचले सरितामा समाजका पुरुषहरूलाई राक्षस भन्दा पनि अझ निच सम्झन्छे । सबै पुरुषलाई निच देख्नु सरिताको पूर्वाग्रह स्वरूप विकास भएको प्रतिकूल अभिवृत्ति हो ।

सामाजीकरणले मनमोहनलाई सम्पूर्ण आइमाई प्रति पूर्वाग्रहीत बनाएको छ । मनमोहनमा पूर्वाग्रहको विकास हुनुमा आफ्नै आमाको मुख्य भूमिका रहेको छ । सानो छँदा आमाले आत्महत्या गर्दा आफूलाई पनि मार्न खोजेको भन्ने कुरा आमाले लेखेर गएको चिठ्ठीबाट थाहा पाउँछ । यसैबाट मनमोहनमा पूर्वाग्रहको विकास हुन्छ । आमा जस्तो व्यक्तिले आफ्नो बच्चालाई समेत मार्न तयार भएकोले मनमोहन सम्पूर्ण आइमाई राक्षस्नी जस्तो लाग्छ भन्दै "म आइमाई मात्रसँग तर्सन्छु । बुझ्यौ सरिता ? कहिले काही तिमीसँग पनि तर्सन्छु । त्यसैले म आइमाईहरूका माझमा बस्न पनि सक्तिनँ । मलाई आइमाईहरू राक्षस्नी जस्ता लाग्छन्" (मानिस र मुकुण्डो, पृ. ६६) भन्दछ । यसरी मनमोहन आइमाईसँग मात्र तर्सन्छु भन्नु र सम्पूर्ण आइमाई राक्षस्नी लाग्नु सामाजीकरणले विकास गराएको पूर्वाग्रह हो । पूर्वाग्रह स्वरूप आइमाईसँग तर्सन्छु र राक्षस्नी भन्नु मनमोहनको प्रतिकूल अभिवृत्ति हो ।

उषामा समाजमा रहेका पुरुष व्यक्तिहरू प्रति पूर्वाग्रह विकास भएको छ । छलकपट र धोका दिई बिहे र छोराछोरी नभएको भन्दै समाजको कुनै एकजना केटाले आफ्नो जवानीसँग खेल्न खोजेको र रत्नदास जस्तो साहूले धनसम्पत्तिको धाकमा सरितालाई रखौटी स्वास्नी राख्न चाहेको थाहा पाएपछि उषामा समाजका पुरुष व्यक्तिहरूलाई घृणा गर्दछे । समाजका पुरुषले आफूलाई मासुको डल्ला सम्झेकोले समाजका सबै पुरुष पतित र राक्षस हुन भन्दछे । यसरी सबै पुरुषलाई पतित र राक्षस भन्नु पूर्वाग्रह हो ।

यस्तै नाटकमा सरिताले मनमोहनसँग प्रेम गरेकोले रत्नदास साहूलाई घृणा गरेको र बिहे गर्न नमानेको भन्दै मनमोहनलाई आमाले घृणा गर्नु, दिदीलाई रखौटी स्वास्नी राख्ने थाहा पाएपछि राजु रत्नदाससँग झगडा गर्न जानु, सबै केटालाई एउटै रूपमा हेर्दै श्यामको प्रेमलाई उषाले नकार्नु जस्ता कार्यहरू सामाजीकरणले विकास भएको पूर्वाग्रह पूर्ण निर्णय हो ।

## ४.५ निष्कर्ष

मानिस समाज अनुकूल समायोजन हुनु सामाजीकरण हो । सामाजीकरणमा व्यक्ति समाजमा बाँच्न योग्य मानव बन्नुका साथै सामजिक मूल्य, मान्यता, आदर्श, परम्परा नैतिकता जस्ता आचरणहरू ग्रहण गर्दछ । विजय मल्लक दोस्रो चरणका नाटकहरू भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र तथा मानिस र मुकुण्डोमा पनि पात्रहरू सामाजीकरण प्रक्रियाद्वारा समाजमा समायोजित हुनुका साथै त्यही समाजका सदस्य भएका छन् । सामाजिक सदस्यका रूपमा उनीहरूले समाजका

सामाजिक मूल्य, मान्यता, आदर्श, परम्परा नैतिकता जस्ता आचरणहरू पनि सिकेका छन् । यसरी सामाजीकरण प्रक्रियामा नाटकमा रहेका पात्रहरू सामाजिक समूहको सदस्यहुँदा उनीहरूलाई सामाजिक नियमले प्रभावित पारेको छ भने अहम् र पूर्वाग्रहको विकास पनि गराएको छ । सामाजिक नियमले नाटकमा रहेका पात्रहरूको व्यवहारलाई अनुशासित गराउनुका साथै समाजमा गर्न हुने र गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको छ । त्यस्तै सामाजीकरणले नाटकमा रहेका पात्रहरूमा अहम्को साथै पूर्वाग्रहको पनि विकास गरेको छ । पात्रहरूले जुनसुकै कुरा आफ्नो बारेमा सम्भन्छन् भन्छन् त्यो उनीहरूको अहम् हो । अहम् जन्मजात नभएर सामाजिक अन्तर्क्रियाको परिणाम हो । नाटकमा रहेका पात्रहरूमा पनि अहम् जन्मजात नभएर उनीहरू बसेको समाज र जुन घर परिवारमा विकास भएको छ त्यसले अहम्को विकास गराएको छ । पूर्वाग्रह नाटकमा रहेका रहेका पात्रहरूको असफलता, अहम्वृत्तिका साथै उनीहरूको विकास भएको समाज वा समूहका सदस्यबाट भएको छ । पूर्वाग्रह आर्जित प्रक्रिया भएकाले यो परिवर्तनशील हुन्छ । त्यसैले भोलि के हुन्छ ? नाटकमा रहेको पात्र सुवर्णको पूर्वाग्रहमा परिवर्तन आएको छ । यसरी नाटकमा सामाजीकरणले पात्र समाजको सदस्य बन्नुका साथै उनीहरूलाई सामाजिक नियमले प्रभाव पारेको छ भने अहम् र पूर्वाग्रहको विकास गराएको छ ।

परिच्छेद पाँच

# सामाजिक मनोवृत्तिका आधारमा विजय मल्लका दोस्रो चरणका नाटक

## ५.१ विषय परिचय

मनोवृत्तिले व्यक्तिको मानसिक स्थिति वा मनको क्रियाशीलतालाई जनाउँछ । सामाजिक वस्तु, मूल्य, सामाजिक समस्या, समूह एवम् संस्था आदि प्रतिको मनोवृत्तिलाई सामाजिक मनोवृत्ति भनिन्छ । सामाजिक मनोवृत्ति व्यक्तिले समाजमा गरेको सामाजिक व्यवहार र उसको सामाजीकरणबाट अध्ययन गर्न सकिन्छ । विजय मल्लका दोस्रो चरणका नाटकहरू भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र तथा मानिस र मुकुण्डो नाटकमा पात्रको सामाजिक व्यवहार र सामाजीकरणबाट सामाजिक मनोवृत्तिको अध्ययन गर्न सकिन्छ । नाटकमा रहेका पात्रहरूको सामाजिक मनोवृत्तिलाई मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्तिको परिवर्तन र मनोवृत्तिको मूल्याङ्कनका आधारमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ५.२ *भोलि के हुन्छ ?* नाटकमा सामाजिक मनोवृत्ति

भोलि के हुन्छ ? नाटकमा पात्रहरूको सामाजिक व्यवहार र सामाजीकरणमा सामाजिक मनोवृत्तिको विकास भएको छ । नाटकमा पात्रहरूको सामाजिक मनोवृत्ति उनीहरूको कार्य तथा संवादबाट देखिन्छ । माधुरीले पृथ्वीमा भइरहेको युद्धलाई विनासका रूपमा लिनु, मोहनले आफ्ना सहरहरूमा भइरहेको युद्धको खबरले आमालाई मार्ने निर्णय गर्नु, दुलहीले आमाको हत्याले सर्वनास निम्त्याउने र मातृहत्यालाई महापापको रूपमा लिनु आफ्ना सन्तानले बाटो बिराउँदा आमाले चिन्ता गर्नु आदि जस्ता कार्यमा पात्रहरूको सामाजिक मनोवृत्तिलाई देखिन्छ । नाटकमा रहेका पात्रहरू माधुरी, मोहन, सुवर्ण, दुलही, आमा, आदिमा देखिएको सामाजिक मनोवृत्तिलाई मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन र मनोवृत्ति मूल्याङ्कनका आधारमा विश्लेषण गरिन्छ ।

### ५.२.१ मनोवृत्तिको निमार्ण एवम् विकास

भोलि के हुन्छ ? नाटकका पात्रहरूमा मनोवृत्तिको निमार्ण एवम् विकास भएको छ । नाटकमा पात्रहरूको मनोवृत्ति कार्य तथा संवादबाट देखिन्छ । माधुरी, सुवर्ण, मोहन, दुलही, आमा आदिको मनोवृत्तिको निर्माण एवम् विकासमा प्रेरणा, उनीहरूले प्राप्त गरेको सूचना सामाजिक समूहद्वारा भएको छ ।

माधुरीमा युद्ध विनाशकारी रूपमा हुने मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । आफू बसेको समाजका व्यक्ति र घरपरिवारका सदस्यहरू आमाको सम्पत्तिलाई आफ्नो बनाउने र सम्पूर्ण पृथ्वीमा राज गर्न युद्ध गरिरहेका छन् । युद्ध भनेको ठूलो होम या अग्निकुण्ड हो, युद्धले मानिसलाई मार्छ मात्र, आज विश्वमा भइरहेको यो सङ्ग्राम धरतीमा कोरेको रेखाको निम्ति मात्र नभएर रेखा मेटेर यस पृथ्वीलाई आगोको डल्लो तुल्याउनु हो जसले विनाशमात्र गर्दछ । युद्धमा जसले जिते पनि

हारे पनि मुर्दा मात्र बटुल्ने र युद्धको अन्तमा मुर्दा पनि बटुल्ने कोही हुँदैनन् भन्दै युद्धले मान्छेलाई मार्ने र विनाश मात्र गर्ने गर्दछ भन्ने मनोवृत्तिको निर्माण एवम् विकास आफू बसेको समाजमा भइरहेको युद्धले गराएको छ ।

प्रेरणा र सामाजिक समूहले सुवर्णमा मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । सुवर्णमा रहेको आर्जित प्रेरणाको सन्तुष्टिमा आमा र पृथ्वीमा रहेका अन्य व्यक्तिले अवरोध पुऱ्याएकोले उसमा नकारात्मक मनोवृत्तिको निमार्ण भएको छ । यही नकारात्मक मनोवृत्तिको निमार्णले गर्दा मोहनले आमालाई मार्ने भनेर गरेको निर्णयमा सुवर्णले पनि समर्थन गर्दछ । यसैले ऊ दाजु सँगसँगै कैदखानामा गई आमालाई मार्ने प्रयास गरेको छ । सुवर्णको सामाजिक परिवेश एकले अर्कालाई मारी सत्ता आफ्नो हातमा लिन चाहेको, आमाको सम्पत्तिमा सबैले दावि गरिरहेको बेला सुवर्णमा पनि उक्त भावनाको विकास भएको छ । आमाले आफ्नो सम्पूर्ण सम्पत्ति भोग गर्नु भनेर कागत लेखिदिएकोले त्यसमा कसैले दावि गर्न पाउँदैनन् । यदि कसैले त्यस कागतमा शङ्का गरे शक्तिले विश्वलाई भोग्ने भन्दै सुवर्णले “यसरी किटान गरिएर लेखिएको कुरामा शङ्का हामी किन उठाऔँ ! हामी बलपूर्वक सावित गरौँ कि यही कागतद्वारा हामी विश्वलाई नै भोग्छौँ” (विजय मल्ल, भोलि के हुन्छ ?, पृ. २६) भन्दछ । यसरी आमाले लेखिदिएको कागतलाई बलपूर्वक सही साबित गरी सम्पूर्ण सम्पत्ति र विश्वलाई भोग्ने मनोवृत्तिको निर्माण एवम् विकास सुवर्णको सामाजिक परिवेशले गराएको छ ।

मोहनको मनोवृत्तिको निर्माण एवम् विकासमा सूचना प्रेरणा र सामाजिक परिवेशको भूमिका छ । व्यक्तिले जस्तो प्रकारको सूचना प्राप्त गर्दछ त्यसै अनुरूप उसको मनोवृत्तिको स्वरूप निर्माण हुन्छ । मोहनले न्यायाधीश सँग कुरा गरिरहँदा पाले आई “विदेशबाट आएका राजदूतहरू तल आएका रहेछन्, त्यही खबर आएको छ” (भोलि के हुन्छ ?, पृ. २४) भन्ने सूचना दिन्छ । मोहन राजदूतहरू शान्तिको पाठ सिकाउने निहुँमा समय लम्ब्याई शत्रुपक्षलाई बलवान र सर्वनाशकारी क्षेप्यास्त्र निर्माण गराउने योजनामा लागेको भन्ने मनोवृत्तिको निर्माण गर्दछ । त्यस्तै पालेले लडाईको खबर आएको र सिमानाभित्र धेरै सहरमा अणुबम विस्फोट भएको, प्रधानसेनापति आदेशको निम्ति हाजिर छन् भन्ने सूचना दिदाँ उनीहरू आमालाई आफ्नो सावित गर्दै विश्वलाई भग्न चाँहिरहेको, उनीहरू शक्तिमा विश्वास गरी शक्ति र पराक्रम प्रदर्शित गर्दैछन् भन्ने मनोवृत्तिको निर्माण एवम् विकास मोहनमा भएको छ । पालेले जुन प्रकारको सूचना दिएको छ त्यस्तै प्रकारको मनोवृत्तिको निर्माण मोहनमा भएको छ ।

मोहनले सम्पूर्ण विश्वलाई राज गर्न चाहनु र आमाको सम्पूर्ण सम्पत्तिको भोग गर्न चाहनु उसको आर्जित प्रेरणा हो । सबैले आमालाई आफ्नो बनाउनुका साथै शक्तिद्वारा सबै चिज प्राप्त गर्न सकिन्छ भन्ने सामाजिक परिवेशले मोहन पनि शक्तिद्वारा आमालाई कैद गरी सम्पूर्ण सम्पत्ति आफ्नो बनाई विश्वमा राज गर्न चाहने मनोवृत्तिको निर्माण गर्दछ । यो मनोवृत्ति निर्माणमा मोहनको प्रेरणा र सामाजिक परिवेशको मुख्य भूमिका रहेको छ ।

दुलहीमा मनोवृत्तिको निर्माण एवम् विकास मोहनले आमालाई मार्ने भनेर गरेको निर्णयबाट भएको छ । सन्तानहरूनै अमाको सर्वनास गर्न तम्तयार भएको देखेर चिन्तित हुने र आफ्ना सन्तानको भविष्य दुलहीले अन्धकार देखेकी छे । लोग्ने र देवरले गर्न आँटेको कामले भविष्यमा सर्वनाश निम्त्याउने र त्यसले सबैको अस्तित्व समाप्त हुने मनोवृत्तिको निर्माण दुलहीमा भएको छ । दुलही भन्छे- “आमा जानु भो भने को रहन्छ यँहा ? को बाँच्छ यँहा ? यस्तो महापाप सर्वनाश नगरिबक्स्योस” (भोलि के हुन्छ ?, पृ. ४१) । यसरी दुलहीमा लोग्ने र देवरले गरेको निर्णयबाट भविष्यमा सर्वनाश हुने मनोवृत्तिको निर्माण एवम् विकास भएको छ ।

## ५.२.२ मनोवृत्तिको परिवर्तन

भोलि के हुन्छ ? नाटकमा रहेको पात्र सुवर्णमा मनोवृत्तिको परिर्वतन भएको छ । मनोवृत्तिको विषयवस्तु परिवर्तन गर्न कुनै मनोवृत्ति विशेषलाई निमूर्ल पार्न मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउनको लागि मनोवृत्ति परिवर्तनको आवश्यक पर्दछ । नाटकमा पात्रहरूले मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउनको लागि समय र परिस्थिति अनुसार एकअर्काको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् भने मनोवृत्तिलाई परिवर्तन पनि गरेका छन् ।

सुवर्णको मनोवृत्तिमा परिवर्तन आएको छ । नाटकको पहिलो अङ्क र दोस्रो अङ्कमा सुवर्णको मनोवृत्तिमा परिवर्तन आएको छैन भने तेस्रो अङ्कमा व्यवहार र मनोवृत्तिमा परिवर्तन देख्न सकिन्छ । सुरुमा दाजु सँगसँगै शक्तिको आडमा पृथ्वीमा राज गर्ने र सम्पूर्ण सम्पत्तिमा आफ्नो अधिकार जमाउने कार्यमा सुवर्ण लागेको छ । साथै शक्तिकै आडमा दाजुले आमालाई मार्ने भनेर गरेको निर्णयमा साथ दिदै सुवर्ण आमालाई मार्न सुरिएको छ । पछि आएर सुवर्णको मनोवृत्तिमा परिवर्तन आएको छ जसले गर्दा ऊ आमाको नगरी सुरक्षा गर्छ । सुवर्णमा आएको परिवर्तनले सम्पूर्ण पृथ्वीलाई ध्वस्त हुनबाट जोगाएको छ । पृथ्वीका सम्पूर्ण जीवको रक्षा गरेको छ । मनोवृत्तिमा आएको परिवर्तनले आमाको हत्या गर्न थालेको दाजु मोहनलाई कैद गरी बन्दी बनाएको छ । सुवर्णले “जेठा दाइलाई कैद गर ! हजुर आमालाई मार्न पाउनु हुन्न । हजुर आमालाई छुन सम्म पनि पाउनुहुन्न” (भोलि के हुन्छ ?, पृ. ५१) भनेको छ । यसरी सुवर्णले आमाको सुरक्षा गर्नु र दाजुलाई कैद गरी राख्नु मनोवृत्तिमा आएको परिवर्तन हो ।

यस्तै नाटकमा दुलही र आमाले मोहनको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् । आमालाई मार्ने भनेर गरेको निर्णयमा दुलहीले मातृहत्या महापाप हुने भन्दै आमाको मृत्यु पश्चात केही पनि नरहने, सबै सर्वनास हुने भएकाले आमाको हत्या नगर्न सुझाव दिन्छे । दुलहीले घरपरिवारको माया र छोराको बाबु प्रतिको स्नेह देखाई भन्छे “बिन्ती आमालाई कैदमा मात्र राखिबक्स्योस नमारिबक्स्योस । मेरा पनि बच्चाहरू छन् । माधुरी रातभर विरहले रोइरहिन् महेश सम्झिरहिन् । भर्खर सुतेकी छन्, तिनको मीठो निद्रालाई, तिनको मीठो सपनालाई भताभुङ्ग

नगरिबक्स्योस् । सुरेशको तोतेबोली नै फुटेको छैन । हजुरलाई कति मन पराउँछ त्यो । त्यसको भविष्य, त्यसको विश्व नफुटाइबक्स्योस" (भोलि के हुन्छ ?, पृ. २९/३०) । यसरी पारिवारिक माया र भविष्यमा केही पनि नरहने भन्दै दुलहीले मोहनको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेकी छ । यता आमाले मोहनलाई जीवन कहिल्यै नहार्ने र जीवन रहुन्जेल बाँच्न सल्लाह दिएकी छे आफू पराजित हुन थालेको अब बाँच्न नचाही मृत्यु चाहेको र सबै भन्दा पहिले विश्वको मृत्यु अनि आफ्नो मृत्यु चाहेको भन्दा आमाले यो तिम्रो त्रास हो, तिम्रो गलत शक्ति सिद्धान्तले तिमीलाई मृत्युतिर डोऱ्याउँछ भन्दै मोहनको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेकी छ । दुलही र आमाले दिएको सुझाव सल्लाहबाट मोहनको मनोवृत्तिमा परिवर्तन आउँदैन जसले गर्दा ऊ आत्महत्या गरी मर्दछ ।

यसरी नाटकमा सम्पूर्ण पृथ्वीमा एकलौटी राज गर्न चाहनामा एकले अर्कोलाई मारी युद्ध मच्चायी रहेका छन् । यस युद्धले नाटकका सम्पूर्ण पात्रमा सन्त्रास र भयावहको मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । नाटकको अन्तमा सुवर्णले आमाको सुरक्षा गरी मोहनलाई कैद गरे पश्चात सन्त्रास र भयावहको मनोवृत्तिमा परिवर्तन आएको छ ।

## ५.२.३ मनोवृत्तिको मूल्याङ्कन

भोलि के हुन्छ ? नाटकमा रहेका पात्रहरूको व्यवहार र क्रियाकलापबाट मनोवृत्तिको मूल्याङ्कन गर्न सकिन्छ । व्यक्ति व्यक्ति बिचको परस्पर अन्तरक्रियाको माध्यमबाट मनोवृत्ति ज्ञान हासिल हुन्छ । नाटकमा रहेका पात्रहरूको परस्पर अन्तरक्रियाबाट मनोवृत्तिको ज्ञान हासिल गरी मनोवृत्तिको मूल्याङ्कन गरिन्छ । नाटकमा रहेका पात्र माधुरी, सुवर्ण, मोहन, दुलही आदिको व्यवहार, बोलिचाली, कुनै घटना या व्यक्ति प्रति उसले गरेको व्यवहारद्वारा मनोवृत्तिको मूल्याङ्कन गरिन्छ ।

पृथ्वीमा एकलौटी राज गर्ने चाहनामा एकले अर्कालाई मारी युद्ध मच्यायी रहेको अवस्थामा नाटकीय समाजमा रहेका व्यक्तिहरूमा पनि युद्धको प्रभाव पर्दछ । युद्धलाई नरसंहारको रूपमा लिदै समााजका सम्पूर्ण व्यक्तिमा सन्त्रास र भयावहको स्थिति उत्पन्न हुन्छ । नाटकमा माधुरी महेशसँग प्रेम गर्दछे । महेश सँग शान्तिपूर्ण जीवन बिताउन चाहेकी छ । महेश माधुरीको इच्छा विपरीत युद्धमा जान्छ । महेश युद्धमा जानु भनेको मृत्युको मुखमा जानु हो भन्दै माधुरीले महेश र आफूको भेट यस पृथ्वीमा नहुने कुरा गर्दछे । युद्ध भनेको ठूलो होम या अग्निकुण्ड हो, यसले मानिसलाई मार्छ मात्र, आज विश्वमा भइरहेको सङग्राम धरतीमा कोरेको रेखाको निम्ति मात्र नभएर रेखा मेटेर यस पृथ्वीलाई आगोको डल्लो तुल्याउनु हो जसले विनाश मात्र गर्दछ । युद्धमा जित्नेले पनि लाँस बटुल्ने र हार्नेले पनि लाँस बटुल्ने भन्दै युद्धको अन्तमा लाँस बटुल्ने पनि कोही नहुने कुरा माधुरीले भन्दछे । महेश युद्ध जितेर फर्केमा पनि रगतमा मुछिएर आएको हुने, जुन रगत कसैको मरेको मायाको हुन्छ । यदी हारेको खण्डामा आफ्नो प्रेम मर्ने भनी मारेर र मरेर केही फाइदा नहुने भन्दै

“सङ्ग्रामविना के जीवन यँहा चल्न सक्तैन ? (भोलि के हुन्छ ?, पृ. २३) भनी प्रश्न गर्दछे । यसरी माधुरी समाजमा भइरहेको युद्धलाई विनाशको रूपमा लिएकी छ र शान्तिपूर्ण जीवन यापन गर्नमा बाधा पुऱ्याएको ठान्दछे ।

विश्वलाई सबैले भोग्न चाहेको, एकले अर्कालाई मारी राज्यसत्ता आफ्नो हातमा लिन चाहेको परिवेशले मोहनमा पनि आफ्नो राज्य र सम्पूर्ण सम्पत्ति गुम्ने डर छ । बाजेबराजुको पालामा नै आमाले मेरै ज्युनीमा तिमी र तिम्रा सन्तानले मेरो जायजेथा र सम्पूर्ण सम्पत्तिको भोग गर्नु भनी कागत लेखिदिएकोले मोहन सम्पूर्ण सम्पत्ति भोग चलन गर्दै आएको छ । मोहनसँग भएको जस्तै कागत अरुले पनि देखाएर आमालाई आफ्नो बनाउने र सम्पत्तिमा अधिकार खोजि युद्ध गरिरहेका छन् । आफूले भोग चलन गर्दै आएको सम्पत्ति र राज्यसत्ता गुम्ने डरमा मोहन आमालाई नै कैद गरी राख्दछ । यदि आफ्नो हातबाट राज्य र सम्पूर्ण सम्पत्ति गुम्ने भएमा आमालाई नै मारी सम्पूर्ण विश्लाई मसान बनाउने निर्णय गर्दछ । सम्पूर्ण सम्पत्ति आफूले मात्र भोग चलन गर्न पाउनु पर्छ भन्ने मोहनको अहम् हो भने आमालाई मार्न तयार हुनु पराजित मानसिकताको उपज हो । यसरी मोहन समाजमा भइरहेको युद्धबाट पराजित हुने डरमा विनासकारी जिद्धी र हठी स्वभावको भएको छ ।

सुवर्ण सुरुमा दाजु सँगसँगै पृथ्वीको सम्पूर्ण सम्पत्तिको भोग गर्ने र सम्पूर्ण पृथ्वीमा राज गर्ने निर्णय गर्दछ । आमाले आफ्नो सम्पूर्ण सम्पत्ति भोग गर्नु भनेर कागत लेखिदिएकोले त्यसमा कसैले दावि गर्न पाउँदैनन् । यदि कसैले त्यस कागत शङ्का गरे शक्तिले विश्वलाई भोग्ने कुरा गर्दछ । साथै शक्तिकै आडमा दाजुले आमालाई मार्ने भनेर गरेको निर्णयमा साथ दिदै सुवर्ण आमालाई मार्न तयार हुन्छ । तर सुवर्णमा रहेको आमा प्रति सहानुभूति र प्रेमले आमालाई मार्ने भनेर गरेको निर्णयबाट पछि हठी आमाको सुरक्षा गर्छ । यसरी समाज भइरहेको युद्धले सुवर्णमा सुरुमा रहेको नकारात्मक उत्प्रेरक तत्त्वले आमाको हत्याको लागि क्रियाशील बनाएको छ भने पछि सकारात्मक उत्प्रेरक तत्त्वले आमाको सुरक्षा गरी सम्पूर्ण पृथ्वीको रक्षा गरेको छ । आमाको सुरक्षा गर्नु सुवर्णको मनोवृत्तिमा आएको परिवर्तन हो । त्यसैले सुवर्ण दयालु, प्रेमी र उज्यालोको प्रतीक हो ।

नाटकमा समाजमा चलिरहेको युद्ध र आमालाई मार्ने भनेर गरेको निर्णयले दुलही, कामिनी, जजमा डरत्रासर आमाको मृत्यु पछि सर्वनास हुने कल्पना गरेका छन् । मोहनले आमालाई नै मार्ने भनेर गरेको निर्णय सुनेर दुलही तर्सेकी छ । आमालाई नै मारे पछि के रहन्छ यहाँ, आमालाई मार्नु भनेको सर्वनाश निम्त्याउनु हो र आमालाई मार्ने निर्णयले आफ्ना सन्तानको भविष्य अन्धकार देखेकी छ । कामिनी आमालाई बचाउँन चाहन्छे । आमालाई मार्ने निर्णय सुनी लुकेर भग्दै आमालाई कैद गरी राखेको ठाउँमा आई जीवन रक्षाको लागि आमालाई भाग्न भन्दछे । आमालाई तपाईको मृत्युले सृष्टि नै नाश हुने भन्दै आफूलाई बचाउँन भनेकी छ । यसले कामिनीमा युद्धको परिणामले निम्त्याउने आस्थाको कल्पना गरी डर र त्रासको मनोवृत्ति निर्माण गरेकी छ । नाटकमा जजले कुनै पनि निर्णय गर्न सक्दैन । सुरुमा सुवर्ण र मोहनलाई सही सुझाव र सल्लाह दिएको हुन्छ । भने

मोहनले आमालाई मार्ने भनेर गरेको निर्णयबाट जज केही पनि बोल्न नसक्ने र सुन्न नसक्ने स्थितिको हुन्छ । सुवर्णले आमाको सुरक्षा गरे पश्चात आफूले सही निर्णय गर्न सक्ने र सबै सुन्ने भन्नुले पृथ्वीमा भइरहेको युद्धको डर र त्रास मुक्ति पाएको कुरालाई जनाउँछ ।

## ५.३ *स्मृतिको पर्खालभित्र* नाटकमा सामाजिक मनोवृत्ति

स्मृतिको पर्खालभित्र नाटकमा पात्रहरूको सामाजिक व्यवहार र सामाजीकरणमा सामाजिक मनोवृत्तिको विकास भएको छ । सामाजिक मनोवृत्ति व्यक्तिको कार्य तथा भाषाबाट देखिन्छ । मनोवृत्तिले व्यक्तिको मानसिक स्थिति वा मनको क्रियाशीलतालाई जनाउँछ । महेश्वरले किशोरी सँग बिहे गर्दा समाजले के भन्ला भन्नु, किशोरीले आफूले गरेको निर्णयमा समाज देखि डराउन्न भन्नु, गणेशलाई सेते, जमुनी र किशोरीले सधैं अर्दली सम्झनु, महेश्वरले पद र शक्तिको आडमा सुशीलको हत्यागरी लुकाउनु, एउटा सँग प्रेम गर्ने र अर्को सँग बिहे गर्ने शर्मिला र किशोरीको प्रवृत्ति आदि जस्ता कार्यमा पात्रको सामाजिक मनोवृत्ति देखिन्छ । नाटकमा रहेका पात्र महेश्वर, किशोरी, गणेश, सुकुमेल आदिको सामाजिक मनोवृत्तिलाई मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्तिको परिवर्तन र मनोवृत्तिको मूल्याङ्कनका आधारमा आगामी उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### ५.३.१ मनोवृत्तिको निर्माण एवम् विकास

स्मृतिको पर्खालभित्र नाटकका पात्रहरूमा मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । नाटकमा पात्रहरूको मनोवृत्ति कार्य तथा संवादबाट देखिन्छ । महेश्वर, किशोरी, गणेश, सुकुमेल, सेते, भुना आदिको मनोवृत्तिको निर्माण एवम् विकास प्रेरणा, उनीहरूले प्राप्त गरेको सूचना र सामाजिक समूहद्वारा भएको छ ।

महेश्वरको मनोवृत्तिको निर्माण एवम् विकास प्रेरणा र सामजिक समूहबाट भएको छ । शर्मिलाबाट प्राप्त नभएको प्रेम र यौन प्रेरणाको सन्तुष्टि महेश्वर किशोरीबाट गर्न चाहन्छ । त्यसैले छोरी समान किशोरीबाट आएको बिहेको प्रस्तावलाई महेश्वरले स्वीकार गरेको छ । किशोरीले राखेको बिहेको प्रस्तावले महेश्वरमा पुरा हुन नसकेको प्रेम र यौन सन्तुष्टि पुरा हुने मनोवृत्तिको निर्माण गरेको छ । महेश्वरलाई समाजले पद र शक्तिद्वारा जस्तो सुकै अपराधलाई पनि लुकाउन सकिन्छ भन्ने मनोवृत्तिको निर्माण गराउँछ । आफूसँग प्रेम गरेको भन्ने थाहा हुँदाहुँदै पनि सुशीलले शर्मिलालाई भगाएर लगेकोले महेश्वरको सुशील प्रति नकारात्मक मनोवृत्ति पैदा हुन्छ । सात सालको राणाशासनको विरोधमा सुशील कैदमा परेको बेला शर्मिलालाई आफ्नो बनाउने चाहनामा महेश्रमा नकारात्मक मनोवृत्तिको निर्माण हुन्छ र उसले सुशीलको हत्या गर्दछ । महेश्वरमा त्रासको मनोवृत्ति पनि देख्न सकिन्छ । किशोरीले बिहे गर्ने निर्णय गरेबाट गणेशको मनमा आघात पुगेकोले सात सालमा किशोरीको बुबाको हत्याको रहस्य पर्दाफास गरिदिन्छ भन्ने डर महेश्वरमा रहेको छ ।

यसरी सामाजिक समूह र प्रेरणाले महेश्वरमा नकारात्मक मनोवृत्तिको निमार्ण एवम् विकास भएको छ ।

किशोरीमा आफ्नी आमा प्रति नकारात्मक र बुबा र महेश्वर प्रति सकारात्मक मनोवृत्तिको विकास भएको छ । किशोरी आमालाई किचकन्नी, बोक्सी भन्दछे । आफू केटाकटी छँदा आमा बुबाको झगडा सुनेर किशोरीमा आमालाई चरित्रहीन नारी सम्झन्छे । घरमा पति हुँदाहुँदै बाहिर अन्य व्यक्ति सँग प्रेम गरेको र सधै उसै सँग भेटघाट गर्ने गरेको दुईटा सन्तान मध्ये एउटा उसैको हो भन्ने सुनेकी किशोरीमा आमा प्रति नकारात्मक मनोवृत्ति निर्माण एवम् विकास भएको छ । भाई प्रदीप र आफू प्रति सहानुभूति पूर्ण गरेको कार्यबाट महेश्वर प्रति किशोरीमा सकारात्मक मनोवृत्तिको निर्माण भएको छ । यसरी सामाजिक नियम विपरीत आमाले गरेको कार्य र महेश्वरको सामाजिक कार्यमा किशोरीको मनोवृत्तिको निर्माण एवम् विकास भएको छ ।

गणेश किशोरीसँग प्रेम गर्दछ । किशोरीलाई बिहेको लागि प्रस्ताव पनि राख्दछ । किशोरीले आफ्नो प्रेमलाई तिरस्कार गरी महेश्वरसँग बिहे गर्ने गरेको निर्णयले गणेशमा तनावको स्थिति पैदा हुन्छ । किशोरीको बुबाको तस्वीर देखेपछी सातसालमा वीरगञ्जमा महेश्वरबाट हत्या भएको व्यक्ति अरुकोही नभई किशोरीको बुबा हो भन्ने थाहा पाएपछि गणेश सत्य कुराको उद्घाटन गर्ने मनोवृत्ति बनाउँछ । सत्य कुराको उद्घाटनबाट आफ्नो अपमानको बदलाको भाव पनि पुरा हुने र बिहे पनि रोकिने मनोवृत्तिको निर्माण गर्दछ । गणेशको मनोवृत्तिको निर्माण गर्दछ । गणेशको मनोवृत्तिको निर्माण र विकासमा आवश्यकताको महत्त्वपूर्ण भूमिका छ । किशोरीसँग बिहे गरी बस्ने चाहनामा महेश्वरले बाधा पुऱ्याएपछि प्रेरणाको सन्तुष्टिको लागि किशोरी र महेश्वर प्रति गणेशको नकारात्मक मनोवृत्तिको निर्माण भएको छ ।

सुकुमेल किशोरी र महेश्वरको बिहे हुन नदिने मनोवृत्तिको निर्माण गरेकी छ । किशोरीले आफ्नो बुबा जस्तो व्यक्ति सँग बिहे गर्ने भनी गरेको निर्णयबाट सुकुमेलमा तनावको स्थिति उत्पन्न हुन्छ । महेश्वरको भरपर्दा आमाले जीवन अलपत्र पार्नु परेको र छोरी पनि उसैको भरपर्दा त्यसको पनि के गति हुने हो भन्दै सुकुमेलमा बिहे रोक्ने मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । यसरी सुकुमेलमा भएको मनोवृत्तिको निर्माणमा किशोरी र महेश्वरको बिहेको सुचना र सामाजिक परिवेशको मूख्य भूमिका छ ।

## ५.३.२ मनोवृत्तिको परिवर्तन

स्मृतिको पर्खालभित्र नाटकमा रहेका पात्रहरूमा मनोवृत्तिको परिवर्तनलाई देख्न सकिन्छ । नाटकमा पात्रहरू मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउनको लागि समय र परिस्थिति अनुसार एकले अर्काको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् । किशोरी, महेश्वर, गणेश

आदिको मनोवृत्तिमा परिवर्तन आएको छ भने एकले अर्काको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास पनि गरेका छन् ।

महेश्वरले किशोरीसँग बिहे गर्ने निर्णय गर्नु, मित्र सुशीलको हत्या गर्नु, हत्या गरेको स्वीकार गर्नु मनोवृत्तिमा परिवर्तन स्वरूप आएका निर्णय हुन् । छोरी समान रूपमा पालेको किशोरीलाई महेश्वर बिहे गर्ने कुनै मनोवृत्तिको निर्माण गरेको हुदैन । किशोरीले "म हजुरलाई प्रेम गर्छु, मलाई बिहे गरिबक्स्योस्" (स्मृतिको पर्खालभित्र, पृ. १९) भनेबाट महेश्वरले किशोरीलाई बिहे गर्ने निर्णय गर्नु मनोवृत्तिमा आएको परिवर्तन हो । आफूले प्रेम गरेको थाहा हुँदाहुँदै सुशीलले शर्मिलालाई भगाएर लगेपछि राणाशासनको विरोधमा वीरगञ्जमा सुशील प्रक्राउँ पर्दा महेश्वरको मनोवृत्तिमा परिवर्तन आई सुशीलको हत्या गर्दछ । किशोरीले बिहे गर्ने भनेर गरेको निर्णयले मनमा छट्पटी र यातना दिएको र गणेशले पनि हत्याको पर्दाफास गरिदिएकोले महेश्वर सुशीलको हत्या गरेको स्वीकार्छ । हत्यालाई स्वीकार गर्नु महेश्वरको मनोवृत्तिमा आएको परिवर्तन हो । यसरी किशोरीसँग बिहे गर्ने निर्णय गर्नु र सुशीलको हत्या गर्नु समाजले महेश्वरमा ल्याएको मनोवृत्तिको परिवर्तन हो । सेतेले भुनासँग "अब ठूला बडाका कुरा, नहुने त के छ र ...." (स्मृतिको पर्खालभित्र, पृ. २८) भनेको भनाईबाट समाजमा ठूलाबडाको कार्यलाई कसैले केही भन्दैनन् भन्दै छोरी समान किशोरीसँग बिहे गर्ने निर्णय गर्नु र पूर्वाग्रह स्वरूप साथीको हत्या गर्नु मनोवृत्तिमा आएको परिवर्तन हो । त्यस्तै गणेशसँगको अन्तर्क्रियाबाट सुशीलको हत्या स्वीकार गर्नु अन्तर्क्रियाले मनोवृत्तिमा आएको परिवर्तन हो ।

केटाकेटी छँदा आमा बुबाको झगडा सुनेर आमप्रति नकारात्मक मनोवृत्ति निर्माण गर्नु किशोरीको मनोवृत्तिको परिवर्तन हो । त्यसैले किशोरी आमालाई किचकन्नी, बोक्सी भन्दै आफ्नो सम्पूर्ण काममा बाधा पुऱ्याउने आमा नै हो भन्ठान्छे । किशोरीले आफ्नो आमाप्रति रहेको महेश्वरको मनोवृत्तिमा परिवर्तन समेत ल्याउन खोजेकी छे । किशोरी महेश्वरलाई भन्छे "मुमा प्रति हजुरको जे भवना छ त्यो गलत हो, म त्यही साबित गर्न चाहन्छु" (स्मृतिको पर्खालभित्र, पृ. १७) । यस भनाईबाट आमा प्रति रहेको महेश्वरको मनोवृत्तिमा किशोरीले परिवर्तन ल्याउन खोजेकी छ । किशोरी सुरुमा गणेश सँग प्रेम गर्दछे तर पछि ऊ महेश्वरसँग बिहे गर्ने निर्णय सुनाउँदै भन्छे "सुन गणेश ! मैल सानुराजा जरसाहेबसँग बिहे गर्ने निर्णय गरिसके बुझ्यौ" (स्मृतिको पर्खालभित्र, पृ. २४) । यस्तो निर्णय किशोरीको मनोवृत्तिमा आएको परिवर्तन हो बाबुको मृत्यु र आमाको दुश्चरित्रले गर्दा ऊ भित्र यौन विद्रोहको भावना जागृत हुन्छ र ऊ असुरक्षित हुन्छे । यसै असुरक्षाको भावनालाई सन्तुष्ट पार्न गणेशसँग बिहे नगरी महेश्वरसँग बिहे गर्ने निर्णय गर्दछे ।

किशोरीले आफ्नो प्रेमको तिरस्कार गरेपछि गणेशको मनोवृत्तिमा परिवर्तन आएको छ । गणेशको मनोवृत्तिमा आएको परिवर्तनले बदलाको स्वरूप लिएको छ । सात सालको क्रान्तिमा वीरगञ्जमा महेश्वरले मित्र सुशीलको हत्या गरेको गणेशले पनि देखेको हुन्छ । किशोरीले महेश्वरसँग बिहे गर्ने निर्णय गरेको र महेश्वरबाट हत्या भएको व्यक्ति किशोरीको बुबा हो भन्ने

थाहा पाएपछि गणेशले महेश्वरले लुकाई राखेको अपराधलाई पर्दाफास गरिदिन्छ । गणेशले गरेको यो कार्यले उसको मनोवृत्तिमा आएको परिवर्तनलाई देखाउँछ ।

### ५.३.३ मनोवृत्ति मूल्याङ्कन

स्मृतिको पर्खालभित्र नाटकमा रहेका पात्रहरूको समाजिक व्यवहार र सामजिकरण प्रक्रियाबाट मनोवृत्तिको मूल्याङ्कन गर्न सकिन्छ । नाटकमा पात्रहरूको परस्पर अन्तर्क्रिया र व्यवहारले मनोवृत्तिको ज्ञान हासिल हुन्छ र त्यसैका आधारमा मनोवृत्तिको मूल्याङ्कन गरिन्छ । नाटकमा रहेका पात्र महेश्वर, किशोरी, गणेश, सुकुमेल आदिको व्यवहार बोलिचाली कुनै घटना वा व्यक्ति प्रति उसले गरेको व्यवहार द्वारा मनोवृत्तिको मूल्याङ्कन गरिन्छ ।

महेश्वर जर्नेलको पद सम्म सरकारी सेवा गरी अवकास पाई बसेको व्यक्ति हो । महेश्वरको सामाजिक व्यवहार र सामाजीकरणले समाजमा उसको बाहिरी रूप प्रतिष्ठित, भद्र, दयालु, नम्र स्वभावको व्यक्तिको रूपमा रहेको छ । महेश्वरले गरेको कार्य र व्यवहारलाई हेर्दा उसको आन्तरिक रूप हीनमनोग्रन्थीले ग्रसित, पश्चातापमा पिल्सिएको र प्रेमको नशाले रङ्गिएको छ । महेश्वरले सात सालमा किशोरीको पिताको हत्या गरेको छ । मित्र हत्या उसले आफ्नै स्व-विवेक प्रयोग गरी गरेको छ । हत्या पश्चात महेश्वरमा आत्मग्लानि, पश्चाताप र कहिल्यै मनले शान्ति पाउँन नसकेको कुरा यसरी व्यक्त गर्दछ “....त्यस्तो गरिसकेपछि मलाई अत्यन्त पश्चात्ताप भएको थियो । म रोएको थिएँ, म आत्मग्लानिले छटपटाएको थिएँ...” (स्मृतिको पर्खालभित्र, पृ. ५०) । यसरी समाजको पद र शक्तिको आडमा गरेको अक्षम्य अपराधबाट सुरक्षित हुन एवम् आफ्नो चेतनको रक्षार्थ साथीको छोरी र छोरालाई लालन पालन गर्दछ ।

किशोरी आधुनिकता र कुत्सित वातावरणमा पालिएकी छ । त्यसैले ऊ समाजको अनुशासन र सामाजिक नियमलाई कुनै वास्ता गर्दिन । किशोरी सामाजिक नियमको विपरीत अनमेल प्रेम र विवाह गर्ने निर्णय गर्छे । आफूलाई पालेको हुर्काएको बुबाको साथी ऊ अङ्कल समेत भन्छे उसैसँग बिहे गर्ने निर्णय पनि गर्छे । “अङ्कल के भनिबक्स्या । हजुरलाई हामीले कहाँ त्यस्तो दोष लाएका छौँ र” (स्मृतिको पर्खालभित्र, पृ. १५) । एकातिर अङ्कल भन्ने अर्कोतिर विवाह गर्न चाहने यी दुवै मूल्य परस्पर विरोधी कार्य गर्न किशोरी क्रियाशील छे । सानो छँदा आमा बुबाको झगडा सुनेबाट आमाको दुश्चरित्रतालाई अत्यन्त घृणा गर्न पुग्दछे फस्वरूप ऊ आमालाई किचकन्नी, बोक्सी समेत भन्दछे । आमाले गरेको कार्यलाई दुश्चरित्र देख्ने किशोरी आफू पनि त्यहीकार्य तिर अग्रसित छे । बुबाको मृत्यु र आमाको दुश्चरित्रले गर्दा किशोरीमा असुरक्षा र आत्मविश्वासको कमी हुन जान्छ । त्यसैले ऊ गणेशको प्रेमलाई त्यागी मेहेश्वरसँग बिहे गर्ने निर्णय गर्दछे । महेश्वरबाट आफू पूर्ण सुरक्षित रहेको र कसैसँग पनि डर नभएको कुरालाई किशोरी यसरी भन्छे “....मैले सोचीसके हजूर सिबाय मलाई बचाउन सक्ने कोही छैन, मेरो मन हलुको भएको छ । म अब बहुलाउन्नँ म

किचकिन्नीसँग तर्सन्नँ अब ” (स्मृतिको पर्खालभित्र, पृ. २०) । यसरी समाजीकरण प्रक्रियाले किशोरी समाजमा कसैको नियन्त्रणमा बस्न नचाहने र स्वतन्त्र रूपमा निर्णय गर्न सक्ने युवती बनाएको छ ।

गणेशले किशोरीलाई प्रेम गर्नुका साथै आफ्नो खुसी र प्रगतिमा सहभागी गराउने गर्दछ । कप्तानीको पदमा प्रमोशन भएको खुसियालीमा घरमा पार्टी राखेको र पार्टीमा किशोरीसँग बिहेको घोषणा गर्ने कुरा किशोरीलाई सुनाउँछ । किशोरीले गणेशको प्रेम र बिहेको प्रस्तावलाई तिरस्कार गरी महेश्वरसँग बिहे गर्ने निर्णय सुनाउछे । किशोरीको तिरस्कारबाट गणेशमा महेश्वर प्रति बदलाको भाव जागेको छ । गणेश यसलाई बदला नभनी सत्यकुराको उद्घाटन भन्दछ । महेश्वरले किशोरीको बुबाको हत्या गरी लुकाई राखेको अपराधलाई किशोरीको अगाडि स्वीकार गराउने कार्यमा लाग्दछ । गणेशले अपराधीले सज्जनताको खोल ओडी कसैलाई धोका दिनु हुदैन भन्दै महेश्वरको असली रूप समाजलाई देखाउँछ । यसबाट गणेश किशोरीलाई अत्यन्तै माया गर्ने, तिरस्कार सहन नसक्ने, निडर, सत्यकुराको उद्घाटन गर्ने व्यक्तिको रूपमा समाजमा रहेको छ । आफूले सेवा गरेकी मालिक्नी शर्मिलाका बारेमा घरका सबैले नराम्रा कुरा गर्ने गरेको सुनेपछि दुःखी हुने, किशोरीले आमालाई किचकन्नी भनेर घृणा गरेपछि किशोरीलाई सम्झाउदै वास्तविकता बुझाउन खोज्ने, किशोरीले आफ्नो बुबाको उमेरको महेश्वरसँग विवाह गर्ने निर्णय गरेपछि दुःखी हुँदै त्यस्तो हुन नदिन खोज्ने सुकुमेल अन्तर्द्वन्द्वग्रस्त व्यक्ति हो । किशोरीले वास्तविकता नबुझी आफ्नी आमालाई घृणा गर्न नहुने अनि महेश्वरसँग विवाह गर्न पनि नहुने कुरा सुकुमेल गरेकी छ ।

## ५.४ *मानिस र मुकुण्डो* नाटकमा सामाजिक मनोवृत्ति

मानिस र मुकुण्डो नाटकमा पात्रहरूको सामाजिक व्यवहार र क्रियाकलापले उनीहरूको सामाजिक मनोवृत्तिलाई देखाउँछ । नाटकमा पात्रहरूको सामाजिक मनोवृत्ति उनीहरूको कार्य तथा संवादबाट देखिन आएको छ । सरिता र उषाले समाजका पुरुषहरूको व्यवहारबाट उनीहरूलाई राक्षस सम्झनु, समाजका पुरुषहरूले महिलालाई कमजोर सम्झनु, समाजका भलाद्मी र प्रतिष्ठित व्यक्तिहरूद्वारा प्राचीन मूर्तिहरूको चोरी कार्यलाई मनमोहन अपराध सम्झनु, समाजमा रहेका व्यक्तिले टाइपिस्टलाई तल्लो स्तरको जागिर सम्झेकाले राजु टाइपिष्ट पेशा छोडी अर्को पेशा खोज्नतिर लाग्नु, आमाले धन सम्पत्तिलाई ठूलो सम्झी छोरीलाई रखौटी बनाउन तयार हुनु आदि जस्ता कार्यमा पात्रको सामाजिक मनोवृत्तिलाई देखिन्छ । नाटकमा रहेका पात्र सरिता, उषा, मनमोहन, आमा, राजु आदिको सामाजिक मनोवृत्तिलाई मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन र मनोवृत्ति मूल्याङ्कनको उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### ५.४.१ मनोवृत्तिको निर्माण एवम् विकास

मानिस र मुकुण्डो नाटकमा पात्रहरूमा मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । नाटकमा पात्रहरूको मनोवृत्ति उनीहरूले समाजमा बसेर गरेको कार्य र एकअर्का बिचमा गरेको

कुराकानीबाट देखिन्छ । सरिता, उषा, मनमोहन, आमा, राजु आदिको मनोवृत्तिको निर्माण एवम् विकास प्रेरणा, उनीहरूले प्राप्त गरेको सूचना र सामाजिक समूहद्वारा भएको छ ।

सरितामा प्रेरणाले नकारात्मक मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । सरितामा रहेको इज्जत, मान, प्रतिष्ठिाका साथै आफ्नो उमेर सुहाँउदो केटा मनमोहनसँग जीवन बिताउने प्रेरणामा बाँधा पुऱ्याउने रत्नदास र आमाप्रति नकारात्मक मनोवृत्तिको निर्माण भएको छ । रत्नदास साहूको रखौटी श्रीमती भएमा समाजमा आफ्नो कुनै इज्जत नहुने र मनमोहनसँग विवाह गरी जीवन बिताउने सपनामा आघात पुग्ने भएकाले रत्नदास र आमाप्रति सरिताको नकारात्मक मनोवृत्तिको निर्माण एवम् विकास भएको हो । मनमोहनले विदेशमा कला-प्रदर्शनी सफल भएको सूचना दिदाँ खुसी हुने मनमोहन आफू कला-प्रदर्शनीको काम गर्दा मूर्ति चोरी जस्तो अपराधिक कार्यमा फसेको र आफ्नो ज्यान खतरामा फसेको भन्दै जुनसुकै बेला आफ्नो हत्या हुन सक्ने बताउँदा सरितामा त्रसित र अन्योलको मनोवृत्तिको निर्माण भएको छ । यसरी सूचना अनुसार सरितामा खुसी र त्रसित अवस्थाको मनोवृत्तिको निर्माण भएको छ । रत्नदास साहूले रखौटी स्वास्नी राख्ने र उषालाई बिहे र छोराछोरी भएको केटाले बिहे नभएको भन्दै ठगी बिहे गर्न खोजेको भन्ने कुरा थाहा पाएपछि सरिता समाजका पुरुष व्यक्तिहरूलाई राक्षस भन्दा पनि निच सम्झन्छे । समाजका पुरुष व्यक्तिहरूले महिलाहरू जतिसुकै प्रगति गरे पनि कमजोर हुन्छन् र तिनीहरूलाई जे पनि गर्न सकिन्छ भन्ने मानसिकताले सरिता समाजका पुरुषलाई राक्षस भन्दा पनि अझ निच सम्झन्छे । सरिताले “बरु राक्षसहरूमा प्रेममा विजय हासिल गर्ने नियम छ । मासुको मोलतोल भाउमा विश्वास गर्दैनन् । हाम्रा मानिसहरू यसको उल्टो मासुमा नै झम्टा दिन्छन्, मासु, हामी मासुको लाम्टाबाहेक केही हैनौं उनीहरूका लागि ।” (मानिस र मुकुण्डो, पृ. ५७) भन्दछे । यसरी सामाजिक समूहले सरितालाई समाजका पुरुषहरूलाई राक्षस भन्दा पनि निच सम्झने मनोवृत्तिको निर्माण गराएको छ ।

मनमोहन आइमाई देखि तर्सने र सबै आइमाईलाई राक्षसनी सम्झन्छ । बच्चा छँदा आमाले आत्महत्या गर्दा आफ्नो पनि हत्या गर्न खोजेको तर आफू बाँच्न सफल भएको घटनाले मनमोहनमा आइमाई प्रति नकारात्मक मनोवृत्तिको निर्माण भएको छ । आइमाई प्रति नकारात्मक मनोवृत्तिको विकास सरिताको आमाबाट भएको छ । आमाले सरिता र आफ्नो प्रेम सम्बन्धलाई मन नपराएको र आफूलाई घृणा गर्ने कुरा मनमोहन यसरी भन्छ- “तिम्री आमा मलाई घृणा गर्नुहुन्छ भन्ने कुरा मलाई थाहा छ । मलाई पनि तिम्री आमाको हात देख्दा खेरि मेरी आमाको हात पनि त्यस्तै होला भन्ने कल्पना हुन्छ । त्यस्तै हातले मलाई घाँटी अँठ्याएर मार्न खोजेको थियो । तिम्री आमाको हात म हेरिरहन पनि सक्तिनँ । म तर्सन्छु तिम्री आमासँग  (मानिस र मुकुण्डो, पृ. ६६) । यस भनाईले मनमोहनमा आइमाई प्रतिको नकारात्मक मनोवृत्तिको विकासलाई सरिताको आमाले अझ बढाएकी छ । आमाले हत्या गर्ने प्रयास गर्दा पनि आफू बाँच्न सफल भएकोले कुनै ठोस कार्य गर्नको लागि

आफू बाँचेको भन्दै यस देशमा केही विशेष काम गरेर देखाउने मनोवृत्तिको निर्माणले मनमोहन अन्तर्राष्ट्रिय व्यापार-प्रवर्द्धनमा नेपाली कला प्रचारकको कार्य गर्दछ ।

सामाजिक समूहद्वारा उषामा समाजका पुरुषहरू प्रति नकारात्मक मनोवृत्तिको निर्माण भएको छ । समाजमा रहेका पुरुषहरूले स्वास्नी मान्छेहरूलाई कमजोर सम्झनुका साथै भकुण्डो जस्तो जताहाने पनि हुने सम्झेको, घरमा श्रीमती छोराछोरी हुँदाहुँदै पनि बाहिर रखौटी स्वास्नी राख्न खोज्ने र अर्काको जवानी सँग खेल्न खोज्ने समाजका पुरुषहरूको मनोवृत्तिले उषामा नकारात्मक मनोवृत्तिको निर्माण गराएको छ । आमामा रहेको धन, सम्पत्तिको आर्जित प्रेरणाले सम्पूर्ण सुख सुविधा प्राप्त गर्न सकिन्छ भन्ने मनोवृत्ति रहेको छ । त्यसैले आमा छोरी सरितालाई रत्नदास साहूको श्रीमती बनाई छोरो राजुलाई हाकिम बनाउने र आफू रत्नदासको धन सम्पत्तिमा बन्दोबस्तले बस्ने मनोवृत्तिको निर्माण गरेकी छ । त्यस्तै राजु टाइपिस्ट  पेशालाई तल्लो स्तरको पेशा सम्झेकोले यस पेशालाई छाडि हाकिम हुन चाहन्छ । त्यसैले राजु रत्नदासकोमा हाकिमको पेशा गर्ने निर्णय गरेको छ । यसरी सामाजिक परिवेशले राजुलाई पेशा प्रतिको मनोवृत्तिको निर्माण एवम् विकास गराएको छ ।

## ५.४.२ मनोवृत्तिमा परिवर्तन

मानिस र मुकुण्डो नटकमा रहेका पात्रहरूमा मनोवृत्तिको परिवर्तनलाई देख्न सकिन्छ । नाटकमा सरिता, उषा, मनमोहन, राजु आदिको सामाजिक व्यवहार र क्रियाकलापमा आएको परिवर्तनले मनोवृत्तिको परिवर्तनलाई देखाउँछ । मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउनको लागि परिस्थिति अनुसार नाटकमा एकले अर्काको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् भने मनोवृत्तिलाई परिवर्तन पनि गरेका छन् ।

सरिताको मनोवृत्तिमा परिवर्तन आएको छ । मनोवृत्तिको परिवर्तन समाजमा रहेका पुरुषहरूप्रति रहेको छ । रत्नदास साहूले रखौटी स्वास्नी राख्ने भनेको कार्यले समाजका पुरुषहरूले आफूहरू जति ठूलो भए पनि माग्नेको रूपमा हेरेको र समाजमा आफूहरूले नर्स, आर्टिष्ट, टाइपिष्ट जस्तो सुकै काम गरे पनि तल्लो रूपमा हेरी कमजोर सम्झेकाले सरिताको समाजमा पुरुषहरूप्रतिको मनोवृत्तिमा परिवर्तन आएको छ । मनोवृत्ति परिवर्तन स्वरूप सरिता समाजका पुरुषहरूलाई राक्षस भन्दा पनि निच सम्झन्छे । राक्षसहरूमा बरु इमान्दारिता रहेको र यहाँका मानिसहरूमा त्यो पनि नरहेको भन्दै सरिता भन्छे- “बरु राक्षसहरूमा प्रेम विजय हासिल गर्ने नियम छ । मासुको मोलतोल भउमा विस्वास गर्दैनन् । हाम्रा मानिसहरू यसको उल्टो मासुमा नै झम्टा दिन्छन्, मासु, हामी मासुको लाम्टाबाहेक केही हैनौं उनीहरूका लागि” (मानिस र मुकुण्डो, पृ. ५७) । यसरी सरितालाई सामाजिक समूहले समाजका पुरुषहरूलाई राक्षसको कोटी भन्दा पनि अझ तल्लो स्तरमा हेर्नु मनोवृत्तिमा आएको परिवर्तन हो ।

उषाको मनोवृत्तिमा परिवर्तन आएको छ । उषामा आएको मनोवृत्तिको परिवर्तनले उषा बिहे र छोराछोरी भएको व्यक्ति सँग बिहे गरेकी छैन । एक जना केटा सँग प्रेम सम्बन्धमा बाँधिएकी भए पनि पछि उसको बिहे र छोराछेरी पनि भइसकेको कुराको जानकारी पाएपछि कसैकी सौता भएर बस्न नसक्ने भन्दै प्रेमीलाई चटक्कै त्याग्नु मनोवृत्तिमा आएको परिवर्तन हो । बिहे र छोराछोरी भइसकेर पनि अर्काको जवानी सँग खेल्न खोजेको भन्दै उषा समाजका सबै पुरुषहरू पतित र राक्षस हुन् भन्दछे जसले उसको मनोवृत्तिमा आएको परिवर्तन स्वरूप गरिएको निर्णयलाई जनाउँछ ।

विधवा भइसकेपछि आर्थिक कारणले गर्दा बच्चा हुँदा आमाले आत्महत्या गरी आफूलाई पनि मार्न चाहेको कुरा मनमोहन आमाले लेखेको चिठ्ठीबाट थाहा पाएको छ । मनमोहन यस देशमा केही विशेष काम गरेर देखाउनु छ भन्दै कहिले आर्टिष्ट, कहिले टिचर, कहिले पेन्टर, कहिले विजिनेस-म्यानको काम गर्दछ । यसरी एउटै कामबाट सन्तुष्ट हुन नसक्नु र निरन्तर रूपमा काममा परिवर्तन गर्नु मनमोहनको मनोवृत्तिमा आएको परिवर्तन हो । मनमोहन देशमा केही विशेष काम गर्ने भन्दै विदेशमा कला-प्रदर्शनीको काम गर्दछ । कला-प्रदर्शनीको काममा ऊ मूर्तिचोरीको कार्यमा फस्दछ । अपराधै नगरी अपराधीक मण्डलीमा फसेको र जुनसुकै बेला आफ्नो हत्या हुन सक्ने कुराले मनमोहन त्रसित छ । यस अपराधबाट बच्न आफूले नगरेको अपराधलाई स्वीकार गर्नु भन्दा आत्महत्या गर्नु बेस भनी आत्महत्या गर्ने निर्णय गर्नु मनमोहनको मनोवृत्तिमा आएको परिवर्तन स्वरूप गरिएको निर्णय हो ।

नाटकमा सरिताको सही सूचनाले राजुको मनोवृत्तिमा परिवर्तन अएको छ । राजुको मनेवृत्तिमा परिवर्तन ल्याउनको लागि मुख्य भूमिका सरिताको रहेको छ । रत्नदास साहूले आफूलाई रखौटी स्वास्नी राखे मात्र तिमीलाई हाकिम बनाइदिने कुरा गरेको भन्दै सरिता राजुलाई सही जानकारी दिन्छे । आफू रत्नदासको रखौटी हुनुभन्दा कुनै ठाँउमा लगेर बेची धेरै पैसा कमाउ भनेपछि राजुले रत्नदासको काम नगर्ने भन्दै रत्नदास सँग झगडा गर्न जान्छ । रत्नदाससँग झगडा गर्न जानु राजुको मनोवृत्तिमा आएको परिवर्तन हो ।

### ५.४.३ मनोवृत्तिको मूल्याङ्कन

मानिस र मुकुण्डो नाटकमा रहेका पात्रहरूको सामाजिक व्यवहार र सामाजीकरणबाट मनोवृत्तिको मूल्याङ्कन गर्न सकिन्छ । नाटकमा पात्रहरूको परस्पर अन्तर्क्रिया र व्यवहारले मनोवृत्तिको ज्ञान हासिल हुन्छ र त्यसैका आधारमा मनोवृत्तिको मूल्याङ्कन गरिन्छ । सरिता, उषा, मनमोहन, आमा आदिको सामाजिक व्यवहार, बोलिचाली कुनै घटना या व्यक्तिप्रति उनीहरूले गरेको व्यवहार द्वारा मनोवृत्तिको मूल्याङ्कन गरिन्छ ।

सरिता समाजमा इज्जत, मान, प्रतिष्ठामा बस्न चाहन्छे । रत्नदासको रखौटी स्वास्नी बनि धन सम्पत्तिमा मोज मस्ति गर्नु भन्दा आफैले दुःख गरी कमाएको पैसामा इज्जतका साथ बस्न

उचित सम्भन्छे । आमाबुबाले जस्तो केटालाई खोजेर बिहे गरिदिन्छन्, त्यस्तै केटासँग छोरीले बिहे गर्नुपर्छ भन्ने कुरालाई ऊ मान्दिन धनाढ्य रत्नदासको रखौटी बन्नका लागि आमाले भरमग्दुर प्रयास गर्दा पनि त्यसलाई बेवास्ता गर्दै पैसा र सुख सुविधाका लागि स्त्रीलम्पट रत्नदास साहूकी रखौटी बन्न अस्वीकार गरेबाट ऊ आफूलाई सही नलाग्दा नलाग्दै पनि चुपचाप बिहे गर्न नमान्नुले ऊ समाजमा शिक्षित र स्वतन्त्र निर्णय लिन सक्ने युवति हो । समाजमा पुरुषहरूले महिलाहरूलाई कमजोर र मासुका लाम्टा बाहेक केही नदेख्ने सोाचले सरितामा समाजका पुरुषलाई राक्षस भन्दा पनि अभ्र निच सम्भन्छे । सबै पुरुषलाई राक्षस र निच सम्भनु सरिताको सामाजीकरणले विकास भएको पूर्वाग्रह हो ।

उषा समाजमा नर्सको साथ-साथै कलाको पेशा गर्दछे । उषा समाजिक नियम र मर्यादा भित्र बस्ने केटी हो । त्यसैले ऊ बिहे र छोराछोरी भइसकेको भन्ने थाहा पाएपछि आफूले प्रेम गरेको केटालाई छाड्नुका साथै समाजका चरित्रहीन र भ्रष्ट व्यक्तिलाई घृणा गर्दछे । छलकपट र धोका दिई बिहे र छोराछोरी नभएको भन्दै समाजको कुनै एक केटाले आफ्नो जवानी सँग खेल्न खोजेको र रत्नदास जस्तो साहूले धन सम्पत्तिको धकमा सरितालाई रखौटी स्वास्नी राख्न चाहेको थाहा पाएपछि उषा समाजका पुरुष व्यक्तिहरूलाई घृणा गरी पतित र राक्षस भन्दछे । सामाजमा आफूले जस्तो सुकै काम गरे पनि त्यसबाट आफूलाई सानो सम्भनु कसैलाई के खाँचो भन्नु सामाजीकरणमा विकास भएको अहम् हो ।

मनमोहन सामाजिक नीति नियम भित्रै रही देशमा केही विशेष काम गर्न चाहन्छ । त्यसैले ऊ कहिले टिचर, पेन्टर, आर्टिष्ट, विजनेस-म्यान जस्ता कार्यहरू गरेको छ । विधवा भइसकेपछि आर्थिक कारणले गर्दा आमाले आत्महत्या गर्दा आफूलाई पनि बच्चामा मार्न खोजेको कुरा थाहा पाएको मनमोहन सबै आइमाईलाई राक्षसनी देख्न पुग्दछ भने आर्थिक अभावमा कसैले पनि ज्यान गुमाउन नपरोस भन्दै केही विशेष काम गर्न खोज्दछ । बच्चैमा आमाले गरेको कार्यले मनमोहनमा आइमाइको डर र त्रासको मानसिकता विकास भएको छ । मनमोहन भन्छ- "म आइमाई मात्रसँग तर्सन्छु" (मानिस र मुकुण्डो, पृ. ६६) । यसरी आइमाईबाट मात्र तर्सनु समाजीकरणमा विकास भएको डर र त्रासको मानसिकता हो । केही नौलो र विशेषकाम गरेर बस्न खोजेको मनमोहन अन्तराष्ट्रिय कला प्रदर्शनी मार्फत प्राचीन मूर्तिहरूको चोरी बेचविखनमा फस्दछ । चोरीका प्राचीन मूर्तिहरूको बेचविखनलाई ऊ सामाजिक नियम विरुद्धको कार्य सम्भन्छ । आफूले थाहै नपाई आफू अपराधीक गतिविधिमा फसेको भन्दै अपराधलाई स्वीकार्न राजि हुदैन । आफू कलाको पुजारी भएकाले कलाकै हत्या गर्न नसक्ने भन्दै अपराधलाई स्वीकार्नु भन्दा आत्महत्या गर्ने निर्णय गर्दछ । नगरेको अपराधलाई स्वीकार्नु भन्दा आत्महत्या गर्ने निर्णय गर्नु सामाजीकरणमा सामाजिक नियमले मनमोहनको मानसिकतामा पारेको प्रभाव हो ।

आमाले धन, यश, आराम, जस्ता आर्जित प्रेरणाको सन्तुष्टिको लागि छोरी सरितालाई रत्नदासको रखौटी स्वास्नी बनाउन चाहेकी छ । यस नाटकमा छोरीलाई आफ्नो शत्रु भ्रैँ ठान्ने र

छोरालाई ज्यादै माया गर्ने आमाका रूपमा देखिन्छिन् । आमाको छोरी प्रति घृणा र छोरा प्रति विशेष माया हुन्छ भन्ने फ्रयाडवादी मनोविश्लेषणात्मक चिन्तनको अभिव्यक्ति आमाको व्यवहारबाट देखिन्छ । छोराको जगिर राम्रो नभएकामा चिन्तित हुने र उसलाई राम्रो आम्दानी हुने जगिर लगाउन खोज्ने अनि छोरालाई राम्रो जागिर लगाउनका लागि छोरीलाई चाहिँ स्त्रीलम्पट रत्नदास साहूकी रखौटी बन्न दबाब दिने काम गरेबाट आमाले छोरालाई काख र छोरीलाई पाखा गर्न खोजेको देखिन्छ । आमाले छोरा र छोरीलाई काखा र पाखा गर्नु सामाजीकरणले विकास गराएको मानसिकताको उपज हो ।

## ५.५ निष्कर्ष

सामाजिक वस्तु, मूल्य, सामाजिक समस्या, समूह एवम् संस्था आदि प्रतिको मनोवृत्तिलाई सामाजिक मनोवृत्ति भनिन्छ । सामाजिक मनोवृत्ति व्यक्तिले समाजमा गरेको सामाजिक व्यवहार र उसको सामाजीकरणबाट अध्ययन गर्न सकिन्छ । विजय मल्लका दोस्रो चरणका नाटकहरू भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र र मानिस र मुकुण्डो नाटकमा पात्रको सामाजिक व्यवहार र समाजीकरणले सामाजिक मनोवृत्तिलाई देखाएको छ । नाटकमा पात्रहरूको मनोवृत्ति व्यक्तिको कार्य तथा भाषाबाट देखिएको छ । मनोवृत्ति व्यक्तिको मानसिक स्थिति वा मनको क्रियाशीलतालाई देखाएको छ । नाटकमा सर्वप्रथम पात्रहरूमा कुनै पनि विषय वा अवस्था प्रति मनोवृत्तिको निर्माण एवम् विकासमा प्रेरणा, उनीहरूले प्राप्त गरेको सूचना, सामाजिक समूहको मूख्य भूमिका रहेको छ । प्रेरणाको सन्तुष्टिमा पात्रहरूमा सकारात्मक र नकारात्मक मनोवृत्तिको निर्माण भएको छ । नाटकमा पात्रहरूले जस्तो प्रकारको सूचना प्राप्त गर्दछन् त्यस्तै प्रकारको मनोवृत्तिको स्वरूप निर्माण भएको छ भने उनीहरू बसेको सामाजिक समूहको विचारधारा, मान्यता एवम् संस्कृतिले पनि मनोवृत्तिको निर्माण एवम् विकास गराएको छ । नाटकमा पात्रहरूको मनोवृत्तिको परिवर्तन पनि भएको छ । यसरी मनोवृत्तिको परिवर्तन कुनै व्यक्तिको मनोवृत्ति विशेषलाई निर्मुल पार्न, मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउनको लागि समय र परिस्थिति अनुसार एकले अर्काको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् । मनोवृत्तिको परिवर्तन पात्रहरू बिचको अन्तर्क्रिया र उनीहरूले प्राप्त गरेको सूचनाका आधारमा भएको छ । नाटकमा पात्रहरूले गरेको परस्पर अन्तरक्रिया र व्यवहारले मनोवृत्तिको ज्ञान हासिल हुन्छ जसबाट उनीहरूको मनोवृत्तिको मूल्याङ्कन हुन्छ । मनोवृत्तिको मूल्याङ्कनको लागि व्यक्तिको व्यवहार, बोलिचाली, लेख, रचना आदिबाट गरिन्छ । नाटकमा कुनै घटना या पदार्थ प्रति पात्रले गरेको व्यवहार व्यक्ति-व्यक्ति बिचको परस्पर अन्तर्क्रिया, व्यक्तिको आत्मचरित्र र कलात्मक विचारको आधारमा मनोवृत्तिको मूल्याङ्कन हुन्छ । भोलि के हुन्छ ? नाटकमा माधुरीले युद्धलाई विनासका रूपमा लिनु, दुलहीले आमाको हत्याले सर्वनास निम्त्याउने र मातृहत्यालाई महापापको रूपमा लिनु, सन्तानले बाटो बिराउँदा आमाले चिन्ता गर्नु आदि, स्मृतिको पर्खालभित्र नाटकमा महेश्वरले किशोरी सँग बिहे गर्दा समाजले के भन्ला भन्नु, किशोरीले आफूले गरेको निर्णयमा समाज देखि डराउन्न भन्नु, गणेशलाई सेते, जमुनी

र किशोरीले सधै अर्दली सम्झनु, पद र शक्तिका आडमा जस्तो सुकै अपराधलाई पनि लुकाउँन सकिन्छ भन्ने मानसिकता महेश्वरमा हुनु आदि तथा मानिस र मुकुण्डो नाटकमा सरिता र उषाले समाजका पुरुषहरूको व्यवहारबाट उनीहरुलाई राक्षस सम्झनु, समाजका पुरुषले महिलालाई कमजोर सम्झनु, समाजका प्रतिष्ठित व्यक्तिहरू द्वारा प्राचीन मूर्तिहरूको चोरी कार्यलाई मनमोहनले अपराध सम्झनु, समाजमा रहेका व्यक्तिहरूले टाइपिस्टलाई तल्लो स्तरको जगिर सम्झनु, आमाले छोरीलाई भन्दा छोरालाई माया गर्नु जस्ता कार्यमा सामाजिक मनोवृत्तिलाई देख्न सकिन्छ ।

परिच्छेद छ

# उपसंहार र समष्टि निष्कर्ष

## ६.१ विषय परिचय

विजय मल्लका दोस्रो चरणका नाटकमा समाज मनोविज्ञान शीर्षकको यस शोधपत्रका अघिल्ला परिच्छेदमा उल्लेख गरिएका कुराहरूका साथै यसको समष्टि निष्कर्ष पनि उल्लेख्य पक्ष हुन् । त्यसैले यस परिच्छेदमा यस शोधपत्रका अघिल्ला परिच्छेदहरूको सारसङ्क्षेप र समष्टि निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ परिच्छेदगत सारांश

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । विजय मल्लका दोस्रो चरणका नाटकमा समाज मनोविज्ञान शोधपत्रको पहिलो परिच्छेदमा समग्र रूपमा शोधकार्यको विषय परिचय दिइएको छ र त्यसपछि क्रमशः समास्या कथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको सिमाङ्कान, शोधकार्यको औचित्य तथा महत्त्व, शोधविधि र शोधकार्यको रूपरेखा शीर्षकमा शोधकार्यको परिचय प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा विजय मल्लको दोस्रो चरणका नाटकमा समाज मनोविज्ञानको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । यस क्रममा साहित्य, समाज र मनोविज्ञानको छुट्टाछुट्टै चिनारी दिदै साहित्य र समाज, साहित्य र मनोविज्ञान, समाज र मनोविज्ञान का साथै साहित्य, समाज र मनोविज्ञानमा साहित्य समाज सँग जोडिएको हुने र व्यक्तिले समाजमा बसेर गर्ने आचरण वा चरित्रले देखाउने हुँदा साहित्य, समाज र मनोविज्ञानमा अन्तर्सम्बन्ध रहेको कुरा देखाइएको छ । साथै यस परिच्छेदका उपशीर्षकमा समाज मनोविज्ञानको ऐतिहासिक विकासक्रम, समाज मनोविज्ञान विश्लेषणका मूलभूत पक्षहरू सामाजिक व्यवहार, सामाजीकरण, सामाजिक मनोवृत्ति, भिड, फेसन, जनमत, नेतृत्व, सामाजिक समूह, प्रचारको समेत चर्चा गरिएको छ । विजय मल्लका दोस्रो चरणका नाटकमा रहेको समाज मनोविज्ञानलाई विश्लेषण गर्न व्यक्तिले समाजमा बसेर गर्ने क्रियाकलापलाई सामाजिक व्यवहार अन्तर्गत सुझाव, सहानुभूति र प्रेरणाका आधारमा र पात्रहरू समाजमा हुने समायोजनलाई सामाजीकरण अन्तर्गत सामाजिक नियम, अहम्को विकास र पूर्वाग्रहको विकास का साथै सामाजिक व्यवहार र सामाजीकरणका आधारमा पात्रले गरेको सामाजिक मनोवृत्तिलाई मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्ति परिवर्तन र मनोवृत्तिको मूल्याङ्कनमा समाज मनोविज्ञान विश्लेषणका आधारहरू तयार परिएको छ ।

तेस्रो परिच्छेदमा सामाजिक व्यवहारका आधारमा विजय मल्लका दोस्रो चरणका नाटक शीर्षक रहेको छ । यस परिच्छेदमा विजय मल्लको नट्य यात्राको दोस्रो चरण २०१८ देखि २०४० सम्मको सामान्य चर्चा गर्दै यस चरणका पूर्णाङ्की नाटकहरू भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र,

मानिस र मुकुण्डोको सामान्य परिचय यस परिच्छेदमा दिइएको छ । दोस्रो चरणका नाटकमा पात्रहरूले समाजमा बसेर गरेका सामाजिक व्यवहारलाई सुझाव, सहानुभूति र प्रेरणाका आधारमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

नाटकमा समय र परिस्थिति अनुसार एकले अर्कालाई दिएको सुझावबाट सामाजिक व्यवहार सञ्चालन भएको छ । पात्रहरूले एकअर्काको व्यवहार र विचारमा परिवर्तन ल्याउनको लागि सुझाव दिएका छन् । नाटकमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा दिएको सुझावका माध्यमबाट गरेका सामाजिक क्रियाकलापले सामाजिक व्यवहारलाई प्रष्ट पारेको छ ।

नाटकमा एक व्यक्तिको अर्को व्यक्ति प्रति रहेको दया, माया, प्रेम, नम्र स्वभाव आदिले सहानुभूतिलाई देखाएको छ । यही सहानुभूति कै कारण एकले अर्कालाई सहयोग गरेका छन् भने एकअर्काको दुःखमा सहानुभूति व्यक्त गरेका छन् । सहानुभूतिमा नाटकमा रहेका पात्रहरूको सामाजिक व्यवहार सरल र सहज भएको छ जसले उनीहरूको सामाजिक व्यवहारलाई देखाउँछ ।

नाटकमा रहेका पात्रहरूले सामाजिक क्रियाकलापहरू प्रेरणाले गरेका छन् । पात्रहरूमा रहेको जन्मजात र आर्जित प्रेरणाको सन्तुष्टिको लागि गरेको कार्यमा सामाजिक व्यवहार सञ्चालित छ । नाटकमा पात्रहरूको सामाजिक व्यवहार मूख्यतः आर्जित प्रेरणाको सन्तुष्टिमा रहेको छ ।

चौथो परिच्छेद सामाजीकरणका आधारमा विजय मल्लका दोस्रो चरणका नाटक शीर्षक रहेको छ । यस परिच्छेदको उपशीर्षकमा भोलि के हुन्छ ?, स्मृतिको पर्खालभित्र र मानिस र मुकुण्डो नाटकमा निहित पात्रहरूको सामाजीकरणमा सामाजिक नियमले पारेको प्रभाव र समाजमा सामाजीकरण हुँदा उनीहरूमा विकास भएको अहम् र पूर्वाग्रहको विकासलाई विश्लेषण गरिएको छ ।

नाटकमा रहेका पात्रहरूको सामाजीकरणमा सामाजिक नियमले प्रभाव पारेको छ । सामाजिक नियमले नाटकमा रहेका पात्रहरूको व्यवहारलाई अनुशासित गराउँनुका साथै समाजमा गर्न हुने र गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको छ । सामाजिक नियमले नाटकमा पात्रहरूले आफूले चाहेको कार्य गर्न पाएका छैनन् भने आफूले नचाहेका कार्यहरू गर्नु परेको छ । यसबाट पात्रहरूको सामाजीकरणमा सामाजिक नियमको प्रभावलाई देख्न सकिन्छ ।

सामाजीकरणले नाटकमा रहेका पात्रहरूमा अहम्को विकास गरेको छ । अहम् जन्मजात नभएर सामाजिक अन्तरक्रियाको परिणाम हो पात्रहरूमा अहम् जन्मजात नभई उनीहरू बसेको समाज र जुन घर परिवारमा उसको विकास भएको छ त्यसले गराएको छ । पात्रहरूले जुनसुकै कुरा आफ्नो बारेमा सम्झन्छन् भन्छन् त्यो उनीहरूको अहम् हो । यसरी समाजीकरणबाट नाटकमा रहेका पात्रहरूमा अहम्को विकास भएको छ ।

सामाजीकरणले नाटकका पात्रहरूमा पत्रहरूमा पूर्वाग्रहको विकास गराएको छ । पूर्वाग्रह पात्रहरूको असफलता, अहम्वृत्तिका साथै उनीहरूको विकास भएको समाज वा समूहका सदस्यबाट

भएको छ । यसरी नाटकका पात्रहरूमा सामाजीकरणमा विकास भएको पूर्वाग्रहमा अपरिपक्व छिटो लिइएको निर्णय हुनुका साथै त्यसमा प्रतिकूल अभिवृत्ति पनि रहेको छ ।

पाचौँ परिच्छेद सामाजिक मनोवृत्तिका आधारमा विजय मल्लका दोस्रो चरणका नाटक शीर्षक रहेको छ । यस परिच्छेदको उपशीर्षकमा दोस्रो चरणका नाटकमा निहित पात्रहरूको सामाजिक मनोवृत्तिलाई विश्लेषण गरिएको छ । तेस्रो र चौथो परिच्छेदमा पात्रहरूले गरेको सामाजिक व्यवहार र सामाजीकरणबाट उत्पन्न सामाजिक मनोवृत्तिलाई यस परिच्छेदमा मनोवृत्तिको निर्माण एवम् विकास, मनोवृत्तिको परिवर्तन र मनोवृत्तिको मूल्याङ्कनका आधारमा विश्लेषण गरिएको छ ।

नाटकका पात्रहरूमा मनोवृत्तिको निर्माण एवम् विकास उनीहरूको कार्य तथा संवादले देखाउँछ । मनोवृत्तिको निर्माण एवम् विकास पात्रहरूमा रहेको प्रेरणाको सन्तुष्टि, उनीहरूले प्राप्त गरेको सूचनाका साथै आफू बसेको सामाजिक समूहको मूख्य भूमिका रहेको छ । प्रेरणाको सन्तुष्टिका आधारमा पात्रमा सकारात्मक र नकारात्मक मनोवृत्तिको निर्माण भएको छ भने जस्तो प्रकारको सूचना प्राप्त गर्दछन् त्यस्तै प्रकारको मनोवृत्तिको स्वरूप पनि निर्माण भएको छ । पात्रहरू बसेको सामाजिक समूहको विचारधारा, मान्यता, एवम् संस्कृतिले पनि मनोवृत्तिको निर्माण एवम् विकास गराएको छ ।

नाटकमा पात्रहरूको सामाजिक व्यवहार र क्रियाकलापमा आएको परिवर्तनले मनोवृत्तिको परिवर्तनलाई देखाउँछ । पात्रहरूले मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउनको लागि परिस्थिति अनुसार एकले अर्काको मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् भने मनोवृत्तिलाई परिवर्तन पनि गराएका छन् । मनोवृत्तिको परिवर्तन पात्रहरूले गरेको एकअर्का बिचको अन्तर्क्रिया र उनीहरूले प्राप्त गरेको सूचनाका आधारमा भएको छ ।

नाटकमा रहेका पात्रहरूको सामाजिक व्यवहार र सामाजीकरणबाट मनोवृत्तिको मूल्याङ्कन गरिएको छ । पात्रहरूको परस्पर अन्तर्क्रिया र व्यवहारले मनोवृत्तिको ज्ञान हासिल हुन्छ । मनोवृत्तिको मूल्याङ्कनको लागि व्यक्तिको व्यवहार, बोलिचाली, व्यक्ति-व्यक्ति बिचको परस्पर अन्तर्क्रिया उनीहरूको विचारबाट मनोवृत्तिको मूल्याङ्कन गरिएको छ ।

## ६.३ समष्टि निष्कर्ष

समाज मनोविज्ञान मनोविज्ञानको एउटा प्रमुख शाखाको रूपमा रहेको छ । व्यक्तिको सामाजिक व्यवहारको अध्ययन तथा विश्लेषण समाज मनोविज्ञान अन्तर्गत सामाजिक परिप्रेक्ष्यमा गर्ने गरिन्छ । त्यसैले यो व्यक्तिको सामाजिक व्यवहारको अध्ययन गर्ने विज्ञान हो; यसले समाजको नभई व्यक्तिको नै अध्ययन गर्दछ । समाज मनोविज्ञानले व्यक्तिको समाजिक व्यवहार,

सामाजीकरण, सामाजिक मनोवृत्तिका साथै व्यक्तिको सक्रियतामा समाजमा देखिएका भिड, फेसन, जनमत, नेतृत्व, सामाजिक समूह, अन्तराष्ट्रिय तनाव, वेरोजगारी, प्रचार आदि विविध पक्षको अध्ययन विश्लेषण गर्दछ । मूख्यतः समाज मनोविज्ञानमा व्यक्तिको सामाजिक व्यवहार र समाजीकरणको आधारमा व्यक्तिको सामाजिक मनोवृत्तिको अध्ययन गर्ने गरिन्छ ।

विजय मल्ल मनोवैज्ञानिक नाटककार हुन् । मनोवैज्ञानिक नाटककारका रूपमा रहेता पनि मल्लले सामाजिक यथार्थतामा आधारित नाटकको पनि रचना गरेका छन् । उनले रचना गरेका नाटकहरू सामाजिक यथार्थतामा आधारित हुनुका साथै, प्रयोगशील, समस्यामूलक, स्वैरकल्पना, प्रतीकको प्रयोगका साथै समाज मनोविज्ञानमा पनि आधारित छन् । मल्लको दोस्रो चरणको मूख्य प्रवृत्ति भनेको प्रयोगशील नाटकहरुको रचना गर्नु हो । प्रयोगशील नाटकको रचना गरे पनि यस चरणका नाटकमा समाज मनोविज्ञान पाउन सकिन्छ । यस चरणका नाटक भोलि के हुन्छ ? मा विश्वमा भईरहेको युद्धले व्यक्तिमा परेको प्रभावलाई देखाईएको छ । स्मृतिको पर्खालभित्र नाटक सात सालको क्रान्तिको समयमा समाजमा रहेका ठूला बडाले शक्तिको आडमा कस्ता कुकृत्यहरू गर्दछन भन्ने कुरा देखाईएको छ । मानिस र मुकुण्डो नाटकमा बाहिरबाट भद्र देखिने सभ्यता र शिष्टताको मुकुण्डो धारण गरेका व्यक्तिहरू कसरी अपराध कार्यमा संलग्न छन् भन्ने कुरालाई नाटकमा देखाईएको छ । यी नाटकहरु प्रयोगशील हुँदाहुँदै पनि समाज मनोविज्ञानमा आधारित नाटकहरू हुन् । समाज मनोविज्ञानमा आधारित मल्लका नाटकहरूमा पात्रहरूको सामाजिक व्यवहार र सामाजीकरणले सामाजिक मनोवृत्तिको ज्ञान हासिल हुन्छ जसबाट सामाजिक परिप्रेक्ष्यमा पात्रहरूको मनोवैज्ञानिक अध्ययन गरिन्छ ।

व्यक्तिले समाजमा बसेर गर्ने सामाजिक क्रियाकलापका साथै व्यक्ति-व्यक्ति बिचको अन्तर्क्रिया सामाजिक व्यवहार हो । नाटकमा रहेका पात्रहरूले सामाजिक व्यवहार सुझाव, सहानुभूति र प्रेरणाद्वारा गरेका छन् । नाटकमा रहेका पात्रहरूले समय र परिस्थिति अनुसार एकले अर्कालाई दिएको सुझावमा सामाजिक व्यवहार रहेको छ । नाटकमा एक व्यक्तिको अर्को व्यक्ति प्रति रहेको दया, माया, प्रेम, नम्र स्वभाव आदिले सहानुभूति उत्पन्न गर्नमा सहयोग गरेको छ । यही सहानुभूति कै कारण नाटकमा पात्रहरूको सामाजिक व्यवहार सरल र सहज भएको छ । नाटकमा रहेका पात्रहरूले सामाजिक व्यवहार प्रेरणाद्वारा गरेका छन् । प्रेरणा जन्मजात र आर्जित दुई प्रकारको हुन्छ । यिनै दुई प्रकारको प्रेरणाको सन्तुष्टिको लागि गरेको कार्यले पात्रहरूको सामाजिक व्यवहारलाई देखाएको छ । भोलि के हुन्छ ? नाटकमा माधुरीले चिन्ता गर्दा कामिनीले सम्झाउनु, आमालाई मार्ने निर्णय गर्दा दुलहीले दुःख व्यक्त गर्नु, आमाले आफ्ना सन्तानले बाटो विराउँदा दुःख व्यक्त गर्नुका साथै सही बाटो देखाउन खोज्नु, सुवर्णले आमाको रक्षा गर्नु, मोहनले सम्पूर्ण पृथ्वीमा राज गर्न खोज्नु आदि कार्यका साथै स्मृतिको पर्खालभित्र नाटकमा किशोरीले महेश्वरलाई रक्सी नखान भन्नु, महेश्वरले साथीको छोराछोरीलाई घरमा ल्याई पाल्नु, सुकुमेलले किशोरीलाई आफ्नो बाबु समान व्यक्तिसँग बिहे नगर्न सल्लाह दिनु आदि कार्य तथा मानिस र मुकुण्डो नाटकमा

आमाले रत्नदास साहूलाई घरमा ल्यायी सरितालाई देखाउनु, सरिताले रखौटी स्वास्नी बन्न इन्कार गर्नु, उषाले बिहे र छोराछोरी भएको थाहा पाएपछी कसैकी सौता हुन्न भनी प्रेमीलाई छोड्नु, मनमोहन केही विशेष काम गर्छु भन्दै विभिन्न पेशा अँगाल्नु आदि जस्ता सामाजिक व्यवहारहरू सुझाव सहानुभूति र प्रेरणाद्वारा गरेका छन् ।

सामाजीकरण प्रक्रियामा समाज जस्तो छ व्यक्तिको विकास पनि त्यसै अनुसार हुन्छ । सामाजीकरणमा व्यक्ति समाजको सदस्य बन्नुका साथै समाजमा समायोजित पनि हुने गर्दछ । सामाजीकरण प्रक्रियामा नाटकमा रहेका पात्रहरू सामाजिक समूहको सदस्य हुँदा उनीहरूलाई सामाजिक नियमले प्रभावित पारेको छ भने अहम् र पूर्वाग्रहको विकास पनि गराएको छ । सामाजिक नियमले नाटकमा रहेका पात्रहरूको व्यवहारलाई अनुशासित गराउनुका साथै समाजमा गर्न हुने र गर्न नहुने आदि व्यवहारलाई निर्देशित गरेको छ । नाटकमा पात्रहरूले जुनसुकै कुरा आफ्नो बारेमा सम्झन्छन् भन्छन् त्यो उनीहरूको अहम् हो । अहम् जन्मजात नभएर सामाजिक अन्तर्क्रियाको परिणाम हो । पूर्वाग्रह नाटकमा रहेका पात्रहरूको असफलता, अहम्वृत्तिका साथै उनीहरूको विकास भएको समाज वा समूहको सदस्यबाट भएको छ । पूर्वाग्रह आर्जित प्रक्रिया भएकाले परिवर्तनशील हुन्छ । भोलि के हुन्छ ? नाटकमा माधुरीले जन्मेपछि बाँच्न पाउनु पर्ने अधिकार खोज्नु, युद्ध सम्बन्धी कुरा गर्न भवनमा निषेध गरिनु, मोहनले सम्पूर्ण विश्वमा राज गर्न खोज्नु, शक्तिद्वारा सबै कुरा प्राप्त गर्न सकिन्छ भन्नु, दुलहीले मातृहत्यालाई महापाप सम्झनु आदि कार्यका साथै स्मृतिको पखालभित्र नाटकमा महेश्वरले साथीको हत्या गर्नु साथीको श्रीमतीलाई आफ्नो बनाउने प्रयास गर्नु, सुकुमेल किशोरी र महेश्वरको बिहे गर्ने निर्णयबाट खुसी नहुनु, सेते महेश्वर प्रति बफादार रहनु आदि कार्य तथा मानिस र मुकुण्डो नाटकमा सरिताले रत्नदासलाई घृणा गर्नु उषा कसैको सौता हुन नखोज्नु, मनमोहन समाजको लागि केही उत्कृष्ट कार्य गर्न खोज्नु आदि जस्ता कार्यले पात्रहरूको सामाजीकरण प्रक्रियालाई देखाउँछ ।

नाटकमा पात्रहरूको सामाजिक वस्तु, मूल्य, सामाजिक समस्या, समूह एवम् संस्था आदि प्रतिको मनोवृत्ति सामाजिक मनोवृत्ति हो । सामाजिक मनोवृत्ति पात्रले समाजमा गरेको समाजिक व्यवहार र उसको समाजीकरणबाट थाहा हुन्छ । नाटकमा सर्वप्रथम पात्रहरूमा कुनै पनि विषय वा अवस्था प्रति मनोवृत्तिको निर्माण एवम् विकास भएको छ । मनोवृत्तिको निर्माण एवम् विकासमा पात्रहरूको प्रेरणा, उनीहरूले प्राप्त गरेको सूचना, समाजिक समूहको मूख्य भूमिका रहेको छ । त्यस्तै नाटकमा पात्रहरूको मनोवृत्तिको परिवर्तन पनि भएको छ । मनोवृत्ति परिवर्तन कुनै व्यक्तिको मनोवृत्ति विशेषलाई निर्मुल पार्न, मनोवृत्तिलाई आफ्नो अनुकूल अथवा प्रतिकूल बनाउन नाटकमा रहेका पात्रहरूले मनोवृत्तिमा परिवर्तन ल्याउने प्रयास गरेका छन् । मनोवृत्तिको परिवर्तन पात्रहरू बिचको अन्तर्क्रिया र उनीहरूले प्राप्त गरेको सूचनाका आधारमा भएको छ । नाटकमा पात्रहरूले गरेको परस्पर अन्तर्क्रिया र व्यवहारले मनोवृत्तिको ज्ञान हासिल हुन्छ जसबाट उनीहरूको मनोवृत्तिको मूल्याङ्कन हुन्छ । नाटकमा कुनै घटना या पदार्थ प्रति पात्रले गरेको व्यवहार, व्यक्ति-

व्यक्ति बिचको परस्पर अन्तर्क्रिया, व्यक्तिको आत्मचरित्र र कलात्मक विचारको आधारमा मनोवृत्तिको मूल्याङ्कन हुन्छ । भोलि के हुन्छ ? नाटकमा माधुरीले पृथ्वीमा भइरहेको युद्धलाई विनासका रूपमा लिनु, मोहनले आफ्ना सहरहरूमा भइरहेको युद्धको खबरले आमालाई मार्ने निर्णय गर्नु, आफ्ना सन्तानले बाटो बिराउँदा आमाले चिन्ता गर्नु आदि कार्यका साथै स्मृतिको पर्खालभित्र नाटकमा महेश्वरले किशोरी सँग बिहे गर्दा समाजले के भन्ला भन्नु, गणेशलाई सेते, जमुनी र किशोरले सधै अर्दली सम्भन्नु, पद र शक्तिको आडमा सुशीलको हत्यागरी लुकाउनु, एउटा सँग प्रेम गर्ने र अर्को सँग बिहे गर्ने शर्मिला र किशोरीको प्रवृत्ति आदि जस्ता कार्य तथा मानिस र मुकुण्डो नाटकमा सरिता र उषाले समाजका पुरुषहरूको व्यवहारबाट उनीहरूलाई राक्षस सम्भन्नु, समाजका पुरुषहरूले महिलालाई कमजोर सम्भन्नु, समाजमा रहेका व्यक्तिले टाइपिस्टलाई तल्लो स्तरको जागिर  सम्भेकोले राजु टाइपिस्ट पेशा छोडी अर्को पेशा खोज्नतिर लाग्नु, आमाले धन सम्पत्तिलाई ठूलो सम्भी छोरीलाई रखौटी बनाउन तयार हुनु आदि जस्ता कार्यमा सामाजिक मनोवृत्तिको रूप देख्न सकिन्छ । यसरी नाटकमा रहेका पाात्रहरूको सामाजिक व्यवहार तथा क्रियाकलापले उनीहरूको सामाजिक मनोवृत्तिलाई देखाएको छ ।

## ६.४ भावी शोधकार्यका लागि सम्भाव्य शीर्षकहरू

(क) समाजशास्त्रीय आधारमा विजय मल्लका नाटकहरू

(ख) विजय मल्लका नाटकहरूमा मनोविज्ञान

(ग) विजय मल्लका नाटकमा विसङ्गतिवाद

(घ) विजय मल्लका स्वप्नमनोविज्ञान

# सन्दर्भ सामग्री सूची


अधिकारी, नारायण. २०६९. 'भूलै भूलको यथार्थ नाटकको कृतिगत विश्लेषण'. अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

अधिकारी, पूर्णप्रसाद. २०५२. "विजय मल्लका नाट्य प्रवृत्ति र बहुला काजीको सपना". **समाकालीन साहित्य १८** (वर्ष १३ अङ्क १, पूर्णाङ्क ४७ : वैशाख, जेठ, असार) पृ. ९५-१०३ ।

अवस्थी, महादेव. २०६४. **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**. काठमाडौं : रिनु प्रकाशन ।

कुप्पुस्वामी, बी. १९८३.**समाज मनोविज्ञान : एक परिचय** (अनु.)श्याम सिहं शशि, अफलासिहं र धर्मपाल, चण्डीगढ : हरियणा साहित्य अकादमी ।

क्षेत्री, उदय. २०६४. 'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन'. अप्रकाशित विद्यावारिधि शोधग्रन्थ नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

खतिवडा, नित्यानन्द. २०६४. 'विजय मल्लका प्रयोगशील नाट्य कृतिको विश्लेषण'. अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

खतिवडा, लेखराज. २०६८. 'विजय मल्लका नाटकमा नारी पात्र'. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

खनाल, सीता. २०६९. 'सृष्टि रोकिदैन लघुनाटक सङ्ग्रहको विधातात्विक विश्लेषण'. अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

ढकाल, भूपति. २०६७. **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण**. (पाँ. सं.). काठमाडौँ : ए बी सी बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिव्युर्स प्रा.ली. ।

त्रिपाठी, आर बी र आर एन सिहं. १९८०. **उच्च सामाजिक मनोविज्ञान**. वाराणसी : नगीना प्रकाशन ।

त्रिपाठी, वासुदेव. २०६५(क). **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १** (छै. सं.). ललितपुर : साझा प्रकाशन ।

———,————. २०६५(ख). **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २** (पाँ. सं.). ललितपुर : साझा प्रकाशन ।

नेपाल, गोविन्द. २०३७. 'विजय मल्लको नाट्यकारिताको विश्लेषण र मूल्याङ्कन'. अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

———,————. २०४०. “विजय मल्लको भोलि के हुन्छ ? नाटक नेपालीमा नौलो प्रयोग”. **प्रज्ञा.** ( वर्ष १२ अङ्क ३, पूर्णाङ्की ४५ : माघ, फागुन, चैत्र), पृ. २२-३१ ।

पाण्डेय, जगदानन्द. १९६३. **सामाजिक मनोविज्ञान**. वाराणसी : तारा पब्लिकेशन्स ।

पोखरेल, मेनुका. २०६९. ‘स्मृतिको पर्खालभित्र नाटकको कृतिगत अध्ययन’. अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

प्रधान, चैतन्य. २०६२. **विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग.** काठमाडौं : रिनू प्रकाशन ।

बराल, कृष्णहरि. २०६८. “कोही किन बरबाद होस : समस्याको समाधान”. **तन्नेरी.** (वर्ष ३३ अङ्क २, असोज-कार्तिक-मङ्सिर). पृ. २१९ ।

———,————. २०६९. **मनोविश्लेषण र साहित्य.** काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

भण्डारी, गोपालप्रसाद. २०५१. ‘भवानी भिक्षुका कथामा मनोविज्ञान’. अप्रकाशीत विद्यावारिधि शोधग्रन्थ नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

भण्डारी, बालकुमारी. २०६९. ‘कोही किन बरबादहोस नाटकको कृतिगत विश्लेषण’. अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

मल्ल, विजय. २०४०. **मानिस र मुकुण्डो.** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

———,————. २०४०. **स्मृतिको पर्खालभित्र.** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

———,————. २०६८. **भोलि के हुन्छ** ? (पाँ. सं.). ललितपुर : साझा प्रकाशन ।

रेग्मी, मुरारीप्रसाद. २०४१. “स्मृतिको पर्खालभित्र नाटकमा मनोविश्लेषण”. **प्रज्ञा.** (वर्ष १३ अङ्क १ पूर्णाङ्की ४७). पृ. २८-३२ ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा. २०६७. **शिक्षा मनोविज्ञान.** काठमाडौं : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स प्रकाशन ।

श्रेष्ठ, विमला. २०७०. ‘विजय मल्लका पूर्वाद्ध चरणका नाटकमा असामान्य मनोविज्ञान’. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

सापकोटा, राधिका. २०६९. ‘पत्थरको कथा एकाङ्की सङ्ग्रहका नाट्यकृतिको कृतिगत विश्लेषण’. अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि. ।

सुवेदी, राजेन्द्र. २०६८. **नेपाली समालोचना : परम्परा र प्रवृत्ति.** काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।